
# इन्दुल के.सी.
# व्यक्ति एक दृष्टि अनेक



**डा. इन्दुल के. सी.**

Scanned with CamScanner
CamScanner

# इन्दुल के.सी.
# व्यक्ति एक दृष्टि अनेक

डा. इन्दुल के.सी.
(स्वामी इन्दुनाथ झा)

Scanned with CamScanner

| | |
|---|---|
| लेखक एवं संग्रहकर्ता | : डा. इन्दुल के.सी. (९८४१३३४११३, ६६१०७४७) |
| कृति | : **इन्दुल के.सी. व्यक्ति एक दृष्टि अनेक** |
| विधा | : जीवनी तथा व्यक्तित्व परिचय |
| प्रकाशक | : श्रीमती सावित्री के.सी.(राणा) |
| संस्करण | : प्रथम |
| सर्वाधिकार | : लेखकमा सुरक्षित |
| प्रकाशित समय | : २०७४ |
| सम्पर्क | : श्रीमती रजनी के.सी. (मानन्धर) ९८४१२५७६२७ |
| कम्प्यूटर ले-आउट | : पुण्यवती बलामी |
| आवरण कला | : सृजना के.सी. पौडेल |
| छापिएको प्रति | : १००० प्रति मात्र |
| मूल्य | : रू.५००।- सय |
| मुद्रण | : गृष्मा ग्राफिक प्रेस, बागबजार |
| ISBN | : 978-9937-0-2954-4 |

## DR.INDUL K.C. BYAKTI EK, DRISTI ANEK

A Collection of Articles
By Various Writers
and Dr. Indul K.C.

Scanned with CamScanner

# समर्पण !

मलाई जन्म दिई मायालु वातावरणमा लालनपालन गरी हुर्काउनुको साथै शिक्षा, दीक्षाको बाटोमा दोऱ्याई कर्मक्षेत्रमा लगाउने **स्व. पिता श्री केदारनाथ झा, ममतामयी माता स्व. शेरकुमारी (कान्छी) झा-के.सी.** प्रति तथा सम्पूर्ण ज्ञात अज्ञात नेपाल आमाका सपूत सहिदहरू प्रति नतमस्तक भई यो पुस्तक समस्त पाठक वर्ग प्रति सादर समर्पण गर्दछु ।

**-डा. इन्दुल के.सी.**



स्व. पिता केदार नाथ झा        स्व. माता कान्छी झा

Scanned with CamScanner

# प्रकाशकीय



**सावित्री के.सी**
**भक्तपुर न.पा.-४, मंगलाछें**

मेरा पति डा. इन्दुल के.सी.को व्यक्तित्व बारे नेपालका लब्धप्रतिष्ठित शताब्दि पुरूष डा. सत्यमोहन जोशीज्यू लगायतका विद्वान लेखकज्यहरूले लेख्नु भएका रचनाहरू तथा डा. इन्दुल के.सी.ज्यू स्वयमका रचनाहरू समेत संलग्न गरी-**'डा. इन्दुल के.सी. व्यक्ति एक दृष्टि अनेक'** नामको यो पुस्तक मैले प्रकाशन गर्न पाएकोले मलाई ज्यादै खुशी लागेको छ ।

मेरा ममतामयी पिता व्रि.जर्नेल स्व. श्री लक्ष्मी समशेर ज.ब राणाज्यू तथा माता स्व. श्रीमती विष्णुकुमारी राणाज्यूको कोखबाट जन्मिई उहाँहरूको लालन पालनमा म हुर्के ।

हिन्दु संस्कार-वैदिक विधि अनुसार मलाई श्री इन्दुल के.सीज्यूसँग विवाह गरी दिनु भयो । हाल म ७२ वर्षकी, २ छोरीहरू एकजना छोरा तथा ५ जना नातिनातिनीहरूको हजुर आमाको रूपमा वृद्धा अवस्थामा घरगृहस्थी सञ्चालन गरिरहेकी छु । यो पुस्तरक प्रकाशनार्थ मेरी जेठी छोरी रजनी, छोरा उज्ज्वल, कान्छी छोरी सजनीको सहयोगबाट यस पुस्तकलाई प्रकाशन गर्न पाएकोमा म खुशी छु ।

मेरी बुहारी सिर्जना के.सी. (पौडेल) ले यो किताबको आवरण चित्र तयार गरिन् । यसरी पुस्तक तयार गर्न विद्वान लेखकहरूले आ-आफ्नो लेख, रचना दिनुहुने र आर्थिक सहयोग दिने मेरा सन्ततिहरू, आवरण चित्र तयार गर्ने मेरी बुहारी तथा यो किताब तयार गर्न भाषागत शुद्धाशुद्धी कार्यमा सहयोग गर्ने श्री तारा सुवेदी अनि टाइप गरी सहयोग गर्नुहुने सुश्री पुण्यवती बलामी सबैलाई म यथोचित आभार तथा धन्यवाद ज्ञापन गर्दछु ।

CamScanner

# मेरो भनाइ

यस पुस्तकका पाठकहरू एवं सम्पूर्ण नेपालीहरूमा बडा दशैं २०७४, शुभ दिपावली २०७४ तथा ने.सं. ११३८ (न्हुदँ) को पावन अवसरमा मङ्गलमय हार्दिक शुभकामना व्यक्त गर्दछु। यो किताबको लागि आ-आफ्नो अमुल्य रचना प्रदान गर्नु हुने सबै लेखकहरूप्रति आभार एवं नमण गर्दछु।

म हाईस्कूलको विद्यार्थी छँदा २०४-१५ सालदेखि नै कविताहरू लेख्ने र सोही बेला देखि विभिन्न पत्रपत्रिकाहरूमा मेरा रचनाहरू प्रकाशित हुने गदर्थ्यो। तर पुस्तकको रूपमा २०६५मा मात्र **भुईंचालो** कविता संग्रह स्रष्टा समाज नेपालले प्रकाशित गरेको थियो। मेरो दोस्रो पुस्तकको रूपमा आज पाठकहरूको समक्ष यो प्रकाशित हुन पाएको छ। यसमा विभिन्न लब्ध प्रतिष्ठित साहित्यिक, भुगोलविद्, संगीतज्ञ, प्रोफेसर, चिकित्सक, डाक्टर, कविराज, प्रशासक, पत्रकार, इतिहासविद्, महात्मा, स्वामी लगायत विविध क्षेत्रका लेखकज्यूहरूले आ-आफ्नो रचनाहरू मार्फत मेरो व्यक्तित्व, क्रियाकलाप, बानी व्यहोराबारे सकारात्मक र केही आलोचनात्मक टिप्पणी गर्नु भएका छन्। यी सबैलाई मैले सहस्र स्वीकारेको छु। यसैले यस पुस्तकको नाम **'डा. इन्दुल के.सी. व्यक्ति एक दृष्टि अनेक'** रहन गएको छ। यसमा मेरा केही रचनाहरू पनि समावेश भएका छन्। मेरा कमीकमजोरीहरूलाई उजागर गरी दिनुभएको कुराहरूलाई मार्ग निर्देशकको रूपमा लिएको छु। अध्यारो रातलाई चिरेर सर्वत्र उज्यालो छर्ने चन्द्रमामा पनि दाग लागेको छ भन्ने भनाई हाम्रो समाजमा नभएका होइनन्।

**कर्मण्ये वाधि कारस्ते मा फलेषु कदाचना।**
**मा कर्म फल हेतुर्भूर्मा ते सङ्गोऽस्त्वकर्माणी॥**

*(गीता २।४७)*

म कर्ममा विश्वास गर्छु। मेरो शारीरिक र मानसिक अवस्थाले साथ दिएसम्म केही न केही रचनात्मक कार्यहरू गरिरहने मेरो बिचार छ। कर्म गरी फलको आश नगर्नु भनी गीताले भनेतापनि मबाट समाजसेवामा गरिएका

Scanned with CamScanner

कामहरूको अरूले जश नदिएता पनि उल्टो अप्जश पाउँदा मन अलि दुख्छ । शायद यो मेरो कमजोरी हुनुपर्छ ।

यहाँ मलाई निम्न भनाई उद्द्रित गर्न मन लागेको छ ।

**'जे जति छ यहाँ सबै तिम्रो रचना**

**गर्छु अर्पण म सबै तिम्रै पाउमा ।'**

***साभार: भगवद गीता (The Song Suprem)-डा. भूचन्द्र वैद्य***

यो किताब तयार गर्न वरिष्ठ आख्यानकार तथा मूर्धन्य साहित्यकार श्री परशु प्रधानज्यूले मलाई उत्प्रेरित गरी आवश्यक सरसल्लाह प्रदान गर्नु भएको छ । साथै यस किताबको भाषागत शुद्धाशुद्धी गर्नुको साथै किताबलाई सम्पादन गरिदिनुभएको छ । यस कारण म उहाँप्रति आभार व्यक्त गर्दछु ।

अन्तमा किताब प्रकाशनको लागि मेरी श्रीमती सावित्री के.सी. राणा, छोरीहरू रजनी, सजनी र छोरा उज्वल के.सी.समेतले आवश्यक आर्थिक भार वहन गरेका छन् । उनीहरू सबलाई धन्यवाद दिन चाहन्छु ।

**डा.इन्दुल के.सी.**

**भक्तपुर न. पा.-४, मंगलाछैं**

**९८४१३३४११३**

**२०७४ श्रावण**

CamScanner

# विषय सूची

| शिर्षक | लेखक | पेज |
|---|---|---|
| दुई थुँगा फूल | सत्यमोहन जोशी | ९ |
| **अध्याय-एक** | | **११** |
| **विविध क्षेत्रका विशिष्ठ लेखकहरूको दृष्टिकोणमा इन्दुल** | | |
| डा.इन्दुल के.सी. | आचार्य श्री ओशो पथिक | १३ |
| डा. इन्दुल के.सी.को पुर्खौली ...... | ओम धौमडेल | १५ |
| सर्वप्रतिभाका धनी डा. इन्दुल के.सी. | के.वि सम्राट | २० |
| डा इन्दुल के.सी. मेरो दृष्टिमा | स्वामी कल्याण मित्र | २३ |
| डा. इन्दुल के.सी.को सामाजिक जीवन...... | केशवराज राजभण्डारी | २६ |
| डा. इन्दुल के.सी. बारे मलाई लागेका कुरा | कृष्णलाल प्रधान | ३० |
| डा. इन्दुल के.सी. को प्रतिभालाई एक ...... | टीका ढुंगेल | ३१ |
| समाज-सेवी व्यक्तित्व डा. इन्दुल के.सी. | टीकाराम अर्याल | ३३ |
| सङ्गीत झै स्वच्छ डा. इन्दुल के.सी.(झा) | प्रो. श्रीराम आचार्य | ३६ |
| मेरो साथी डा. इन्दुल के.सी. | चन्द्रमान प्रधान | ३९ |
| मात्र इन्दुल के.सी. इन्दुल के.सी मात्र | तेजेश्वर बाबु ग्वगः | ४२ |
| डा. इन्दुल के.सी. वारे मेरो बिचार | स्वामी धर्म महारस | ४५ |
| बहुमुखी व्यक्तित्वका धनी डा. इन्दुल के.सी. | परशु प्रधान | ४८ |
| डा.इन्दुल के.सी. वारे मेरा दुई चार कुरा | पवन आलोक | ५२ |
| मेरा केही धारणा डा. इन्दुल के.सी.प्रति | प्रचण्ड मान श्रेष्ठ | ५५ |
| मेरो आँखामा डा. इन्दुल के.सी. | प्रेमकृष्ण ताम्राकार | ६० |
| मेरा सहयात्री डा. इन्दुल के.सी. | प्रेमप्रकाश फलाहारी | ६२ |
| बहुआयामिक व्यक्तित्वः डा. इन्दुल के.सी. | विनोद खनाल | ६५ |
| दौडेर नथाक्ने इन्दुल | बुद्धिनारायण श्रेष्ठ | ६९ |
| कला संस्कृतिका अनुभवि-डा. इन्दुल | भरतमणि जङ्गम | ७५ |
| अविश्रान्त चलिरहने एउटा घडी | महेन्द्र गोपाल कर्माचार्य | ८० |

CamScanner

| | | |
|---|---|---|
| मेरो मान्यता | राजु मृगेन्द्र जोशी | ८४ |
| डा. इन्दुल के.सी.बाट मेरा सिकाइहरू | राम प्रसाद शर्मा | ८६ |
| मेरा गुरूभाइ-डा. इन्दुल के.सी. | महात्मा सुशील | ८९ |
| डा. इन्दुल व्यक्ति एक रूप अनेक | पं.हृदयप्रसाद मिश्र | ९२ |

**अध्याय-दुई** **९५**

**मेरो जीवनयात्रा र मेरा केही लेख, रचनाहरू**

| | | |
|---|---|---|
| वंशावली तालिका | | ९७ |
| मेरो यस धरामा प्रवेश | डा. इन्दुल के.सी. | ९८ |
| मेरो बुबा डा. इन्दुल के.सी. | श्रीमती रजनी के.सी. | १०१ |
| संङ्गीतमय आध्यात्मिक भक्ति संसार | डा. इन्दुल के.सी. | १०५ |
| मेरो जीवनको एक दिन | डा. इन्दुल के.सी. | १०८ |
| महाभुकम्पको अनुभव | डा. इन्दुल के.सी. | ११३ |
| श्री वाराही पीठ विकास समिति ....... | डा. इन्दुल के.सी. | ११६ |
| योगका विविध आयाम | डा. इन्दुल के.सी. | १२० |
| सम्पत्ति विवरण | डा. इन्दुल के.सी. | १२३ |
| पशुपति आर्यघाटमा उठेका प्रश्न | डा. इन्दुल के.सी | १२४ |
| व्यापारी | डा. इन्दुल के.सी | १२५ |
| चुनावी भैलो | डा. इन्दुल के.सी | १२६ |
| नुगः खँ | डा. इन्दुल के.सी | १२७ |

**अध्याय-तीन** **१२९**

**विविध भाषाका लेख तथा ऐतिहासिक फोटोहरू**

| | | |
|---|---|---|
| जिं स्यूगु व जिगु मिखां खंगु | गोविन्द ताम्राकार | १३१ |
| जिं म्हस्यूम्ह इन्दुल के.सी. | पशुपति मान पमां | १३५ |
| Dr. Indul KC – a Karmayogi and ...., | Malay Sinha | १३९ |
| DR. Indul K.C. - A Man of Action | Gyanendra Mocktan | १४१ |
| फोटोहरू | | १४५ |


CamScanner

कविता

# दुई थुँगा फूल

## (मेरो नजरमा डा. इन्दुल के.सी.)



**सत्यमोहन जोशी**
**सँस्कृतिविद्**

विविध भाषाका ज्ञाता
मातृभाषाका पूजारी ।
विविध उपचारका ज्ञाता
विकल्पका प्रयोगवादी ।
सच्चा समाजसेवी ।
बहुमुखी प्रतिभाका धनी
डाक्टर इन्दुल केसी ।

२

भजन कीर्तनका गायक
कविता आदिका लेखक ।
कलाकृति र संस्कृतिका
अनन्य भक्त साधक ।
सरल स्वभावका मृदुभाषी
क्रियाकर्ममा परोपकारी ।
व्यक्ति एक प्रतिभा अनेक
डाक्टर इन्दुल केसी

*(साभार: राष्ट्र संरक्षण साप्ताहिक, वर्ष १, अंक २६ बाट)*



Scanned with CamScanner

# अध्याय-एक

## विविध क्षेत्रका विशिष्ठ लेखकहरूको दृष्टिकोणमा इन्दुल



Scanned with CamScanner

# डा.इन्दुल के.सी.



**आचार्य श्री ओशो पथिक**
**सतुंगल, काठमाडौं**

इन्दुल के.सीज्यू एक कुशल इमान्दार तथा कर्तव्यनिष्ठ कर्मचारी हुनुहुन्थ्यो। उहाँ सँगको मेरो पहिलो भेट २०५२ सालमा भएको थियो । सेवा निवृत्त भए पश्चात प्राकृतिक चिकित्सा, योग र अध्यात्म मार्गमा लागेका हुनुहुन्छ। समाज सेवक भएकोले एक कुशल समाज सेवकको रूपमा पनि परिचित हुनु हुन्छ । हसिला, मिजासिला मिली जुली काम गर्ने, जानेको सिकाउने, नजानेको सिक्ने, अनौठो गुणका धनी हुन्छ । उहाँ आफ्नो टोल छिमेकमा परिआएको समस्यालाई अगुवा भई अगाडी आई समस्याको समाधान खोज्नु हुन्छ, सेवा निवृत्त भए पश्चात आफ्नो जीवनको अनुभव आफू भन्दा सानालाई दिनुका साथै समाजमा राम्रो काम गर्नु पर्छ, जीवनमा केही बन्नु पर्छ भन्दै उपदेश दिनु हुन्छ ।

उहाँको प्राकृतिक उपचार गर्ने शैलीबाट म अत्यन्त प्रभावित छु । उहाँ प्राकृतिक रूपबाट नै प्रायः रोगहरूको उपचार गराउन महारथी हुनुहुन्छ । उहाँले पथिक हेल्थ फाउण्डेशनका (अद्वैतमार्ग-बागबाजर) संस्थापक निर्देशक भई काम गर्नु भएको थियो ।सो अवधिमा स्वास्थ्य क्षेत्रमा हामीहरूले प्राकृतिक चिकित्सा क्षेत्रका विभिन्न क्रियाकलापहरू जस्तो प्राकृतिक उपचार, योग, ध्यान, रेकी, चुम्बकीय उपचार लगायतका विविध माध्यमहरूद्वारा विभिन्न क्रियाकलाप एवं प्रशिक्षणहरू प्रदान गरेका थियौं ।

उहाँले पथिक हेल्थ फाउण्डेशनको प्रकाशन पुनर्यौवन (Rejuvination)पत्रिकाको प्रधान सम्पादक भएर सम्पूर्ण कामहरू एक रूपैया पनि नलिई, शारीरिक र मानसिक रूपले र निश्वार्थ भावनाले सहायता गर्नुभएको



CamScanner

थियो। उक्त पत्रिकाको माध्यमबाट नेपालका स्वनामधन्य विशेषज्ञ डाक्टरहरूसँग विभिन्न अन्तर्वाताहरूको माध्यमबाट जीवनमा योग र ध्यानको महत्व, विभिन्न कार्यहरूलाई ज्ञान गराउने पुनितकार्यलाई सदा अगाडी बढाइरहनु भयो। उहाँ विभिन्न सामाजिक क्षेत्रमा आफूले जाने बुझेको कार्यमा अझै पनि सर्मपित हुनु हुन्छ।

उहाँ प्रकृति प्रेमी, गहन अनुसन्धानकर्ता, समाजसेवी भएकाले, देशको राजनीतिमा चासो राख्नुहुन्न। पथिक हेल्थ फाउण्डेशनबाट उहाँले विभिन्न क्षेत्रमा नि:शुल्क स्वास्थ्य शिविर आयोजना गरी समाजमा रहेका असाहय, गरिबी र अपाङ्गलाई नि:शुल्क उपचार दिई, स्वास्थ्य उपचारबाट कोही बञ्चित नहुन भनी यस्ता शिविर आयोजना गरिराख्नु हुन्छ। उहाँको यस्ता कार्यको वर्णन गर्ने मेरा शब्दहरू अपूरा छन्। सादा जीवन उच्च विचार राख्ने व्यक्तिका बारेमा केही भन्न, लेख्न पाउँदा आफूलाई गर्व महसुस गर्दछु। ईश्वरसँग उहाँको उत्तरोउत्तर प्रगतिको प्रार्थना गर्दछु।

■■■



CamScanner

# डा. इन्दुल के.सी.को पुर्खौली इतिहासबाट नियाली हेर्दा



**ओम धौमडेल**
**संस्कृतिविद्, भक्तपुर**

एउटै मान्छे, समय फरक, समाजले चिन्ने रूप फरक मान्छे उही, अनुहार उही, पोशाक फरक लगाए झैं । ठाउँ उही, भौतिक संरचना उही, परिवर्तित समय काल ऋतु अनुसार कहिले घाम, कहिले पानी, कहिले हावाहुरी, कहिले बदली भए जस्तै । सर्न्दभ नामको छ । हिन्दु संस्कार अनुसार मान्छेको कम्तिमा दुईवटा नाम हुँदो रहेछ । एउटा जन्मेदेखि आमा वावुले जुराइदिएको नाम, अर्को त्यो भन्दा पहिले नै ज्योतिष बाजेले ग्रह नक्षत्र हेरेर चिनामा जुराइदिएको नाम । तर यो दुईवटा नाम बाहेक पनि मान्छेको अर्को एउटा नाम हुन्छ जसलाई बेनाम वा उपनाम पनि भनिन्छ। चिनाको नाम त त्यति सारो लिने चलन छैन। आमाबुवाले दिएको मृत्युसँगै आफ्नो नाम पनि लिएर जान्छ । त्यसमा थोरैको नाम युगौ युगसम्म पुज्य हुन्छ। अमर हुन्छ। तर त्यसको लागि उसले धेरै चीज गुमाएको हुन्छ । त्यसो त मानिसको जीवन कर्कलोको पात माथिको पानी हो । जुनसुकै बेला पातबाट झर्न सक्छ । मानिस पनि बाँचुञ्जेल सुखको खोजीमा हुन्छ । आराम, ऐश खोज्छ । धन खोज्छ । यो संसारकै नियम हो । खान, लाउन मोजमस्ती त सवैले आ-आफ्नो गच्छे अनुसार गरेकै हुन्छ। तर यहाँ फेरि नामकै कुरा आउँछ । यसै सर्न्दभमा मेरो मानसपटलमा बराबर एउटा नाम आउँछ **डा. इन्दुल के.सी.** । शुरूमा मैले यो नाम सुन्दा मलाई के लागेको थियो भन्ने उहाँ अवश्य महिला हुनुहुन्छ होला। वास्तविक नाम **'इन्दु'** होला। मान्छेले एउटा थपि इन्दुल बनेको होला । तर मेरो यो भ्रम धेरै टिकेन । **उज्ज्वल के.सी.** मेरो



Scanned with CamScanner

एक आत्मीय मित्र पछि थाहा पाएँ आफ्नै साथीको बुवा रहेछ । सजनी के.सी., इन्दुल के.सी. की कान्छी छोरी, सजनी सँगै एउटै कार्य क्षेत्रमा सँगै ५ वर्ष भन्दा बढी कार्य गरेको नाताले त उहाँसँग मेरो अत्यन्त नजिकको सम्बन्ध छ । **रजनी के.सी.** उहाँकी जेठी छोरी, जहाँ भेटेपनि 'दिदी' शब्द मुखबाट प्रस्फुट भैसकेको हुन्छ । यसरी **रजनी, उज्ज्वल** एवम् **सजनी**को बुवाको नाताले उहाँ मलाई बुवा भैँ लाग्छ । अलि अलि कालो अनुहार, ठिक्कको जिउडाल, बाटोमा भेट्दा चिनेकालाई भट्टै बोलिहाल्ने बानी, बढी ख्याल ठट्टा गर्न मन पराउने, यस्तै यस्तै बानी बेहोराका उहाँ कहिल्यै चुप लागेर बसेको देखेको छैन । विहान पख घरको लागि आवश्यक दुध, तरकारी लगायत पत्रपत्रिका जस्ता सामान दुई हात भरि बोकी पशुपतिको जात्रा सिद्राको व्यापार भन्ने भैँ विभिन्न देवदेवीको दर्शन प्रभात कालीन हिडाँइ सँगसँगै सकाउने बानी पहिले देखि थियो, आजपर्यन्त छँदैछ । दिउँसो प्राय एउटा हातले चिन्तामुनि भोला लिई यत्रतत्र गैरहेको, व्यस्त भैंरहेको भेटिन्छ । कहिलेकाहीँ लाग्छ, उहाँ किन यसरी लागिपरेको ? उहाँलाई के चिज पुगेन ? रिटायर सरकारी अफिसर, पुर्ख्यौली सम्पत्तिको मालिक, सानो सुखी परिवार, उहाँलाई केही चिजको खाँचो छैन । तैपनि उहाँको व्यस्तता, तपस्या, परिश्रम, लगाव देख्दा अभ्र धेरै चिज पाउन लालायित छ भन्ने अनुमान गर्न सक्छ । संभवत त्यो चिज त्यही नाम हो कि ?

यदि नामकै कुरा गर्ने हो भने उहाँ एउटा दुईवटा क्षेत्रमा मात्र हैन थुप्रै क्षेत्रमा जानिफकार भैसकेका व्यक्तित्व हुन् । कुशल प्रशासकको रूपमा, कानुनी ज्ञाताको रूपमा सामाजिक अगुवाको रूपमा, योग चिकित्साका विधावारिधि प्राप्त व्यक्तित्वको रूपमा यस्तै यस्तै मैले थाहा नपाएका अरू थुप्रै क्षेत्रहरूमा सुपरिचित व्यक्तित्व हुनुहुन्छ । यस अर्थमा उहाँले जतिपनि क्षेत्रमा हात हाल्नु भयो, सफल हुनु भएको छ । आफ्नो दखल भएको विषयमा कहिल्यै चुप लागेर हात बाँधेर बस्ने चलन उहाँमा छैन । उहाँले टच गर्नु भएको विभिन्न क्षेत्रहरू मध्ये यहाँको कला संस्कृतिको उत्थानको लागि गर्नु भएको कार्यले मेरो मानसपटलमा उहाँको नाम बरोबर आइरहन्छ ।

भक्तपुर जस्तो कला संस्कृतिले धनी नगरको प्रशस्त मूर्त सम्पदाहरू त छदैंछन् । यहाँको दाफा भजन, धल्चा भजन, रास भजन जस्ता अमूर्त सम्पदाहरूले भक्तपुर विश्वमै नामी छ । एउटै सानो नगरभित्र दुईसय भन्दा



Scanned with CamScanner

बढी यस्ता सांस्कृतिक भजन टोलीले यो नगर कति धनी रहेछ, सांस्कृतिक स्तर मापन गर्छ । यसमा विशेष गरि यहीकै रैथाने किसान वर्गको भूमिका विशेष छ । भक्तपुर वडा नं. १ देखि १७ सम्मका टोल, चोक, गल्ली, ननी, बहा, बहाल पाटी, सत्तल, द्यःछे, दबु आदि ठाउँहरूमा साँझ विहान घन्किने यस्ता सांस्कृतिक समूहमा वडा नं. ४ नासमनाको बलंपुलीको श्याम सुन्दर रास भजन पनि एक हो । उक्त भजन मण्डलमा हातमा हार्मोनियमको तालसँग सुर भर्दै भजन गर्ने एक व्यक्तित्व उहाँ पनि हुनुहुन्छ । भजनप्रतिको उहाँको यो लगावले हो कि भक्तपुरको सबै दाफा, धल्चा रास भजनको विकासको एवम् संरक्षणको लागि उहाँ कला संस्कृति भजन महागुठी जस्तो संस्थामा दिनरात लागिपर्नु भएको छ । उनै कला संस्कृति महागुठीले केही समय पहिले भक्तपुर वडा नं. १६ दुमलाचामा भजन प्रतियोगिताको प्रमुख अतिथीको रूपमा आफू मन्चमा बसेको क्षण सम्झिदा आफूलाई अझै गर्व महशुस हुन्छ । त्यसो त मलाई कुनै भजन, तबला, हार्मोनियमको ज्ञान छैन । तर एकजना संस्कृतिकर्मीको नाताले आफूले पाएको त्यो सम्मान पछाडि उहाँको ठूलो भूमिका छ । उहाँमा जसरी हुन्छ, भक्तपुरका यी सांस्कृतिक मण्डलको संरक्षण र सम्बर्धन गर्नुपर्छ भन्ने मान्यता छ । यही सोचले उहाँ अझै लागिपर्नु भएको छ । केही समय अगाडी मात्र नेवा कला संस्कृति प्रतिष्ठानको संस्थापक अध्यक्ष भई संस्था विधिवत स्थापना मात्र गर्नु भएन, दशैंको पहिलो दिन भक्तपुरका ४६ वटा भन्दा बढी वाद्य टोलीहरूको एउटा सांस्कृतिक र्‍याली समेत बडो गजबका साथ भक्तपुरको व्रम्हायणी पीठ देखि दरवार क्षेत्रसम्म भिन्तुना भयो । यसबाट उहाँमा भएको व्यवस्थापनको क्षमता आकँलन गर्न सक्छ । वास्तवमा यो गुण उहाँको  रगतमै लुकेको छ । उहाँको रगतको कुरा गर्ने समयमा उहाँका पूर्वजका रगतवारे पनि केही खोतल्नु जरूरी हुन्छ । यो भनेको कुनै समय मिथिलाबाट भक्तपुरमा बसाइँ सरेका पूर्वजहरूको इतिहास हो । आफू इतिहासका जिज्ञासु विद्यार्थीको नाताले हरहमेशा यस्तै यस्तै विषय वस्तुमा अध्ययन अनुसन्धान गर्न मन पराउँछु । यसको अर्थ कसैको आँगन खोतल्नु होइन । मैले यो दुस्साहस गर्न सक्दिन । तर उहाँका पुर्वजहरूको इतिहास उहाँको मात्र इतिहास होइन, समग्र भक्तपुरको इतिहास हो । नेपाल मण्डलको इतिहास हो । तसर्थ नेपाल मण्डलको एकताकाको इतिहासको विषयमा थोर वहुत जानि राख्न उहाँको पुर्वजको इतिहास लाभप्रद हुन आउँछ । यसमा नेपाल



Scanned with CamScanner

मण्डलको एक नगर भक्तपुरको स्थापना लिच्छवी राजा आनन्ददेवले गरे जस्तै सिम्रौन गढको स्थापना डोय नान्यदेवले गरेको इतिहास छ । उनै नान्यदेवले कहिले आकमण गरेर होस वा सन्धी सुलह गरेर नेपाल मण्डलसँग नजिक भएको इतिहास छ। सिम्रौनगढका अन्तिम शासक हरिसिंह देवको समयमा उनका मन्त्री चण्डेश्वले कयौं पटक भक्तपुरमा आई आक्रमण गरेको छ। उनै हरिसिंहदेव सँग यहाँकी राजकुमारी देबलदेवीको विवाह भएबाट नेपालमण्डल र डोयराज्य बिच अत्यन्त नजिकको सम्बन्ध रहेको पुष्टी हुन्छ। ने.स. ४४३ मा मुसलमानहरूको आकमण पछि आफ्नो इष्टदेवी तुलजा भवानीका साथ राजपरिवार, मन्त्री, भारदार हरूको आश्रय स्थल भक्तपुर बने। मिथिलाका ब्राम्हणवर्गको शुरूमा न्याय श्रेत्रमा दखल थियो । मैथिल विद्वान एवम् मन्त्री चण्डेश्वरबाट लिखित न्यायविकासिनी ग्रन्थबाट प्रभावित मैथिल ब्राम्हणको रगतमा न्याय अर्थात कानुनी प्रभाव रहेको छ । उहाँमा देखिएको कानुनको फल पनि यसैको प्रभाव हो । त्यस्तै भाषा, साहित्य, संस्कृतिको उत्थानमा मैथिल ब्राम्हणहरूको योगदान वारे जानकार राख्न एक ताकाको भक्तपुरको मल्लकालिन इतिहासतर्फ फर्कनुपर्छ । मल्लकालमा देखिएका वंशमणी झा, रामचन्द्र झा, बीर नारायण, चन्द्र शेखर सिंह, काशीनाथ, गणेश झा, कृष्णदेव जस्ताको नाम आउँछ। यिनीहरू सबै मैथिल ब्राम्हण हुन् । यसमा मैले वंशमणी झा, चन्द्रशेखर सिंहको विषयमा सोध प्रकाशित गरिसकेको छु । यसमा अर्का मैथिल नाटककार गणेश झा को विषयमा अध्ययनरत छु । गणेश झा यही बलंपुलीका मैथिल ब्राम्हण हो, जो भूपतिन्द्र मल्ल एवम् रणजीत मल्लका समकालीन हुन् । भूपतिन्द्र मल्लले त गणेश झा लाई 'सुकबि' भनि सम्बोधन गरेको छ । एक ठाउँमा त भूपतिन्द्र मल्लले उनलाई 'मित' भनी सम्बोधन गरेको छ । उनै विभिन्न मैथिल ब्राम्हणहरूको यहाँको भाषा, साहित्य, संस्कृति उनत बनाउन ठूलो योगदान रहेको साक्षी इतिहास छ। भक्तपुरको दाफा भजनमा गाउने मैथिली , उर्दं, संस्कृत, बंगाली, बज्र भाषाका शब्दहरूले ओतप्रोत दाफा गीतहरू उनीहरूकै योगदानको उपज हो । उनै मैथिल ब्राम्हणहरूको रगतको गुण आज डा. इन्दुल के.सी. को रगतमा भेटिनु इतिहासको गहन अध्ययनबाट मात्र साबित हुन्छ। आज इन्दुलजी स्वयम भजनमा मस्त हुनुहुन्छ। बाद्यबादनमा मस्त हुनुहुन्छ। अनि उहाँ स्वयम कवि पनि रहेछ भन्ने तथ्य नेपालको



Scanned with CamScanner

जेठो साहित्यिक पत्रिका शारदामा उहाँको कविता पढेपछि थाहा पाँए । हालै ललितपुरमा नेपाल मण्डपद्वारा सम्पन्न दाफा भजन महोत्सवमा भक्तपुरका विभिन्न दाफा भजनहरूलाई सहभागी गराउन डा. इन्दुल के.सी.ले मलाई ठूलो सहयोग गर्नु भयो । यस सम्बन्धमा उहाँले ती सहभागि हुने सबै दाफा भजनहरूका प्रतिनिधीहरूलाई एकै स्थानमा भेला गराइ छलफल कार्यक्रम पनि सञ्चालन गर्नु भयो । यसरी उहाँले उक्त दाफा महोत्सवको लागि योगदान गर्नुभएको कुरा प्रशंसनिय छ । यो कुरा मेरो जीवनमा अविस्मरणीय रहने छ ।

■■■



Scanned with CamScanner

# सर्वप्रतिभाका धनी डा. इन्दुल के.सी.



**के.वि सम्राट**
**एस. एन. मिडिया तथा रिटायर्ड क्लव, नेपालका अध्यक्ष एवं राष्ट्र संरक्षण साप्ताहिकका प्रधान सम्पादक**

भक्तपुर जिल्ला भक्तपुर नगरपालिका वडा नं. ४ मङगलाछें टोलमा वि. सं. १९९८ साल मार्ग २७ गते माता शेरकुमारी झा तथा पिता केदारनाथ झाको कोखबाट सुपुत्रको रूपमा जन्मनु भएका डा. इन्दुल के.सी. असाध्यै मृदुभाषी, मिलनसार र सेवारत हुनुहुन्छ। म, मेरी बहिनी माता भद्रकाली काठमाण्डौंबाट डा. स्वामी विश्वासानन्दको आमन्त्रणमा भक्तपुर जिल्लाको पाँचतले मन्दिर-नजिक नारायणचोकमा रहेको पाहुनाघर सिद्धिलक्ष्मी गेष्टहाउसमा पुग्यौं। केही समयपछि हाम्रो परिचय आदानप्रदान भयो। परिचयकै क्रममा मैले उहाँको बारेमा बुझ्ने मौका पाएँ। उहाँ त असाध्यै हाँस्नुपर्ने र हसाई राख्नु पर्ने एक अविछिन्न योगी हुनुहुदोरहेछ। मैले उसैसमयमा ख्याल ठट्टासाथ हाँस्दै भने हजुर एक वृद्ध बालक हुनुहुन्छ। उहाँले जवाफ दिनुभयो हो म ७६ वर्षको ठिटो हुँ। डा. स्वामी विश्वासानन्दको उपस्थितिमा स्वामी विश्वासानन्द फाउण्डेशन बारेमा छलफल भयो। यस्तै क्रममा मैले पोखराको ॐ कैलाश शिव ढुङ्गा, शिव शक्ति महापीठ धामको विषयमा कुरा उठान भयो र त्यहांको विषयका कुराहरूको लगाव लागेर डा. इन्दुल के. सी. अवलोकन तथा दर्शनका लागि तयार हुनुभयो। हामी तीन मूर्तिले निर्णय लियौ र त्यस स्थानमा जाने निश्चित गर्‍यौं।

निश्चित गरेको दिन हामी चार मूर्ति म, डा. स्वामी विश्वासानन्द, डा. इन्दुल के. सी. अनि मेरा प्रिय मित्र प्रदिप गौतम माइक्रोबाट पोखरातर्फ हुइकियौं। बाटामा झनै रमाइलो भयो कि हामी एकआपसमा हाँस्दै र आ-आफ्ना कुराहरू



Scanned with CamScanner

पस्कदै पोखरा पुगेको समयको ख्यालै नगरी पोखराको पृथ्वीचोक बसपार्कमा पुग्यौं । त्यसपछि हामी ट्याक्सीको सवारमा पोखराको कृस्तिस्थित निर्माणाधिन हुँदै गरेको ॐ कैलाश शिवढुङ्गा शिवशक्ति महापीठ धामतर्फ लाग्यौं । बल्लबल्ल धाममा पुगियो र बेलुकाको समयमा मन्दिरको अवलोकन धामका अध्यक्ष एवं मन्दिरका परिकल्पनाकार तथा राष्ट्रगुरू योगी नरहरीनाथका शिष्य राजेन्द्र कुमार सुवेदीसँग गरियो । अवलोकनको क्रममा डा. इन्दुल के. सी. अध्यात्मिक भावनाले ओतप्रोत भएको महसुष भएको पाइयो । त्यसपछि विभिन्न क्षेत्रका निकै कुराहरू गरियो । भोलिपल्ट बिहान मन्दिरको पूजापाठकासाथ पुन: अवलोकनपछि हामी विशेष कार्यक्रमका लागि पोखरा शहरतर्फ लाग्यौं । अनि गुप्तेश्वर महादेव गुफा पत्ता लगाउने दैवज्ञ ज्योतिष श्री निरविक्रम पौडेलज्यू कहां पुगियो र उहाँसँग गुप्तेश्वर गुफाको अवलोकनकासाथ शिवजीको दर्शन गर्ने मौका पाइयो । केही समयको संवाद पछि हामी चार मूर्ति ॐ शान्तिको कार्यालय पोखराको नयाँ सडकतर्फ लागियो । त्यहां हामीले केही कुराहरू गर्ने अवसरसाथै हामी दुई मूर्ति डा. इन्दुल केसी र म अचानक स्वामी विश्वासानन्द फाउण्डेशनका लागि काठमाण्डौं तुरून्तै फर्कनुपर्ने भएकाले हवाई टिकटको व्यवस्था मिलाएर दु:ख सुखका साथ काठमाण्डौ आयौं । तत्काल हामी दुवै गौशालास्थित वेद वेद्याश्रमको प्रांगणमा फाउण्डेशनको विषयमा केही कुराहरूको रेखांकनसमेत गऱ्यौं । मेरो नजरमा डा. इन्दुल के.सी. एक महत्वाकांक्षी, स्वाभिमानी, स्पष्टवक्ता, सबै क्षेत्रका प्रज्ञाता, नयाँ कार्यक्रमका योजनाकार, घुमक्कड, योगी, ऊर्जावान, सर्वज्ञानी, उत्तरआधुनिक एवं वरिष्ठ समाजसेवी व्यक्ति हुनुहुन्छ ।

मेरो सम्पादनमा प्रकाशित राष्ट्र संरक्षण साप्ताहिक पत्रिकामा उहाँका **भुइँचालो** कविता संग्रहका धेरै समसामयिक कविताहरू छापियो । विभिन्न पाठकहरूबाट विभिन्न किसिमका क्रियाप्रतिक्रियाहरू पनि आए । जसले गर्दा उहाँलाई अझ चिन्ने मौका पाइयो । उहाँ त एक अविछिन्न साहित्यकार पनि हुनुहुदोरहेछ । विभिन्न संघ संस्थामा संलग्नता रहेका डा. के. सी. ले योग प्राकृतिक चिकित्सा रेकी (मास्टर), व्यवस्थापन विषयका प्रशिक्षक पनि रहनु भएको रहेछ । संयुक्त राज्य अमेरिका, बेलायत, फ्रान्स, जर्मनी, इटाली, स्वीट्जरल्याण्ड, जापान, ग्रीस, इजरायल, थाइल्याण्ड, हङकङ, भारतका विभिन्न



CamScanner

प्रान्तहरूको भ्रमण गरिसक्नु भएका के.सी. विभिन्न मुलुकका कानूनहरूका पनि ज्ञाता हुनुहुन्छ ।

एम. ए. बी. एल. त्रिभुवन विश्वविद्यालयबाट एवं बेलायतबाट पोष्ट ग्रयाजुएट (शिक्षा शास्त्र) गर्नुको साथै वैकल्पिक उपचार (Alternative medicine) विषयमा भारतबाट पी. एच. डी समेत गरीसक्नु भएका डा. इन्दुल के. सी. नेपाल बार काउन्सिल (ला. नं. ३२१) का अधिवक्ता पनि हुनुहुन्छ ।

यतिमात्र कहाँ हो र विभिन्न भजनसंग्रहका भजन गायकलगायत विभिन्न संघ संस्थामा संलग्न भई विभिन्न पदभार बोकी पदभारको जिम्मेवारी वहन गर्नसक्ने एक वफादारी व्यक्तित्वको हुनुहुन्छ । मङ्गल योग तथा प्राकृतिक उपचार केन्द्र भक्तपुरका संस्थापक अध्यक्ष, कला सँस्कृति भजन महागुठी भक्तपुरका संस्थापक अध्यक्ष, श्री बाराही पीठ विकास समिति भक्तपुरका अध्यक्ष, विभिन्न संघसंस्था एवं योग तथा प्राकृतिक चिकित्सा केन्द्र भक्तपुरका सल्लाहकार, राष्ट्र संरक्षण साप्ताहिकका सल्लाहकार, रिटायर्ड क्लव नेपालका आजीवन सदस्य, स्रष्टा समाज नेपालका आजीवन सदस्य, व्यवस्थापन तालिम अनुसन्धान केन्द्र (MTRC)का प्रथम निर्देशक एवं पथिक हेल्थ फाउण्डेशन काठमाडौंका प्रथम निर्देशक पनि हुनुहुन्थ्यो । तत्कालीन श्री ५ को सरकारको राजपत्राङ्कित द्वितीय श्रेणीमा विभिन्न मन्त्रालय विभागहरूमा लामो समयसम्म (३० वर्ष) उपसचिव, निर्देशक, स्थानीय विकास अधिकारी आदि पदमा रही हाल सेवा निवृत्त हुनुहुन्छ ।

डा. के.सी. वि. सं. २०१५ सालदेखि सहित्यक्षेत्रमा लागि विभिन्न कृतिहरू रचना गर्दै आउनुभएको छ । उहाँले प्रथम विराट नेपाल भाषा साहित्य सम्मेलनको कवितातर्फ प्रथमस्थान ल्याउनुभएका के.सी व्यक्ति एक प्रतिभा अनेक हुनुहुन्छ ।


अन्त्यमा लेखक, कवि, समाजसेवी, सल्लाहकार, संस्थापक, पत्रकार, अधिवक्ता लगायत सबै क्षेत्रका प्रतिभाका धनी डा. इन्दुल के. सी. जीवन्त विविधता तत्वहरूद्वारा परिष्कार र परिमार्जन गर्न सक्ने प्रतिभाका धनीका कृतिमान बन्दै जान म भगवानसंग प्रार्थना गर्दछु ।

■■■



Scanned with CamScanner

# डा इन्दुल के.सी. मेरो दृष्टिमा



**स्वामी कल्याण मित्र**
**अध्यक्ष विश्वशान्ति ध्यान केन्द्र, नेपाल**

मेरा परमपूज्य सद्गुरू महर्षि श्री १००८ स्वामी सच्चिदानन्द विशुद्ध देव महाराजजीको महाअभियानलाई अव विश्वसामु पुऱ्याउन विश्व शान्ति महाअभियानको रूपमा परिणत भएको छ। अर्थात यस तपोभुमि नेपालबाट अब विश्व शान्ति महाअभियानको जन्म भएको छ । यस महान पवित्र कार्यलाई सिद्ध गर्न अब मेरो साथ डा. इन्दुल के.सी. लागिरहनु भएको छ। स्वामी इन्दुलज्यूले अहम भूमिका निभाइ रहनु भएको छ।

अध्यात्म मार्गमा लागेर मैले २८ वर्ष बिताइसकेको छु। यस दौरानमा मेरा सम्पर्कमा हजारौं व्यक्तिहरू आइसकेका छन् र सयौं जनाले मबाट शिक्षा दिक्षा प्राप्त गरिसकेका छन्। अधिराज्यको पूर्व मेची देखि पश्चिम महाकालीसम्म पटक पटक यात्रा गरी ठाउँ ठाउँमा आश्रमहरू स्थापना गरी योग ध्यान सिकाउने गरी आएको छु। यस कार्यमा मेरा धेरै मित्र वर्गहरू सन्यासी, योग्याभ्यासीहरू पनि हुनुहुन्छ। त्यसमध्येका एक व्यक्ति डा. इन्दुल के.सी. पनि हुनुहुन्छ । हाल म काभ्रे जिल्ला साविक पनौती संखुमा विश्वशान्ति ध्यान केन्द्रको नामले आश्रम चलाइरहेको छु। यस केन्द्रका म स्वयम् सस्थापक अध्यक्ष छु भने डा. इन्दुल के.सी. यस केन्द्रका संस्थापक उपाध्यक्ष हुनुहुन्छ। यो संस्थामा स्थानीय समाजसेवी, विद्वानजन, काभ्रे-वनेपा, भक्तपुर, ललितपुर लगायत जिल्लाहरूका १३ जना कार्य समितिका सदस्यहरू हुनुहुन्छ । यस केन्द्रमा नियमित विभिन्न धार्मिक, सामाजिक, स्वास्थ्य, शिक्षा लगायतका कार्यक्रमको साथै पूजा, अर्चना, होम इत्यादि कार्यहरू सञ्चालन भइरहेको छ।



Scanned with CamScanner

यहाँ म डा. इन्दुलको व्यक्तित्व र कृतित्वको बारेमा केही चर्चा गर्न सान्दर्भिक ठान्दछु । सर्वप्रथम उहाँ पनि स्वामी विशुद्धदेवज्यूबाटै दिक्षित भएको नाताले हामी दुबै गुरूभाइको रूपमा छौं । आज भन्दा २० वर्ष अर्थात २०५४ सालदेखि मेरो र उहाँको बीच सम्बन्ध कायम भएको हो । त्यसबेला उहाँ भक्तपुरको एक समाजसेवी योगाभ्यासीको रूपमा भक्तपुर स्थित श्री वाराही पीठमा श्री विक्रम भक्त देउबन्जारको सक्रियतामा अनेकौं पटक स्वामी विशुद्धदेवज्यू र मलाई आमन्त्रित गरी योग, ध्यान, प्रवचन, छलफल, योग प्रशिक्षण कार्यक्रमहरू चलाइरहनु हुन्थ्यो । उहाँको क्रियाकलाप बारे मैले मात्र होइन स्वयम् स्वामी विशुद्धदेवज्यूले पटक पटक तारिफ गर्नु भएको थियो ।

त्यसबेला उहाँसँग भक्तपुरमा मात्र होइन काभ्रे जिल्ला जनागाल हंसदा आश्रमको विभिन्न कार्यक्रमहरूमा तथा पनौतीको आश्रममा सञ्चालित विभिन्न कार्यक्रमहरूमा उहाँले सक्रिय भाग लिइरहनु हुन्थ्यो । झापा जिल्ला धुलावारी स्थित त्रिफला राष्ट्रिय पुस्तकालयको अध्यक्ष श्री प्रेम प्रकाश फलाहारी बाबाको निम्तोमा हामी दुवैजना त्यहाँ पुग्यौं । २०७२ साल वसन्त पञ्चमीको दिन त्यहाँ भएको विशेष पूजा, साहित्य सम्मेलन एवं भजन कार्यक्रमहरूमा डा. इन्दुल के.सी.ज्यूले विशेष पाहुनाको रूपमा भाग लिनु भयो । त्यहाँ भएका सबै कार्यक्रमहरूमा भेला भएका साहित्यिक व्यक्ति बुद्धिजिवी, स्थानीय पत्रकारहरू एवं भक्तजनहरूले उहाँको प्रवचन, भजन गायन लगायतका कार्यहरूलाई प्रशंसा गरिएको पाएँ । उक्त पुस्तकालयको विकासको लागि केही काम गर्ने कुरा मलाई सुनाउनु भयो । सोही अनुसार उहाँ त्यस पुस्तकालयको आजीवन सदस्य हुनु भयो र सो पुस्तकालयको भक्तपुर सम्पर्क कार्यालयको संयोजक भई विभिन्न कार्यक्रमहरू चलाउनु भयो । उक्त पुस्तकालयको काठमाडौं सम्पर्क कार्यलयका अध्यक्ष (पूर्व क्षेत्रीय प्रशासक) टीकाराम अर्याल, सचिव श्री तोयानाथ फुयालज्यूहरूसँग मिलेर पुस्तकालयको विकासको लागि एउटा योजना तयार गरी झापामा पठाइयो । उक्त सुझावलाई सो पुस्तकालयको सञ्चालक समितिले स्वकृत गरी पुस्तकालयको भवनको भौतिक सुधारको कार्य भैरहेको छ ।

डा. इन्दुल के.सी. कै सक्रियतामा विश्वशान्ति ध्यान केन्द्र संखुको लागि रू. पन्ध्र लाखको योजना तयार भयो । सो योजना अनुरूप काम गर्न विभिन्न दाताहरूबाट हाल सम्म करिब रू. पाँच लाख संकलन गरी आश्रममा एउटा



Scanned with CamScanner

ध्यानको कार्यक्रमको लागि एउटा हल तयार गर्ने कामको करिब पचास प्रतिशत कार्य गर्न उहाँले भक्तपुरबाटै प्राविधिक कामदारहरू ल्याई आफै खटेर काम गरिसक्नु भएको छ । यस केन्द्रको लागि उहाँ तथा उहाँका श्रीमती सावित्री के.सी.ज्यू समेतले विभिन्न भौतिक सामाग्रीहरू तथा केही आर्थिक सहयोग पनि प्रदान गर्नु भएको कुराले मलाई ज्यादै हर्ष लागिरहेको छ ।

डा. इन्दुल के.सी.सँगै पश्चिम महाकाली-कन्चनपुर, कैलाली जिल्लाहरूको पनि भ्रमण गरी सो स्थानहरूमा पनि यस केन्द्रका शाखाहरू स्थापना गर्ने कार्य सम्पन्न भइसकेको छ । कन्चनपुर जिल्लाको अटरिया, गोदावरी मेलामा उहाँसँगै मैले भ्रमण गरे । त्यहाँ पनि उहाँले मेलामा भेला भएका असंख्य मानिसहरूको जमघतमा योग तथा प्राकृतिक उपचारको महत्व बारे राम्रो प्रवचन गर्नुको साथै करिब २० जना विभिन्न रोगबाट पीडित विरामीहरूलाई प्राकृतिक उपचार गरी आश्चर्यजनक परिणाम स्वरूपमा सेवा प्राप्त गरेका विरामीहरूले आ-आफ्ना विरामीपन समाप्त भएको अभिव्यक्ति मेरो सामु भएको मैले पाएँ ।

यसरी डा. इन्दुल के.सी.को स्वभाव, व्यवहार, सेवा आदि बारेमा मैले धेरै सकारात्मक कुराहरू लेख्न सक्छु । अहिलेलाई यतिकैमा उहाँको सु-स्वास्थ्य एवं दीर्घायुको कामना गर्दछु ।

■■■



Scanned with CamScanner

# डा. इन्दुल के.सी.को सामाजिक जीवनको वारे भन्नु पर्दा



**केशवराज राजभण्डारी**
**पूर्व मुख्य सचिव, पूर्व प्रमुख निर्वाचन आयुक्त तथा केशु शुष्मा भजन ज्ञानगुठीका संस्थापक अध्यक्ष**

जीव नै जीवको जीवन हो । समाजिक र धार्मिक चरित्र विनाको जीवको जीवनी निरर्थक नै हो । भगवान राम र कृष्णले पनि यस संसारमा जीवको रूपमा पदार्पण गर्नु भएपछि उचित धर्म र कर्म गरि सम्पूर्ण मानव समाजलाई जीवनको महत्ववारे दर्शाउनु भयो । समाजनै हाम्रो संसार हो, जुन समाजमा हामीले जन्म लिन्दा त्यस समाजमा स्थापित सामाजिक जीवन जस्ता संस्कृति विद्यमान हुन्छ। त्यसैलाई अङ्गिकार गरी प्राणीमात्रको जय हुने सेवामा अन्यत्र जीवन समर्पण गर्नु मात्रै यो लोक र परलोक प्राप्त हुन्छ। हाम्रा सनातन धर्म हिन्दु संस्कृतिले हामीलाई सिकाएको नैतिक शिक्षालाई शिरोपर गरी हाम्रा अग्रज गुरू, ऋषिमुनीहरू पछयाइ रहेका छौं । हाम्रा भजन किर्तनमा गाउने शब्दहरूमा विश्वशान्तिको कामना गरिएको हुन्छ, पूजाआजा होम, धर्ममा सवैको कल्याण होस्, देशको जय होस् भन्दै श्री भगवानसँग प्रार्थना गर्दछौं । यि सवै सनातन संस्कृति प्रति पश्चिम जगतका मानव पनि आकर्षित छन् ।

सामाजिक र सांस्कृतिक जीवनमा समर्पित भएका डा. इन्दुल के.सी.को सामाजिक जीवन स्वयम् पनि आर्कषण छ। सरल स्वभावको इन्दुलजीका मित्रहरू धनी वर्ग भन्दा मध्यम वर्गका बढीले प्रशंसा गरेको सुन्दछु। आफ्ना घर व्यवहार भन्दा भक्तपुरका धर्म संस्कृति जगेर्णा गर्नमा उहाँको समय खर्चिनु भएको आभास

हुन्छ , यहीनै सफल जीवन हो ।

डा.के.सी.जीलाई भक्तपुरवासीले विकासवादीका रूपमा पनि लिने गर्दछन् । भत्किएको सम्पदाहरू पुननिर्माण, स्वास्थ्य संस्था निर्माण कार्यमा उहाँले सबैको सहयोग जुटाइ विकास कार्यमा अग्रसर हुने गरे वापत पनि उहाँको बिचारलाई धेरैले उपयुक्त सम्झन्छन् ।

उहाँले राजनीतिमा खासै चासो राख्नु हुन्छ जस्तो लाग्दैन तथापि विगतका राजनीतिक अवस्थामा कर्मचारीको हैसियतमा रहँदा सरकारको विभेदपूर्ण कार्यको विरोधी भावना यडाकडा प्रयोग गर्नुहुन्छ । उहाँलाई कुनै पक्षको राजनीति पक्षधर भनी राजनीतिकर्मीहरूले आलोचना गर्ने गर्दछ भन्ने सुन्नमा आउथ्यो । उहाँ कुनै पार्टी वा राजनीतिक दलसँगपछिल्लो समयमा पनि आवद्ध हुनुभएको मलाई थाहा छैन । सटिक रूपमा आफ्नो बिचार पोख्ने धर्म र संस्कृति प्रति आस्था राख्दै गरिव गुरूबा माथि दया राख्ने व्यक्तिको रूपमा उहाँलाई चित्रित गरिने हुनाले पनि थरीथरीका राजनीति कर्मीहरूले उहाँको काम वा भावनालाई राजनीतिक रंग लगाउँने गर्दा हो । यस्तो सोच एक किसिमको कमजोरी राजनीतिक सोच हो जस्तो लाग्छ ।

डा. इन्दुल राष्ट्रप्रेमी, राष्ट्रवादी र दुषित राजनीतिका विरूद्ध उत्तेजक विचार व्यक्त गर्ने दृढस्वभावका व्यक्तिका रूपमा लिइने गरिन्छ । सरकारका काम कारवाही अराजक स्थितिबाट गुजेका अवस्थामा यडाकडा विरोधमा उत्रने कर्मचारी रूपमा रहेका पीडित जनताको आवाजको प्रतिनिधित्व गर्ने कहिलेकाही कर्मचारीको रेखाभन्दा वाहिर गई भाका पोख्ने राजनीतिक व्यक्ति झैं बिचार व्यक्त गर्ने व्यक्तिको रूपमा उहाँलाई चित्रण गरेको भन्ने पनि सुन्नमा आउँथ्यो । त्यसैले पनि तत्कालिन सरकारले पूर्वाग्रहित भइ उहाँलाई जागिरबाट अवकास गरेको हुनुपर्दछ भन्ने अनुमान लगाउँथे केही जनले ।

आफ्ना समाज धर्म संस्कृति प्रति विशेष आस्था राख्ने र ईश्वरको भजन किर्तन सम्वन्धि कार्यक्रमहरूमा आफैपनि परिचालित भै त्यस्ता क्रियाशील संघ संस्थाहरूलाई आवश्यक सरसल्लाह, सहयोग पुऱ्याई उर्जा दिने काम गर्ने असल व्यक्ति हुनुहुन्छ उहाँ । अहिलेका कतिपय भौतिकवादी स्वार्थी समाजका व्यक्तिहरूका वारेमा कवि शिरोमणी श्री लेखनाथ पौडेलको भनाई यस्तो रहेको छ :



Scanned with CamScanner

**"म खाउँ मै लाउँ सुखसयल वा मोज म गरूँ**
**म नाचूँ म बाँचूँ अरू सव मरून् दुर्वलहरू**
**भनी दाह्रा घस्ने अबूझ सठ देखि छक परि**
**खित्का छोडी अभयसित हाँस्यो काल मरिमरि ॥"**

उपरोक्त भनाइसित मिल्दोजुल्दो चरित्रका व्यक्तिहरू संख्या बढ्दो छ । तथापि त्यस्ता जमातका बीच सामाजिक कार्यक्रममा दत्तचित्त भै भक्तपुर नासमनाको नेवार समुदायका वासिन्दाले झैं ठेट भक्तपुरे नेवारी भाषामा आफ्ना भावना पोख्ने क्षमता राख्ने ब्राम्हणपुत्र सवैको साथ पाउँछ भन्ने सुन्दा गर्व लाग्छ, त्यसैले पनि उहाँको सराहाना गर्नै पर्दछ ।

हाल उहाँ निम्न भजन किर्तन संस्था तथा धार्मिक संघ संस्थाहरूमा आवद्ध हुनुभएको जानकारी पाइएको छु ।

१. कला संस्कृति भजन महागुठीका संस्थापक अध्यक्ष
२. नेवा कला संस्कृति प्रतिष्ठानका संस्थापक अध्यक्ष
३. भक्त समाज नेपालका संस्थापक अध्यक्ष
४.श्री वाराही पीठ विकास समिति भक्तपुरका संस्थापक एवं हाल संस्थाका अध्यक्ष
५.मङ्गल योग तथा प्राकृतिक उपचार केन्द्रका संस्थापक अध्यक्ष
६.श्री श्याम सुन्दर रास भजन मण्डल घर पुनःनिर्माण समितिको अध्यक्ष
७. विश्वशान्ती ध्यान केन्द्र नेपालका संस्थापक उपाध्यक्ष

भक्तपुर जिल्लामा आयोजना हुने धार्मिक तथा साँस्कृतिक कार्यक्रमहरूमा उहाँले वारम्वार केशव सुष्मा भजन ज्ञान गुठीलाई आमन्त्रण गर्ने भएकाले पनि उहाँ सम्वन्धित संस्थाहरू प्रति हामी आभारी छौं । वर्षदिन अगाडीको कुरा हो - भजन खलले आयोजना गरेको कार्यक्रम जस्ता भक्तपुरका विभिन्न संघ संस्थाको भजन किर्तन कार्यक्रम विगत धेरै समय देखि योगदान पुऱ्याए वापत व्यक्ति विशेष, संघ संस्थाबाट सम्मान गर्ने विधामा के.शु. गुठीको संरक्षकको नाताले मलाई प्रमुख अतिथिको रूपमा आमन्त्रण गरी उहाँहरूलाई सम्मानपत्र सहित प्रदान गर्न दिनुभएको अवसरको म स्मरण गर्न चाहन्छु । यसरी आफ्ना अमूल्य



Scanned with CamScanner

समय धार्मिक तथा सामाजिक कार्यमा समर्पण गर्ने व्यक्ति विरलै हुन्छन्, त्यस्ता व्यक्तिको समाजले आदर सम्मान गर्नु उपयुक्त ठान्दछु ।

उहाँ अध्ययनशील हुनुहुन्छ भन्ने कुरामा जीवनको मध्ये अवस्थामा प्राकृतिक चिकित्सा सम्वन्धि विषयमा विद्यावारधी उपाधि प्राप्त गर्नु भै विरामीहरूको सेवामा संलग्न भै रहनु सामाजिक सेवाको अर्को पाटो प्रसंसनीय रहने गरेको छ ।

सादा जीवन यापनमा विश्वासराख्ने केसीजीले आफ्नो जीवनी प्रकाशन गर्न जमर्को गर्न लाग्नु भएको जानकारी पाउँदा मलाई खुशी लागेको छ । सामाजिक र धार्मिक क्षेत्रमा आफ्ना वहुमूल्य समय अर्पित गर्ने इन्दुलजीको आगामी दिनहरूबाट समाजले थप सेवा प्राप्त गर्न सकोस्, देश विकासको क्रममा उहाँको क्षमताले भ्याएसम्म भक्तपुर जिल्लामात्र होइन अयितु समस्त देशवासीको शान्तिको लागि योगदान पुऱ्याउने कार्य भैरहोस् ।

अन्तमा उहाँले गर्दै आउनु भएका राम्रा कामहरूका प्रशंसा गर्दै उहाँको सरल जीवनको लागि मङ्गलमय शुभ कामना व्यक्त गर्दछु ।

■■■



Scanned with CamScanner

# डा. इन्दुल के.सी. बारे मलाई लागेका कुरा



कृष्णलाल प्रधान
निवर्तमान अध्यक्ष भक्तपुर विकास सहयोग संघ

इन्दुललाई म राम्ररी चिन्छु र म भक्तपुरमा जन्मि हुर्केको हुँदा इन्दुललाई १४-१५ वर्ष उमेरदे खि नै उहाँसित मेरो परिचय भएको हो । उहाँ बाल प्रतिभाको रूपमा त्यसताका चिनिन्थ्यो । न्याय खल्तीभित्र हुन्छ भन्ने भावना बोकेको उहाँको कविता प्रसंसित र पुरस्कृत भएको सम्भना छ ।

शिक्षा, साहित्य, संस्कृति संगीत, सम्पदा संरक्षण सम्वर्धन, संगठन, सम्मोहन, स्वास्थ्य स्वास्थ्योपचार अीद विषयहरूका उहाँ बहुआयामी व्यक्तित्व हुनुहुन्छ। उहाँसित प्रबुद्ध बुद्धि, चातुर्यता र लगनशीलता रहेको मैले महसूस गरेको छु। उहाँ भक्तपुर वाराही पीठ विकास समितिका अध्यक्ष हुँदा टोलका सम्पूर्ण जेष्ठ नागरिकहरू एवं केही विशिष्ट समाजसेवीहरूलाई एक भव्य समारोहमा सम्मान कार्यक्रम आयोजना गर्नु हुंदा म स्वयम्ले भाग लिएको थिएँ ।

उहाँ प्रतिभाशाली एवं धेरै गुणहरू बोकेको कारण उहाँ शिखरमा पुग्नुपर्ने थियो । आत्म चिन्तन र मनन कार्यमा उहाँ लाग्नु भए उहाँ सर्वोच्च शिखरमा पुग्न सक्ने कुरा मलाई लागेको छ ।

■■■



CamScanner

# डा. इन्दुल के.सी. को प्रतिभालाई एक झलक हेर्दा



**टीका ढुंगेल**
**छलमथाङ्ग, पूर्व सिक्किम**

आशा प्रतिष्ठान र पुष्पलता प्रोडक्शन प्रा. लि.को आयोजना अनुसार ३ सितम्वर २०१६ सिता पाइला स्थित च्वाइस होटल काठमाडौंमा भएको कार्यक्रमको समयमा डा. इन्दुल के.सी. सँग प्रेम प्रकाश फलाहारीले परिचय गराइदिनुभयो । उहाँकै अनुरोधमा योग तथा प्राकृतिक चिकित्सालय वाराही पीठ भक्तपुरमा एक साहित्यिक कार्यक्रम भव्य रूपमा भयो । त्यसपछि भक्तपुर वरपरको रमणिय दृष्यहरू देखाउनु भयो । उहाँको घरमा त्रिफलाका अध्यक्ष प्रेम प्रकाश फलाहारी बाबा, उपाध्यक्ष राम प्रसाद दाहाल कलमकार म टीका ढुंगेल वास वस्न पुग्यौं । डा. इन्दुल के. सी. लाई हेर्दा अचम्म लाग्छ । खुल्ला हृदयका बहु प्रतिभाशाली व्यक्ति भक्तपुर वरपरका एक समाजसेवी साहित्यकार समाजका निधिनै रहेको पाएँ । काम गर्नको निम्ती उनको जन्म भएको हो । काम गर्ने र हिडेर नथाक्ने साथै साहित्य समाजका एक कर्मशील व्यक्तित्वको परिचयले परिपूर्ण भएका व्यक्ति भन्दा दुइमत नहोला । उहाँको एउटा खोजपूर्ण कृति प्रकाशित गर्नु हुँदैछ । शुभकामना डा. इन्दुल के.सी. लाई दिएर मात्र कलमकारलाई चित्त बुझेन र केही शब्दहरू प्रकाशमा ल्याउने इच्छा भयो ।

माता स्व. सेर कुमारी झा. पिता स्व. केदारनाथ झा. का छोरा डा. इन्दुल के.सी. साहित्य समाज तथा धर्मस्थलहरूलाई विकास गर्न दिलो ज्यान दिइ काम गरेको देख्ता प्रेरणाका प्रतिक हुन् डा. इन्दुल के.सी. भन्न सकिन्छ । डा. इन्दुल



Scanned with CamScanner CamScanner

के.सी.ले गरेको समाज उपयोगी कामलाई हेर्नु पर्छ। त्रिफला राष्ट्रिय पुस्तकालयको शाखा कार्यालय सूचारूरूपले चलाएको तथ्य थाहा पाएँ।

डा. इन्दुल के.सीको प्रतिभा मजबूत थांग्रोमा झाँगी रहेको देखें। श्याम सुन्दर रास भजन मण्डल तथा मुलाखु गणेश धलचा भजन घर, पुनरनिर्माणको लागि दिन रात खटीरहनु भएको छ। यस संस्थाका अध्यक्ष रहेर धार्मिक कार्यमा आस्था राखी पुन्यलाभ मार्ग तयार पार्नु भएको छ। एउटा कुरा खुलस्त पार्नु पर्दा कलमकारले इन्दुल के.सी.को डाक्टरीय ज्ञान बारे पनि अवगत गराउनुपर्छ। उहाँले मंगलयोग तथा प्राकृतिक उपचार केन्द्र खोलेर धेरै रोगीहरूको उपचार गरेका सत्यतथ्यहरू इतिहासको पन्नामा हेर्न सकिन्छ। धेरै संघ संस्थाहरूमा विविध पदहरूमा रहेर सेवा पुऱ्याउनु भएको छ। त्यसको लेखाजोखा गर्न मेरोमा क्षमता नै छैन। विक्रम सम्वत २०६५ मा भुईचालो कविता कृति प्रकाशन गरेर एउटा छुट्टै स्थान बनाउनु भएको छ। डा. इन्दुल के.सी. फोनमा लामो समयसम्म कविता सुनाउनु हुन्छ। उनको प्रतिभालाई एक झलक हेर्ने मौका पाएको छु। गीत भजनमा सर्जक आफैले हारमोनियम बजाएर सजिलै भजन गाएर प्रतिभाको परिचय दिएका थिए। एक झलक टाढैबाट भएपनि उहाँको प्रतिभा देखेपछि केही लेखु लेखु लाग्यो अन्त्यमा डा. इन्दुल के.सी. को उत्तरोत्तर प्रगतिको कामना गर्दै सुस्वास्थ्य एवं दीर्घायुको कामना गर्दछु

*साभार: हाम्रो प्रजाशक्ति गाण्टोक, शनीवार ४ फरवरी २०१७*

■■■



Scanned with CamScanner

# समाज-सेवी व्यक्तित्व
# डा. इन्दुल के.सी.



**टीकाराम अर्याल**
**पूर्व क्षेत्रिय प्रशासक**

भक्तपुर नासमना ४ मुलाखु टोल निवासी डा. इन्दुल के.सी. प्राकृतिक चिकित्सा पद्धतीका ज्ञाता, प्राकृतिक चिकित्साको माध्यमबाट रोगबाट पीडित जनता जर्नादनको सेवामा आफूलाई समर्पित गर्ने एकजना सुपरिचित समाजसेवी, समाजका अग्रणी व्यक्तित्व हुनुहुन्छ। उहाँ लामो समय सम्म नेपाल सरकार तत्कालीन श्री ५ को सरकारको सेवामा रही विभिन्न मन्त्रालय विभागमा रही नेपाली जनताको सेवामा आफूलाई समर्पित गरी सेवा निवृत्त राष्ट्र सेवक सुपरिचित व्यक्तित्व पनि हुनुहुन्छ। सरकारी सेवाबाट सेवा निवृत्त भएपछि उहाँले आफूलाई विशुद्ध सामाजिक, धार्मिक सेवामा समर्पित गर्नु भएको छ। दीन दुःखी, रोगी, असहाय, व्यक्तिको के कसरी सेवा गर्न सकिन्छ र रोगले पीडित जनतालई के कसरी राहत पुऱ्याउन सकिन्छ भन्ने चिन्तनमा आफूलाई समर्पित गर्दै प्राकृतिक चिकित्सा पद्धतिको सहारा लिएर त्यसैको माध्यमबाट रोगी, पीडित जनताको सेवा गर्दै उनको भौतिक दुःख, दर्द मिटाउने सत्प्रयासमा लाग्नु भएको छ। वास्तवमा भन्ने हो भने प्राकृतिक, आयुर्वेदिक, युनानि जुनसुकै उपचार पद्धतिको पनि उद्देश्य हो पीडितलाई उसको रोगको निदान गरेर उपचार गरिदिएर शारीरिक रोगबाट मुक्त गरिदिँदा उसका आधा समस्या स्वतः हल हुन जान्छन् र ऊ शारीरिक रूपमा स्वस्थ भै सकेपछि जीविको पार्जन गर्नमा समर्थ बन्द छ, आफू र आफूमा आश्रित आफ्ना सन्ततिहरूको भरणपोषण गरेर जीवनरथ सुचारू रूपबाट हाक्न सक्षम बन्द छ। त्यसपछिको



Scanned with CamScanner

अर्को खुडकिलो हो मानसिक चिन्ताग्रस्त दु:खी व्यक्तिको आध्यात्मिक साधना योग, ध्यान, भजन, पूजा, आराधना आदिको सरल पद्धति सिकाई दिएर त्यतापट्टि संलग्न गराउँदै दैनिक जीवनको केही समय नित्ययोग, ध्यान, धारणा, आराधना, पूजापाठ, भक्ति साधनामा आफूलाई मन पर्ने इष्ट देवप्रति भक्तिभाव जागृत गरेर आफूलाई समर्पित गरिंदा अवश्य पनि मानसिक शान्ति मानिसले प्राप्त गर्न सक्दछ ।

यिनै उद्देश्यहरूको प्राप्तिको लागि आफ्ना जीवनको उत्तरार्द्धमा दीन, दु:खी, रोगी, असहाय, जनता, जर्नादनको सेवामा आफूलाई समर्पित गर्नु हुने डा. इन्दुल के.सी. पेशाले समाजसेवी, प्राकृतिक उपचार पद्धतिका ज्ञाता विभिन्न भजन, भजन मण्डलहरूको निर्माता, मर्मत, संभार, सुधार गरेर समाजका जेष्ठ नागरिकहरूलाई आफ्नो जीवनको उत्तरार्द्ध व्यतित गर्न सहज र सुगम होस् भनेर योग साधना, नित्य भजन, ध्यान, धार्मिक आध्यात्मिक चिन्तनमा सम्लग्न गराउँदै शारीरिक, मानसिक दुवै अवस्था स्वास्थ राखेर दीर्घजीवि, आनन्दीजीवन बिताउन सहज र सुगम बनाउने आध्यात्मिक चिन्तन भावधारालाई अवलम्बन गराउन त्यस दिशामा जेष्ठ नागरिकर्ला मात्र होइन भविष्यका कर्णाधार युवा युवतीलाई पनि यस सुखद जीवन पद्धतिमा आकर्षित गर्न समर्थवान् समाजका अगुवा हुनु हुन्छ डा. इन्दुल के.सी. संगीतमा पनि उहाँको शोख छ भजनमा आफै सरिक भै हार्मोनियम बजाइ भजन गायन गरेर सुमधुर गीत, संगीतको स्वाद चखाउन पनि सिपालू हुनु हुन्छ ।

२०७२ वैशाख १२ गतेका महाविनासकारी महाभुकम्पका अवसरमा उहाँ काठमाडौं टुंडिखेल खुला मञ्चमा आयोजित विशाल योग साधना शिविरमा भाग लिइरहेकै अवस्थामा वैशाख १२ गतेको महाविनाशकारी महाभूकम्पको दु:खद क्षणमा घट्दा स्वयम पुगेर भुकम्प पीडितहरूको सेवामा आफूलाई समर्पित गर्नु भयो । त्यस्तै पुन: वैशाख २९ गते आएको भहाभूकम्पमा उहाँ प्राकृतिक उपचारका क्रममा हेटौंडामा हुनुहुँदा रहेछ र त्यहाँ पनि भुकम्पपीडित जनताको सेवामा आफूलाई समर्पित गर्नु भयो । त्यस्तै श्री मुलाखु गणेश ढलचा भजन मण्डल, भजनघर जीर्णद्वार, याकति अजिमा वाराही पीठमा दैनिक भजन कीर्तन सत्सङ्ग साधना आदि धार्मिक, सामाजिक, आध्यात्मिक कार्यमा संलग्न गराउँदै प्राचीन मठ मन्दिर, देवल आदिको मर्मत संभारहरूलाई आकर्षित गर्दै जीर्णोद्वार आदिका



Scanned with CamScanner

कार्यमा पनि आफूलाई संलग्न गराउँदै आउनु भएको देखिन्छ। त्यस्तै धुलाबारी मेची नगरपालिका झापा स्थित नेपालको मोफसलमा श्री प्रेम प्रकाश फलाहारी एकल व्यक्तिको एकल प्रयास, निरन्तर अथक लगनशीलतावान स्थापित भएर पूर्ण रूपमा स्वस्थ ढंगबाट संचालनमा आएको त्रिफला राष्ट्रिय पुस्तकालयको स्तरोन्नति, उन्नति र विकासमा सहयोग पुऱ्याउने हेतुले उपत्यका सहयोग समन्वय समिति भक्तपुरको अध्यक्षको हैसियतबाट राम्रा राम्रा गहकिला सल्लाह, सुझाब र सहयोग उपलब्ध गराएर पुस्तकालयको विकासमा सहयोग पुऱ्याई रहनु भएको छ। नेपालका प्रथम जगत गुरू श्री बालसन्त महाराजको आगमनको बेला काभ्रे जिल्ला पनौती श्री महादेवको प्राङ्गनमा भएको भजन कार्यक्रममा डा. इन्दुल के.सी.ज्यूले शिवजीको भजन प्रस्तुत गर्नु भएको मैले प्रत्यक्ष देखेको थिएँ। यसरी चौतर्फी रूपमा उहाँ सेवामा रहेको पाउँदा हामीलाई खुशी लाग्न स्वाभाविकै हो र यसरी उहाँका सामाजिक सेवामा सम्लग्न सहयोगी हातहरू दीन दुःखी असाय, निरीह, जनता जनार्दनको सेवामा निरन्तर लागि रहनु र यसैबाट उहाँमा आत्म सन्तुष्टिले जरो गाडेर जाओस् भन्दै उहाँको सुस्वास्थ्यमय आनन्द दीर्घ जीवनको पनि यसै माध्यमबाट शुभकामना व्यक्त गर्ने जमर्को गरे।

■■■

# सङ्गीत झै स्वच्छ डा. इन्दुल के.सी.(झा)



प्रो. श्रीराम आचार्य
त्रिभुवन विश्वविद्यालय
राग, संगित विषयका
लेखक

स्वच्छन्द कवितामा पनि छन्दको जस्तै आभास पाएँ
बन्द बन्द छन्दमा जस्तै वेजोडको अनुप्रास पाएँ ।
सङ्गीतमय कवितामय डाक्टर इन्दुल (झा) के.सी.
रङ्गिएको रहेछ उनको त मन सङ्गीतमा पनि कमोवेसी ।

विराट साहित्य सम्मेलनमा चुलिएका
हिमालका चुचुरा झैं कवि इन्दुल के.सी.
उर्वरा धान, गहूँ अन्न फल्ने भूमि झैं
दिनको सूर्य रातको इन्दुल के.सी. ।

नेपालको त्रिकोणी झण्डा झैं देशै भरी फर्फराई रहने
समाज सेवा गरेर कहिल्यै नथाक्ने हावा हुरी झैं वगी रहने
श्याम वर्ण होचा कदका इन्दुल के.सी.
नेपाली सुट पाइन्ट ढाका भादगाउँले टोपीमा सजिएर
टुक टुक सेवा भावका सधानमा हिंडिरहने इन्दुल के.सी. ।

रोगीका रोगहरूमा उपचारका मलमहरू लगाई रहने
भोकाका भोकहरूमा अन्न रोटी भरी रहने
देवस्थलहरूमा ढोग चढाई भजन पुकार गरी रहने
सवैका दुःख पीठा निवारण गर्न सचेत सजग रहने
महाभूकम्पमा पनि के गर्न सक्छु भनी दौडाहमा दौडी रहने
आफ्नो स्वार्थ भन्दा पराइको उद्धार र उपकारमा तल्लीन रहने ।



CamScanner

समर्थवान सुखी सर्वगुण सम्पन्न पिता केदार नाथका
स्नेहमयी ममतामयी माता शेरकुमारी झा
यिनै प्रैतृक गुणको सम्पन्न छहारीमा हुर्केका इन्दुल के.सी (झा)
रूपान्तरित आफ्नो नाम राख्न चाहन्छन् 'स्वामी इन्दु आनन्द झा'

सुन केटा भाइ हो म केही भन्छु
अब इन्दुलको बारे सबै कहन्छु ।

मन साटासाट गर्ने जवानीको हावा हुरीको तरङ्ग
पाटन मान भवनका लक्ष्मी शम्शेरकी सुपुत्रीसँगधुमधामको विवाह प्रसँग
इन्दुलकै शब्दमायिनी केही लज्जित अनि केही दङ्ग: (भुइँचालो पृष्ठ ८)
"दुई मुटुको धड्कन लगातार,
एकै ताल एकै सुरमा बज्न थाल्दछ,
आफैंमा आफू हराएको, फूल पनि आफैंमा विलाएको,
त्यो समय याद आउँदा, मलाई मै देखि किन हो लाज लाग्छ।"(भुइँचालो ८ पेज)

समाज सेवाका महारथी इन्दुल, कला संस्कृति भजन महागुठी भक्तपुरका संस्थापक अध्यक्ष इन्दुल
भक्तहरूको भक्तपुरको साँस्कृतिक धरोहर इन्दुल
अमूल्य संस्कृतिको संरक्षक कोही छ भने त्यो हो इन्दुल
घरी मन्दिर घरी डबली चोक घर आँगन चहार्ने इन्दुल
दाफा भजनका संरक्षक इन्दुल, ढल्चा भजन, महिला भजनका आयोजक इन्दुल ।

कर्मचारी आन्दोलनका प्रनेता जागीरे चट इन्दुलको
घरेलुका हाकिम विरूद्ध पर्चावाजी दोष जति टाउकोमा इन्दुलको

कथा सुनाएर सुनाएरै शिक्षादिनमा माहिर इन्दुल
मेरैघर आँगनमा तपोदत्तको कथा सुनाउने इन्दुल
सङ्गीतको साधना असाध्य छ भन्ने इन्दुल
तर 'म चाहिंसाधैरै छोड्छु' भनी कम्मर कस्ने हठी इन्दुल



Scanned with CamScanner

हुन पनि बिना सगरमाथाको गीत गजल भजन आदि गाउँछन् इन्दुल
मौका पर्ना साथ सङ्गीतमा डुवुल्कि मारी हाल्छन् इन्दुल
रास, ढल्चा दाफा र अन्य गणेश देवी देवताहरूका भजनमा
आफूले जाने सुनेर अध्ययन गरेका राग अलापन चुक्दैनन् इन्दुल
मेरा सङ्गीतामृत आश्रय रागामृत पुस्तक पढेर कहिल्यै थाक्दैनन् इन्दुल ।

वहु आयामिक इन्दुलको आयामनै सकिए जस्तो
एउटा नसकिँदै झन आर्को थपिए जस्तो
समाज सेवा गर्ने अर्काको घाउमा मलहम लगाउने
महत्वाकाङ्क्षाको बाडिमा हेलिन मन पराउने
विद्या वारिधिमा डुवुल्कि लगाउँदै पार लाग्न खोज्ने
वैकल्पिक उपचारले समाज स्वस्थ वनाउन खोज्ने
भुइँचालो गई रहँदा उपचारकै खोजाई र रोजाईमा थिए इन्दुल ।

६ वटा जिल्लामा आफैं अग्रसर भई विविध राहत वितरण गर्ने इन्दुल
धर्म पुत्री चम्पा लामाको हात ५० कम्वल १० त्रिपाल दोलखा पठाउने इन्दुल
आफ्नै लगानीमा मानवीय सम्वेदना र मानवता प्रति साहनुभुति गर्ने इन्दुल
सेवातुर इन्दुलमा कुनै अहंम भाव छैन यदि छ भने त्यो उसको स्वाभिमान मात्र हो
त्यो उसको महतोकांक्षा हो, सपष्टता हो सहयोगी भावना हो सेवा मूलक लक्ष्य हो ।

इन्दुलको हातमा जादु इन्दुलको रूजनशील मन मष्तिकमा जादु ?
स्टार एफ एमको अनुरोधमा मलाई चिनाउँदा उहाँको वोली मै जादु
इन्दुलको शीप कलामा जादु रेकी योगमा जादु
व्यवस्थापन प्रशिक्षण न्याय र कानूनी परामर्श समेतमा
इन्दुलको असाधारण जीवन शैलीले जता हेर्यो छोयो जादु नै जादु ।

जति नङ्ग्यायो अलौकिक चेतनाले भरिएको चैतन्य गुदी मात्र भेट्छन्
इन्दुलको सारतत्वका अन्तिम हरफलेयि नै संकेत छ गरेको
बुझ्न् सके धुन ध्यान गुरूको पुगिन्छ गन्तव्यमा सुरूको (भुइँचालो ४४ पेज)
मैले थाहा पाएका जीवन कथा यस्तै यस्तै छन् इन्दुलका ।

■■■



Scanned with CamScanner

# मेरो साथी डा. इन्दुल के.सी.



**चन्द्रमान प्रधान**
**भूगोलविद्, पूर्व अध्यक्ष लायन्स क्लब, नेपालका मित्रराष्ट्रहरू चीन र भारतको बीचमा भएका सन्धि सम्झौताहरूको विश्लेषक**

साँस्कृतिक नगरी भक्तपुर नगरपालिका वडा नं. ४ अवस्थित मंगलाछे टोलमा जन्मी हुर्कि मुलुकको साँस्कृतिक सामाजिक क्षेत्रमा कार्यरत मेरा साथी डा. इन्दुल के.सी. का वारेमा म केही शब्द लेख्न लागिरहेको छु। मेरा जीवनको आज ७८ वर्षमा मेलै टेकिरहेको छु। यस अवधिमा मैले मेरा बालसखा विद्यार्थी जीवनकालमा सहपाथीहरू, विभिन्न सरकारी, गैरसरकारी निकायहरूमा उच्च ओहदामा कार्यालय प्रमुखभै काम गर्दाका बखत सम्पर्कमा आउनु भएका धेरै मित्रहरू लाइन्सक्लबको अध्यक्ष जस्ता अनेकौं सामाजिक संघसंस्थाहरूमा कार्यरत रहदाको वेलामा सम्पर्क आउनु भएका सयौ साथीहरूको यादहरू मेरो मानस पटलमा अहिले पनि आइरहन्छ। त्यस्तै यादमा आइरहने मध्येको एक हुनु हुन्छ - डा. इन्दुल के.सी. ।

भक्तपुर नगरको झण्डै बिच भागमा रहेको उहाँको घरको कौसिबाट मनमोहक दृश्यावलोक गर्ने बेला उत्तरतिर मनमोहक हिमश्रृखला तथा पूर्वतर्फ पर्यटकीय नगरकोट डाँडा, दक्षिण तर्फ सूर्यविनायक मन्दिर र डोलेश्र महादेव केदारनाथको सिरोभाग, हरियालीले छाएको सूर्यविनायक जसको दक्षिणतर्फ ललितपुर जिल्लाका केही भाग र काठमाण्डौ जिल्लाका केही भाग देखिन्छ भने घरको नजिक प्रशिद्ध पाँचतल्ले मन्दिर र ५५ झ्याल दरवार श्री वराही देवीको अतिकलात्मक प्राचीन मन्दिर लगायत छरछिमेकीका नेपाली शैलीसम्म माटो

जोडाइ दची अप्पा तथा भिंगती छानाहरूको गुचमुच बस्तीहरू अझै कायम रहेको स्पष्ट देखिने भएकोले आकाशीय दृश्य उतिकै राम्रो तथा विचित्रको आनन्दायक दृश्यावलोकन गर्न पाइन्छ। इन्दुलको वारे केही लेख्न बसेका मलाई उहाँको घरबाट देखिने भक्तपुरको चारैतर्फको मनमोहक स्थानहरूका वारेमा मलाई लागेको कुरा यहाँ मैले पोख्दै अझै भक्तपुरे इन्दुलसँगजोडेर भक्तपुरका वरिपरि रहेको विभिन्न व्यक्ति श्री सत्यमोहन जोशीका केही संस्कृति सम्बन्धी सूर्यविनायक वारे अनि सल्लाघारी अरनिको राजमार्ग प्रख्यात जजुधौ, राष्ट्रिय टोपी, हाकुपतासी भक्रपुरका नेवारहरूले बजाउने धिमे बाजा, बाँसुरी बाजा अनेकौं नाचगान जगदिश शम्शेर राणा, नारायणमान विजुक्छेज्यूले लेख्नु भएको नाचगानका राजाधानी भक्तपुरका कलासंस्कृति भजन डाफा, ढल्चा ईत्यादीलाई संरक्षण सम्बर्धन गर्ने कार्यमा सक्रिय रहेका इन्दुल केसी स्वयम् संस्थापक अध्यक्ष भै विभिन्न संघ संस्थाहरूले चलाएको अन्य कार्यक्रमहरू संचालन गरेको म स्वयम्ले देखेको छु। यसैले पनि मेरा साथी इन्दुलको वारेमा मलाई बरावर याद आइरहन्छ।

आज भन्दा झण्डै २७ वर्ष पहिले २०४५ सालतिर जस्तो लाग्छ। मेरो मित्र इन्दुल केसी सँगमेरो भेटघाट नेपाल व्यवस्थापन संघमा भएको थियो। छिटोछिटो बोल्ने बानी भएको मान्छे, त्यसताको उहाँ सरकारी सेवामा सेवारत हुनुहुन्थ्यो। इन्दुलको रूचिको विषय स्थानीय विकास, मानसिक विकास, पर्यटन विकास जस्ता कार्यहरूमा प्रत्यक्ष परोक्ष रूपमा लागि रहेको मैले पाएँ। कानून व्यवसायको परामर्श सेवा, आफनै घरमा विदेशी पर्यटकको लागि Home Stay को कार्यमा पनि लागि रहेको पनि देखें। सरकारी सेवाबाट सेवा निवृत्त भएपछि इन्दुलले Alternative Medicine विषयमा पी.एच. डिग्री हासिल गरी प्राकृतिक चिकित्सा, योग प्रशिक्षक जापानिज उपचार विधि रेकी माष्टर Energy Healling विषयमा पनि आफूलाई संलग्न गरि रहेका इन्दुलसँग भक्तपुरमा म बरावर डुल्ने गर्छु। भक्तपुरको १ किलोमिटर उसँगहिडदा बीच बाटोमा ५० औं व्यक्तिहरूसँगभलाकुसारी मात्र होइन कामकुरै पनि भ्याइ सकेको हुन्छ। त्यसैले एक किलोमिटर बाटो हिड्न १ घण्टा भन्दा वढी समय मैले धेरै पटक विताएको छु।

२०५०/५१ सालतिरको कुरो जस्तो लाग्छ त्यसवेला मेरो मित्र श्री बासुदेवप्रसाद जोशी र इन्दुल केसी भक्तपुर नगरपालिकाका मेयर श्री ज्ञानवहादुर न्याईच्याईको कार्यकालमा सल्लाहकार भै काम गरी रहनुभएको रहेछन्।



Scanned with CamScanner

उहाँहरूको सल्लाह अनुसार भक्तपुर नगरपालिकाको आर्थिक प्रशासनिक र आर्थिक सुधारको लागि मलाई अनुरोध गरी भक्तपुर नगरपालिकाको वारे अध्ययन अवलोकन गरी प्रतिवदेन प्रस्तुत गर्ने जिम्मेवारी दिइयो। उक्त कार्यमा डा. इन्दुल के.सी र मैले संयुक्त रूपमा भक्तपुर नगरपालिकाको गहन अध्ययन गरि विद्वान बासुदेव जोशी, सांसद नारायमान विजुक्छे, श्री चैत्यराज शाक्य लगायत धेरै मानिसहरूसँगहामीले छलफल गर्‍यौं।

नगरपालिकामा कार्यरत तत्कालिन कर्मचारीहरू भक्तपुरका पर्यटक व्यवसायीहरूसँगपनि छलफल गर्‍यौ। विभिन्न व्यक्तिहरूसँगको छलफल, कार्यालयका लिखित दस्तावेजहरूको अध्ययन गरी नगरपालिकाको यथार्थ स्थिति बुझ्ने काममा हामी दुवैले २ महिना समय वितायौं। तत् पश्चात नगरपालिकाको प्रशासनिक एवंम आर्थिक अवस्थाको यथार्थ अवस्था केही सकारात्मक केही नकारात्मक स्थितिलाई बस्तुगत आधारमा पत्ता लगायौं। पत्ता लागेको तथ्यलाई विश्लेषण गरी भविष्यमा भक्तपुर नगरपालिकाले अपनाउनु पर्ने विभिन्न कार्यहरूको सुझाव सहित एउटा प्रतिवदेन तयार गरी नगर पालिकामा बुझायौं। उक्त प्रतिवेदनमा उल्लेखित धेरै सुझावहरू भक्तपुर नगरपलिकाले आफ्नो प्रशासनिक एवम् आर्थिक सुधारमा लागू गरेकोमा हामी दुवैलाई धेरै खुशी लाग्यो र आजको नगरपालिकाको यस अवस्थामा पुर्‍याउन हाम्रो अध्ययन प्रतिवेदनले रचनात्मक कार्य गरेकोमा हामीलाई सन्तोष लागिरहेको छ।

इन्दुल केसीसँगको उक्त सहकार्यले दिएको धेरै सुझावहरू मध्ये केही वर्गलाई जानकारी हुनुपनि सान्दर्भिक होला वर्तमान समयमा नेपालमा नगरपालिकाको संख्यामा धेरै पुगेको सरकारले शहरी विकासका लागि विभिन्न कार्यक्रम चलाई रहेको अवस्थामा भक्तपुर नगरपालिकालाई आजको यो अवस्थामामा पुर्‍याउन सक्दछ भने मेरो विश्वास छ र आवश्यक हुने व्यक्ति वा सेवाग्राहीहरूले भक्तपुर नगरपालिकामा रहेको उक्त प्रतिवेदन हेर्नु उचित होला भन्ने थानेको छु।

मेरा साथी डा. इन्दुल के.सीको इन्दु आयामिक पक्षसँगजोडेर म मेरा मित्र सिमाविद् श्री बुद्धि नारायण श्रेष्ठ लगायत केही मित्रको सहभागितामा हामी अरू पनि रचनात्मक कार्यमा लागि रहेका छौं र यसमा पनि इन्दुल के.सीको सक्रियता रहेको छ।

■■■



Scanned with CamScanner

# मात्र इन्दुल के.सी. इन्दुल के.सी मात्र



**तेजेश्वर बाबु ग्वग:**
**बलाको सूर्यविनायक**
**निष्ठाछैं, भक्तपुर**

वि.सं २०१५ साल नेपालको पहिलो आम निर्वाचन अवसर। चुनाव प्रचार अभियानमा तिव्रता आइ रहेथ्यो। श्री प्रयागराज सिंह सुवाल काठमाडौबाट भक्तपुर आउनु भयो। तेखाचो टोल गाचाःमा बैठक कोण सभा। सिंहको प्रवचनक्रमा इन्दुल के.सी.ले प्रयागराजसिहंज्यूसँग प्रश्नोउत्तर क्रममा तिव्र र तिक्ष्ण प्रश्नहरू प्रक्षेपण गरेको झझल्क्यो। ताजा लाग्छ अझै मेरो सम्झनामा। पिता श्री केदारनाथ झाज्यूकी नेवार पत्नीको कोखबाट जन्मेका इन्दुल। उनी निडर प्राणि विभिन्न कार्यहरू गर्न नहिचकिच्याउन युद्धमा लागेको सिपाही जस्तो।

अनेक फाँटमा टेक्दै हिड्ने इन्दुल-हिड्डुल गति। हिडहडुल रूचाउने प्राणीको स्वभाव- के.सी.का इन्दुल- इन्दुल के.सी.। आफनै घरआगन भक्तपुर मंगलाछैं टोल ब्रम्हपुर चोकमा स्थित श्री श्याम सुन्दर राशभजन मण्डल धाम। भजन गाउन किर्तन मचाउन बालक कालदेखि अभ्यस्त। अझै पनि भजन किर्तन मचान उद्येत। भजन भक्ति शब्द व्यञ्जनाबाट ईश्वरीय लिला। ईश्वर हरूका चरित्रवान। इन्दुल राशभजन गर्न रूचाउँछ। भजन मण्डल मचाउँछ इन्दुल। त्यसैले इन्दुल हिडँडुल - हिँडडुल इन्दुल। भजन गाउनु धार्मिक गान बजान। गाउन बजाउनका निमित्त सुमधुर स्वर पहिलो आधार। कलाकारमा कुचो बनेर रङ्ग रेखा कोर्न मानौं कलाकार जस्तै। उसले जागिर खाए। जागिर पाए। देश विदेश डुले। संसार केही देखे। जागिरे राष्ट्र सेवा र राष्ट्र सेवक



Scanned with CamScanner

जागिरले इन्दुलले निभृत्तिकरण पाए । निबृत्त भएकाले केही र केही भर गरे इन्दुलललाई । जागिर राष्ट्र सेवक बने । राष्ट्र सेवक जागिरे बने दीर्घ सेवाका सेवा रहे । धेरै लामो दीर्घसेवा गरे इन्दुलले अलिक सेवाका अवधिले इन्दुलललाई पीडा दिए । दुर्वल मनोवलका प्राणि थिएनन् इन्दुल । इन्दुलललाई कसले छेक्ने ? छेकेर छेकिने स्वभावत उनको मनोविज्ञाान र मनोविश्लेषणात्म स्वाभावै देखिनन इन्दुलको । कसैसित केही नमाग्ने, स्वाभावजन्य इन्दुलका के.सी. ।

कवि **भुइँचालो** कहिले भजन गायक इन्दुल कहीले कवि । **भुइँचालो** कविता उनको कृति नै **भुइँचालो** । कविता लोकापर्ण भयो, कविता कोमल भावका तरङ्ग तरेली  कविता विद्रोह भावका आक्रोशपूर्ण ज्वालामुखी मात्र नभई सौम्य र शालीन मनवेगका सुललित अभिव्यञ्जना पनि । यहाँ हुदाँ विद्रोही भावनका राँको आक्षेप र लान्छनामा व्यक्त हुँदा कविता एकवित्ता बन्ने वर हुन्छ । इन्दुलको कविताका स्वरूप कस्तो छ ? इन्दुलकै रूप स्वरूप जन्य छ। कविता कविताकरणका अन्त्य हो । इन्दुलले छातीमा हात  राखेर कविता रचे ।

वर्तमान श्री वाराही पीठ समितिका अध्यक्ष साँस्कृतिक परम्परा भनौं परम्परारिक संस्कारमा नाइके रहेको इन्दुल । एक प्रकारका अगुवा भगुवा बनेन । अगुवाको मूल धन वर्चश्वशाली अगुवाई । अगुवाको दीयत्व वोधबाट टाढा छैन इन्दुल । मृदु भाषा, शिष्ट, मिष्ट बचन, अरूको मन जित्न सक्ने क्रियाकलाप, कोष सन्तुलन र संग्रह गर्ने क्षमता नाइकेको यक्ष दायित्व र भुमिका । यिनकै लागि अनिवार्य हुन्छ। कवि भएर कवितापूर्ण अभिव्यक्ति बनाउन सक्नु कवितापूर्ण दुर्भाषा बन्नबाट बचाउने क्षमता ठान्छु यसको लागि केही चाहिन्न ।

नेतृत्व गुण अरूलाई चिन्तनका साथ सुन्न सक्नु अरूलाई मनग्य सुनेर यहाँको मुल मनसाय यस्तो बुझें यसो हो कि ? यो भन्दा अरू पनि ? बोल्नेको बचनमाथि कृतज्ञता ज्ञापन सूचक अभिव्यञ्जना । नत्र लम्वा भाषण, चन्दा रासन, कदम कदमा विरोध प्रदर्शन जतिकै हुन पुग्छ । नेतृत्ववान क्षमताका यक्ष रूप स्वरूप यसै भए हुन्थ्यो । इन्दुल केसीलाई बताउनै नपर्ने गरी विज्ञ छन् उनी । उल्लेखै गर्न नपर्ने उल्लेख हुन पुग्नु त कलम खुस्किनु, सोचमा घोच पस्नु हुन सके पनि खुस्किन्छ कलम ।

अनेक क्रियाकलापमा लागिरहने लहडी इन्दुलका अनेक योजानहरूका लाइन छन् । मनमा । योजना कार्यान्वयन खातिर मनमनै जान्ने भेद नखोल्ने



Scanned with CamScanner

आदत बने आत्मघाटि बन्न सक्छ । प्रत्येक मनका योजना अवधारणा पत्रमा अभिमुखिकरपण भएर तिनकै जगमा कार्ययोजना तर्जुमा विशेषज्ञहरूबाट हुनु बाँछनीय मात्र होइन अनिवार्य छ। यति त इन्दुलका के.सी. र के.सी.का इन्दुलका हिडडुलमा अवतरण हुने भएको अपेक्षा छ । अवधाराणपत्र, प्रस्ताव पत्र अनि कार्यपत्रमा जग हालेर कार्ययोजना तयार पारी कार्यक्रम थालनी गर्दा अवलोकन, पर्यवेक्षण, सुपरिवेक्षण र मूल्यांकन निम्ति स्वस्थ्य आधार बन्छ। इन्दुललाई भन्ने परोइन । उनले बुझेको आभाष मिल्छ ।

इन्दुलका हिडडुलका अनन्त गति छन् । डुलफिरका जुरूकिन्छ । उनको निर्मित स्वभाव अनि स्वभावमा निर्मित इन्दुल योग प्राकतिक चिकित्सा साधनारत रहन्छन् । अनेक योगका योगि र साधानका साधक संयोग गराउँदै हिडडुल गर्छ इन्दुल । कहिले योग साधना कहिल्यै साधना नै योग बन्छ उनको । मैले आस्थापूर्वक इन्दुलबाट ग्रहण गरेको योगाभ्यास सार्थक बन्छ, बन्यो । कम्मर दुखेको निष्ठा घरका मेरो आत्माले कम्मर डोलाउने घुमाउने योग साधना साधन गर्न पाएँ । इन्दुलले मलाई सिवाय क्रमशः तीन तीन चक्कर कम्मर घुमाउँदा दाँया वायाँ, वायाँ दायाँ तीन तीन पटक मेरो निष्ठाछैं निवासमा मेरो कम्मर दुखाई साम्य हुँदै गयो । क्रमिक घुमाईका रहस्य त आफनो शरीरभित्रै स्वनिर्मित र नैसर्गिक तवरले निर्मित लुब्रिकेण्ट श्रोत परिचालन भई स्वतस्फुर्त हुदो रैछ ।

अहिलेलाई आदरणीय पाठक श्रोता महानुभाव । अथ:र इतिश्री मात्र इन्दुल के.सी. इन्दुल के.सी मात्र बन्दना शुभम् समाप्तम ।

■■■



Scanned with CamScanner

# डा. इन्दुल के.सी. वारे मेरो बिचार



**स्वामी धर्म महारस**
**गतिशील चिकित्सा शास्त्रका लेखक**
**तथा जडिबुटीका विशेषज्ञ**

उहाँ एक प्राकृतिक चिक्तिसकको नाताले करिव २० वर्ष पहिलेदेखि म इन्दुललाई चिन्दछु। सगैं काम गरेकोछु। सगँसगैं हिडेकोछु। यिनै आधारमा मेरो बिचार राख्दा डा. इन्दुल के.सी.ज्यू एक आदरणीय व्यक्तित्व, समाजसेवक, अध्ययनशील, असल व्यवस्थापक, यथार्थवादी, सधैं क्रियाशील, प्राकृतिक उपचारक, योग प्रशिक्षक, परसेवामा तत्पर, विश्लेषक, लेखक, प्रवक्ता, कुशल प्रशासक, भजन गायक, विद्वान निर्देशक, सल्लाहकार, सहयोगी, गतिशील, व्यवहारिक, वहुमुखी प्रतिभाका धनी, कसैको गल्तीमा औंला ठड्याउने, एलोपेथी औषधि/विषादि नखाने प्राकृतिक उपचारक, मठ-मन्दिर संस्कृतिका संरक्षक, नेपाली - नेवारी मातृभाषाका पुजारी, कर्मयोगका विश्वासी, नेपाल आमाका सेवक, सदा सकरात्मक, दीन-दु:खीहरूका लागि परोपकारी, अरूलाई सिकाउनेमा सदा शिक्षक, विकासहेतु समर्पित जोसँग पनि मिल्न सक्ने मिलनसार, सवैलाई समान व्यवहार गर्ने समतावादी, अन्याय-अत्याचार नसहने कानुनका अधिवक्ता, भ्रष्ट्राचार विरूद्ध आवाज घन्काउने नेपालका सपुत, नयाँ नयाँ कार्यक्रम सञ्चालक, सत्सङ्गी, सत्कार्यमा निडर प्रष्ट वक्ता, अरूलाई साथमा साथ दिने सच्चा साथी, हर कार्यमा खट्ने कामदार, धेरै संघ-संस्थाका संस्थापक अध्यक्ष, सदस्य, जडिबुटि नेपाली सम्पदाको प्रचारक, परमुखी-विदेशी चलखेलको विरोधमा उत्रने पहरेदार, नेपालको स्वास्थ्य क्षेत्रमा भएको विकृति-विसङ्गति हटाउन चहाने। कसैको गुलामी नगर्ने



CamScanner

स्वतन्त्रप्रेमी, फोहरी राजनैतिक दल विशेषमा अविश्वासी, स्वःको बारेमा चिन्तन गर्न आत्मचिन्तक, काममा खट्ने क्षमतावान-त्यागी । गोजीमा पैसो भए खर्चालु, अरूलाई ख्वाउने - पिलाउनेमा माहिर, जोसँग पनि बोली मिलाउन चतुर, कहिले कसो सर्वाहारी, प्रायः शाकाहारी, अनन्त गुण-धर्म प्रकृतिका झा तर के.सी. लेख्ने - बोल्ने उहाँको आफ्नो बानी कहिल्यै नथाक्ने । विकारले भरिएको पञ्चभौतिक शरिरका धेरै अवगुणहरू हुने हुनाले इज्जत घट्छ, यश मिल्दैन जश पाइँदैन भन्ने कुरा नबुझ्ने ।

उहाँका दिनचर्या बिहान बेलुकी एकल गन्थनमन्थन घरको फेददेखि चुचुरोसम्म तलमाथि सयौंपटक ओहोरीदोहोरी, फोन सम्पर्क गरिरहने, लेख्ने पढ्ने बाहिर भेटघाट गर्दै, मन्दिर दर्शन रातदिन भरीमा हजार बजार सवै काम भ्याउने विचित्रका इन्दुल । हजारौं बिमारीसँग धेरै ठाँउमा आयुर्वेदिक जडिबुटी उपचारमा उहाँले मलाई लैजानुहुन्थ्यो । जहाँ पनि मलाई पुऱ्याउनु हुन्थ्यो सरसल्लाह परामर्श दिदैंमा हप्तौं वित्थ्यो । बिरामीलाई बुझाउने गरी सरल तरिकाले उपचारका विधिहरू सिकाउँदा बताउँदा महिनौं बिते । जिन्दगीका धेरै वर्ष वितिसकका छन् । मेरा पितासमान ७६ वर्षे वृद्ध मानिस आजपनि समाज सेवामा सदा तत्पर भएको देख्दा छक्कै-दङ्गै पर्नुपर्छ । उपत्यकामा तीनै जिल्ला, चार दिशा, छ कोण, डाँडाकाँडासहित काभ्रे जिल्ला एकैदिनमा कयौं स्थानमा पुगेर बिमारी जाँच गरिन्थ्यो । खुव नालीबेली सोधेर धेरै तरिकाबाट उपचारका लागि पूर्वतयारी पारिन्थ्यो । उहाँसँगको लामो सङ्गतको कारणले नेपालको कहिले पूर्व कहिले पश्चिमका विभिन्न जिल्लामा कयौं ठाँउ-ठाँउ वनमा पुगिएछ । जहाँ जान पनि तयार तत्कालसम्झाउन सचेतना पुऱ्याउन सफल व्यक्तित्व मान्नुपर्छ । हप्तादिन उठ्वस गर्ने मानिसले तब इन्दुलको हो त चिन्दछ । उहाँको सम्बन्धमा लेखेर शव्दद्वारा वाक्यमा/दफामा/पानामा पुग्दैन । कुनै विद्यार्थीले चाहेमा विद्यावारिधी गर्नु पर्छ, ठूलो ग्रन्थ तयार पार्नुपर्छ किनकि चिनारी १-२ दिनको क्षणभरको होईन मृत्यूपर्यन्त गरिरहनुपर्नेछ ।

लोलोपोतो गरी मिठो बोलेर इन्दुलले कसैसँग केही लुट्नु छैन । धन कमाउनु छैन, तनमा-मनमा वनमा आजका दिनसम्म परमात्माको कृपाले उहाँ सकुशल हुनुहुन्छ । जिन्दगीका अबका बाँकी दिनहरू अरू मानिसहरूका शिक्षा-विद्याको लागि होस् । यो देहले जबसम्म कर्म गर्न सक्छ तबसम्म समाज र



Scanned with CamScanner

देशकै लागि भइदेखोस् । इन्दुललाई हेरेर सबै सुध्रिउन्, हर एकको मनमा राम्रो भाव आओस् । उहाँ एक सफल गृहस्थ व्यक्तिको साधारण जीवनयापन सदैव उच्चबिचारले ओतप्रोत छ । व्यक्तिगत रूपमा कसैसँग दुस्मनी छैन । नकरात्मक हुनुहुन्न तर समाजका देशका लागि र मानवकल्याणका हेतु सार्वजनिक भएर बोल्नुपर्छ । नेपाल यो पुण्यभूमिलाई शिव, गोरख, बुद्धको देश भनेर संसारमा चिनाउन नसक्दा दुःखी भएको महसुस गर्नुहुन्छ । यहाँका व्यक्तिहरू धनी, देश गरीब बन्दै गएकोले उहाँलाई चिन्ता पर्नु स्वभाविक हो । स्वास्थ्य क्षेत्रको दयनीय अवस्था देखेर दिनमा आँशु झार्नुहुन्छ । उहाँमा अझै पनि राष्ट्रको नेतृत्व गर्न सक्ने क्षमता छ, युवा जोश सकिएको छैन । जडिबुटिश्रोतको सम्पदा बाटै नेपाललाई धनी बनाउनुपर्छ भन्दै रातदिनभर भाषण गर्ने जनचेतना देशभर फैलाउने विशेष जागरण ल्याउने अभियानमा इन्दुल अग्रसर हुनुहुन्छ । बोलेर थाक्नुहुन्न, जसलाई पनि सम्झाउन सक्नुहुने विदेशीलाई आकर्षण गराउन अंग्रेजी भाषाको राम्रो ज्ञान प्रयोग गर्दै हुनुहुन्छ । सत्प्रयास जारी छ दिनको १८ घण्टा खट्नु भइरहेको छ । सनातन अटल विश्वासका साथ निरन्तर लाग्नु भएकोमा सदा सु-स्वास्थ्यको सकुशलताको कामना गर्दै परमात्माले इन्दुललाई महानशक्ति प्रदान गरून् ।

■■■



Scanned with CamScanner

# बहुमुखी व्यक्तित्वका धनी डा. इन्दुल के.सी.



**परशु प्रधान**
**वरिष्ठ साहित्यकार, स्रष्टा समाज नेपालका सल्लाहकार**

इन्दुल के.सी. सबै हो तर केही होइन कि ? केही होइन तर सबै हो । अथवा सर्वमुखी व्यक्तित्वका रूपमा म इन्दुललाई चिन्दछु । इन्दुल के.सी राम्रो हास्यव्यङ्ग्य कवि हो । विविध हास्य प्रस्तुत गर्दै व्यङ्ग्यको माध्यमबाट कविता लेख्ने कवि हुन् इन्दुल । सामाजिक विकृति, विसङ्गति र सामाजिक बेमेललाई आफ्नो कविताको विषयवस्तु बनाई सरल भाषामा अत्यन्त मिठो कविता लेख्ने कवि इन्दुलले छोटा छोटा कविता लेख्ने गरेका छन् । यसको उदाहरणको रूपमा **'भुइँचालो'** कविता संग्रहलाई लिन सकिन्छ ।

इन्दुल के.सी सेवा निबृत्त निजामति सेवक हुन् । उनी समाजसेवी व्यक्ति हुन् । समाजमा प्रत्येक घरघर, टोलटोल गएर सहयोग गरिरहेका हुन्छन् । समाजमा विविध किसिमका समस्याहरू आइपर्दा त्यसको विविध कोणबाट मेल गराउन सक्ने खुबी इन्दुलमा पाउन सकिन्छ । गाउँमा, टोलमा विविध पक्षको सुधार गर्न इन्दुल सधैं तल्लीन रहेका हुन्छन् । गाउँको सेवा सुविधा गरेर इन्दुल के.सी कहिल्यै थाक्तैनन् ।

इन्दुल के.सी. प्राकृतिक चिकित्साको राम्रो डाक्टरको रूपमा पनि परिचित छन् । जसलाई Nature Care नामले चिकित्साको क्षेत्रमा परिचय दिइन्छ । उनमा चिकित्सा सम्बन्धि राम्रो ज्ञान छ । यही प्राकृतिक चिकित्साको क्षेत्रमा यिनले पी.एच.डी. समेत गरेका छन् । सैद्धान्तिक र व्यवहारिक दुबै पक्षको राम्रो ज्ञान यिनमा पाउन सकिन्छ । म लगायत मेरो परिवारले धेरै पटक उनीबाट



CamScanner

राम्रो र उचित प्राकृतिक चिकित्सा पाएका छौं । अर्कोपक्ष इन्दुलले आफ्नो व्यक्तित्व बनाउने सन्दर्भमा भजनकिर्तनतिर पनि आफूलाई समर्पित गरेको पाइन्छ । भजनमा पनि केही आफै लेख्ने, गाउने, बजाउने खुबी उनमा रहेको छ । यसको साथै उनी धार्मिक कार्यमा पनि संलग्न हुन रूचाउने व्यक्ति हुन् । उनले धेरै मन्दिरमा गएर पूजाआजा गरी गराई ईश्वरको भक्ति गरेको छन् । सप्ताह, यज्ञ, महायज्ञ, पुराण आदिमा सक्रिय र नेतृत्वदायी भूमिका लिनु उनको यौटा विशेषता हो । राजनीति पार्टीसँगआवद्ध नभए पनि यिनी कम्युनिष्ट बिचार धारासँगकेही निकट, वा sympathizer हुन कि जस्तो लाग्छ । यिनमा जहाँतहाँ विद्रोही शैली देख्न सकिन्छ । बिचार धारामा विद्रोही शैली भए पनि आफ्नो पारिवारिक व्यवस्थापन भने इन्दुलले राम्रो तरिकाले गरेका छन् । दुई जना छोरी र एक छोरा भएका यिनले छोराछोरीलाई राम्रो बाटो देखाएर एक सफल पिताको परिचय दिन सफल भएका छन् । यी सबै कुराहरू हेर्दा सबै विषयमा जाने बुझेको मृदुभाषी साथीभाइलाई प्रभाव पार्न सक्ने व्यक्ति हुन् । सामन्य तन्त्र मन्त्र पनि गर्ने इन्दुलसँग म पनि प्रभावित छु । यस्ता बहुमुखी व्यक्तित्वका धनी इन्दुलसँग मेरो भेटघाट र चिनजान चाहिँ २०२७ सालमा मैले सरकारी जागिर खाएँ, उनले २०२८ सालमा शाखा अधिकृत भए । त्यो भन्दा अगाडी इन्दुल सरकारी शिक्षक थिए । उनले सानो ठिमी गठ्ठाघर स्थित आर्दश वहुउद्देश्यीय विद्यालयमा पढाउँदा विनोद चौधरी, बसन्त कुमार चौधरी जस्ता विश्वप्रसिद्ध हस्तिहरू उनका विद्यार्थी थिए । केही महिना जागिर खाएपछि इन्दुलसँगको मेरो चिनजान गाढा भएर गयो । कुनै समयमा शिक्षा मन्त्रलायमा एउटै कार्यालयमा सँगसँगै काम पनि गर्‍यौं । हामी २ जना नै दोस्रो श्रेणीसम्म भएर मैले २०५० को दशकमा अवकाश प्राप्त गरें । जागिरको क्रममा सबैलाई विविध समस्या त पर्छ नै । मैले पनि विविध समस्या भोगको छु । त्यस्तै इन्दुलले पनि समस्या र अप्ठ्यारा भोगेकै हो । हाकिमको चाकडी र चाप्लुसी नगर्ने स्वभावको हकी व्यक्ति हो । त्यही हाकिमको चाकडी नगरेकोले हो वा अरू नै कुनै कारणले हो, उनको पदोन्नति हुन सकेन ।

जागिरे जीवन पछि पनि हाम्रो सम्बन्ध भने टुटेन । आउँने जाने मात्र होइन, सहयोग र सल्लाह पनि भई नै रह्यो । विभिन्न साहित्यिक संस्थामा इन्दुलले मुख्य पदहरूमा रही काम गरे । उनीसँग परम् हितैषी मित्रका रूपमा



Scanned with CamScanner

हाम्रो सम्बन्ध रही रहयो । म १४ वर्ष विराटनगर घरमा बस्दा पनि उनी परिवार सहित मलाई भेट्न धेरै पटक विराटनगर आए । विराटनगरमा मेरो घर भएकाले उनले पनि साथीसँग नजिकै हुने गरी एउटा कुटी विराटनगरमा नै बनाउने सोच गरेका थिए । तर आफूले भनेजस्तो कहाँ पो हुँदो रहेछ र विविध कारणले उनको त्यो इच्छा पूरा हुन सकेन ।

इन्दुल, हामीले स्थापना गरेको नेपाल स्रष्टा समाजका आजीवन सदस्य हुन् । उनी विभिन्न कार्यक्रम तथा वनभोज, भेला, गोष्ठि, भेटघाट लगायत जुनबेला जहाँ पनि अझै हाम्रो सम्बन्ध कायम नै छ । म भन्दा उनी केही वर्ष जेठा भए पनि उनी धेरै स्वस्थ्य छन् । उनले प्राकृतिक चिकित्सा अपनाएर पनि यस्तै हुन गएको हुनसक्छ । साँच्चै भन्नु पर्दा उनी के.सी होईन झा हुन् । सायद भुपतिन्द्र मल्ल राजाका पालामा उनका पूर्वज भक्तपुरको मन्दिरमा पुजारी भएर आएका थिए ।

जीवनको उत्तरार्धमा राम्रो तरिकाले आफ्नो जीवन व्यतीत गरिराखेका छन् । उनीप्रति मेरो जहिले पनि सद्भाव र श्रद्धा कायम छ र सधै रहिरहने छ । उनी पनि मलाई त्यस्तै गर्छन् । खासगरी साहित्यिक क्षेत्रमा हाम्रो सद्भाव र सम्वन्ध प्रगाढ रहेको छ ।

अहिले आएर चाहिँ बुढो हुँदै गएपछि सबै त्यस्तै हुन्छन् कि क्या हो वा मलाई पनि अरूले त्यसरी नै मूल्यांकन गर्छन् कि ? कहिलेकाहिँ असामान्य, अपरिपक्व, अव्यवहारिक, एकहोरो स्वभाव जस्तो लाग्न थालेको छ । पहिलेको इन्दुल नभएर अर्कै इन्दुल पो हो कि जस्तो लाग्छ । उनी के सोच्दछन् । त्यो उनकै सोचाइमा भर पर्ने कुरा हो ।

उनको बहुमुखी व्यक्तित्व र क्रियाकलाप देख्दा मलाई कम्प छुट्छ । उनी सजग, सक्रिय र प्रभावशाली एक जना जादुगर जस्तो । उनको बारेमा **भुइँचालो** कविता संग्रहमा मैले लेखेको भुमिका मलाई अहिलेसम्म याद भइरहेको छ । यसबाट अझ डा. इन्दुललाई बुझ्न सजिलो पर्छ । उनी बारे मेरो एउटै गुनासो छ । धेरै विषयमा हात हाल्दा कुनै विषयमा पनि पार पाउन सकिन्न । एकको हुनुहोस् । सबैको नहुनुहोस् । यही मेरो अनुरोध छ ।

म ५७ वर्ष यता साथी डा. इन्दुल के.सीको गतिविधि, निष्ठा र आस्था देखेर मैले उनलाई **भगवानको आधुनिक अवतारका रूपमा देखेको छु** । हालै



Scanned with CamScanner

प्रकाशित **श्री यात्ती अजिमा स्मारिका**को २०७३ को स्मारिका पढेपछि म यो स्वीकार्न बाध्य भएँ कि उनीमा दैविक शक्ति आएको रहेछ। बाराही पीठमा नयाँ भवन निर्माण र मर्मत सम्भार, वाद्यवादनको संग्राहलय, बेलविवाहको व्यवस्था, भूकम्पबाट क्षती भएको स्थल पाटी र पौवाको जीर्णोद्वार, नवदुर्गा भवानीको मुकुण्डो निर्माणका लागि आर्थिक संकलन, हनुमन्ते खोला (मंगल तिर्थ) प्रदुषण नियन्त्रण, विश्व शान्ति ध्यान शिविरको आयोजना, पूर्वमेचीदेखि पश्चिम महाकालीसम्मको यात्राबाट विश्व शान्ति ध्यान केन्द्रको गतिविधिमा संलग्नता आदि अनेकौं राष्ट्र र जिल्लाका लागि उल्लेखनीय कार्यहरूले उनलाई अमर व्यक्तित्वका रूपमा स्थापित गरेको कुरा सत्य हो। योग-ध्यान, प्राकृतिक उपचार, धार्मिक कार्यहरूमा कृयाशील, सक्रियता, सधैंको सहयोगी भावना र पारदर्शी व्यक्तित्वलाई हामीले शुभकामना दिन म यो सानो टिप्पणी गर्दछु।

■■■



CamScanner

# डा. इन्दुल के.सी. वारे मेरा दुई चार कुरा



**पवन आलोक**
**अध्यक्ष**
**नेपाल स्रष्टा समाज**
**योगमाया राष्ट्रिय नारी स्रष्टा सम्मानका संस्थापक**

डा. इन्दुल के.सी. सँग मेरो परिचय मेरा आदरणीय गुरू वरिष्ठ आख्यानकार श्री परशु प्रधान ज्यूले उहाँसँग काठमाण्डौंमा आजभन्दा १० वर्ष पहिले एउटा रेष्टुरेन्टमा चियापान गराउनु भएको वेलामा भएको थियो। त्यो सामान्य परिचय पछि उहाँसँग धेरै समय भेट भएन मेरो। झन्दै आठ नौ वर्ष पहिले अघि नेपाल स्रस्ता समाजको एउटा कार्यक्रममा फेरी डा. इन्दुल के.सी. सँग भेट भयो। त्यस वेला म स्रस्ता समाजको महा सचिव थिएँ। त्यो संस्था स्थापना मात्र भएको थियो। विधिवत दर्ता गर्ने प्रकृयामा हामी थियौं। श्री परशु प्रधान सर त्यस संस्थाको सल्लाहकार हुनुहुन्थ्यो।

धेरै वर्षसम्म उहाँसग भेट हुन सकेन। म प्रायः राजधानी वाहिरै धेरै वर्षसम्म बसें। कहिले काही अफिसको मिटिङ्ग, सेमिनार आदिको लागि काठमाडौं आइन्थ्यो, गइन्थ्यो। वसोवास भेटघाट कमै थियो। संस्थाको स्थापना मात्र भएको थियो। विधिवत दर्ता गर्ने प्रयासमा हामी थियौं। वरिष्ठ कवि श्री शैलेन्द्र साकार संस्थापक अध्यक्ष र स्व.प्रा.डा. अञ्जीर प्रधान संस्थापक उपाध्यक्ष अनि परशु सर सल्लाहकार। संस्थाको विधान बनाउने क्रममा कानुको ज्ञाता समेत भएका नाताले हामीलाई धेरै सल्लाह, सुझाव दिनु भयो। त्यो क्रममा उहाँले नेपाल स्रष्टा समाजलाई धेरै मद्दत गर्नु भएको म अझै पनि सम्झन्छु। डा. इन्दुल स्वयम पनि स्रष्टा भएकोले हाम्रो संस्थाको सदस्यता लिनु भयो। विधिवत रूपमा नेपाल

स्रष्टा समाजको आजीवन सदस्य पनि बन्नु भयो । हामीले संस्थाको कार्य समितिमै वसिदिनु पऱ्यो भनेर आग्रह गरेपछि डा.इन्दुलले एउटा कार्यकाल भरि कार्यसमिति सदस्यको रूपमा महत्वपूर्ण योगदान दिनुभएको थियो ।

नेपाल स्रष्टा समाजको स्थापना पछि नेपाली साहित्यको विकासमा सक्दो टेवा पुऱ्याउने हाम्रो उद्देश्य अनुरूप विभिन्न कार्यक्रमहरू तर्जूमा गरिए । त्यसमा संस्थाका अल्पकालीन, दीर्घकालीन कार्यक्रम र रणनीतिका साथै त्यस्ता योजनाहरू एवम् संस्था संचालनको लागि आवश्यक पर्ने स्रोत जुटाउने र व्यवस्थापन गर्ने सम्बन्धमा पनि संस्थाको कार्यसमितिले कार्य टोली गठन गऱ्यो र उक्त टोलीमा डा. इन्दुललाई संयोजक बनाएको र उहाँमा भएको तत् सम्बन्धी लामो अनुभवबाट संस्था लाभान्वित भयो । उहाँले अत्यन्त उपयोगि सुझावहरू आफ्ना प्रतिवेदन मार्फत दिनु भयो । त्यति मात्र होइन, समय समयममा संस्थाको दीर्घकालीन योजना र भावी रणनीतिहरूको सम्बन्धमा उहाँबाट अमूल्य सुझावहरू नेपाल स्रष्टा समाजले प्राप्त गरेको थियो र यो काम अझै पनि जारी छ ।

डा. इन्दुल सममायिक विषयमा कलम चाउनु हुन्छ । वरिष्ठ आख्यानकार श्री परशु प्रधानले ठीकै भन्नु भएको छ । इन्दुलका साहित्यहरू नेपाली समाजले भोग्नु परिहेको पीठा मूलक अति यथार्थको दैनिकी अर्थात डायरी हो । अर्का विद्वान प्रा. डा. कृष्ण प्रसाद दाहालको यी भनाईबाट उहाँको व्यक्तित्व यस्तो देखिन्छ "कवि इन्दुल के.सी. कुशल प्रशासक, सफल प्राकृतिक स्वास्थ्य चिक्तिसक व्यक्तित्वका रूपमा चिरपरिचित छ ।" म पनि परशु प्रधान र डा.दाहालको भनाइमा सहमत छु ।

अन्त्यमा डा. इन्दुल के.सी.को जीवन सफल रहोस र आगामी दिनमा अझ सशक्त र सिर्जनशील भूमिकाको अपेक्षा गर्दै हार्दिक शुभकामना दिन्छु ।

नेपाल श्रस्ता समाजले प्रकाशन गरेको डा. इन्दुल के.सी.ले लेख्नुभएको **भुइँचालो** कविता संग्रहको विमोचन वरिष्ठ साहित्यकार संस्कृतविद् श्री तेजेश्वर बाबु ग्वंगज्यूले भक्तपुर औद्योगिक क्षेत्र स्थित उद्योग वाणिज्य संघको सभाकक्षमा एउटा शान्दार कार्यक्रममा काठमाडौबाट स्रष्टा समाजका धेरै स्रष्टा साहित्यिक व्यक्तिहरू भक्तपुर जिल्लाका साहित्यिक व्यक्तिहरूको सभाकक्षा खचाखच भरिएको थियो । कार्यक्रममा **भुइँचालो** कविता संग्रहमा रहेछ एउटा 'सारतत्व'



Scanned with CamScanner

भन्ने कवितालाई पद्म कन्या कलेजका सँगीतका प्राध्यापक श्री श्रीराम आर्चायज्यूले तरज राखी भक्तपुरका कलाकारहरूको समूहबाट वडा रोचक एवं मनमोहक संगित प्रस्तुत भएको थियो । उक्त कार्यक्रममा श्री परशुप्रधान, श्री चन्द्रप्रकाश उप्रेती, कवि शैलेन्द्र साकार कवि श्री हरि अधिकारी सिमाविद् श्री बुद्धिनारायण श्रेष्ठज्यूले विमोचित कविता संग्रहमा रचित डा. इन्दुल के.सीको कवित्ववारे आ-आफ्नो बिचार राख्नु भएको थियो । यसरी स्रष्टा समाजले आयोजना गरेको उक्त कार्यक्रम एउटा उदाहरणिय रूपमा व्यवस्था गर्न डा. इन्दुल के.सी. तथा उहाँका श्रीमती छोरी लगायतकाका परिवारहरूको प्रयास मैले अभिरूची पूर्वक हेरेको थिएँ । वास्तवमा डा. इन्दुल के.सी.लाई म बहुमुखी प्रतिभाका धनीका रूपमा सधैं सम्भिरहन्छु ।

■■■



Scanned with CamScanner

# मेरा केही धारणा डा. इन्दुल के.सी.प्रति



**प्रचण्ड मान श्रेष्ठ**
**पूर्व महानिर्देशक पर्यटन विभाग, पूर्व महानिर्देशक नेपाल पर्यटन बोर्ड**

विश्व जनसमुदायमा प्रत्येकको भौतिक विशेषतामा समानता रहे तापनि प्रत्येक व्यक्तिको पहिचान अलग अलग अनुहारको रूपमा परिचित हुने गरेको छ । फरक फरक अनुहारको सँगसँगै फरक गुण वैगुण र व्यवहार आचरण तथा सोचबाट प्रत्येक व्यक्तिको अलग्गै व्यक्तित्व स्थापित भएको पनि हामी पाउँछौं । यसै सन्दर्भमा हाम्रा एक मित्र जसको झण्डै ७६ वर्ष अगाडी काठमाडौं उपत्यकाको भक्तपुरको मंगलाछें भन्ने स्थानमा जन्म भइ इन्दुल के.सी.का. नामबाट परिचित भई एक विशेष व्यक्तित्वको रूपमा यस राष्ट्रमा स्थापित हुने गरेको छ । मेरो इन्दुलजीसँगको पहलिो चिनापर्चिको माध्यम सरकारको शिक्षा मन्त्रालय बन्न पुगेको थियो आज भन्दा ४४ वर्ष अगाडी ।

त्रिभुवन विश्वविद्यालयबाट वाणिज्य शास्त्रमा मास्टरको डिग्री प्राप्त गरे पछि तत्कालिन परिस्थितिमा रोजगारीको प्रमुख क्षेत्र रहेको सरकारी सेवामा प्रवेश गर्नु जो सुकै पनि लालाहित हुने परिप्रेक्षमा मैले पनि २०३० सालमा अधिकृतको तहमा शिक्षा मन्त्रालयमा अस्थायी नियुक्ती पत्र प्राप्त गर्न सफल भई अन्धा बहिरा र अशक्तहरूलाई दिइने विशेष शिक्षा संबन्धी शाखामा कार्यरत रहन पुगेको थिएँ । भर्खर विद्यार्थी जीवनबाट सरकारी कामको पेशामा प्रवेश गरेको अवस्थामा सरकारी कार्य प्रणाली प्रकृया व्यवहारको पूर्ण अनभिज्ञता हनु स्वाभाविक नै थियो । यसै परिप्रेक्षमा तत्काल नेपालमा नयाँ शिक्षा प्रणाली लागु



Scanned with CamScanner

गर्ने महान अभियान लागेका शिक्षा मन्त्रालय भित्र कार्यरत अधिकारीहरूको चुरीफुरी बेग्लै थियो । भर्खर सरकारी सेवामा प्रवेश गरेका एक कलिलो जवानले आफूलाई सक्षम डोहऱ्याउन मन्त्रालय भित्रका अनेकौं व्यक्तिहरूको सूक्ष्म हस्तिबाट नियालेर आफूलाई त्यो अनुरूप तुल्याउने प्रयान गर्नु मनोवैज्ञानिक प्रकृति नै हो । यसै सिलसिलामा शिक्षा मन्त्रालयको महत्वपूर्ण विभाग विद्यालय प्रशासनमा उपसचिव पदमा कार्यरत इन्दुल के.सी. सँग मेरो आमना सामना हुने अवसर प्राप्त भएको थियो । त्यस्ता अरू पनि धेरै पदाधिकारीहरू मन्त्रालयमा थिए र संम्पर्कमा आएका थिए तर तिनै कारणले इन्दुलजीसँग स्मरणिय संलग्नता रहन गएको महशुस हुन पुग्यो ।

पहिलो कुरा त म काठमाडौं नेवार परिवारमा जन्मी हुर्केको कारणले संस्कृतमा आधारित क्लिष्ट नेपाली भाषामा संवाद र संचार गर्न कठिनाइ भई रहेको अवस्थामा इन्दुलजीको थर के.सी. भएतापनि भक्तपुरको विशेष नेवारी शैलीका शब्दहरू नेपाली भाषासँगसँगै संवाद गर्दा मलाई धेरै सहजता पुग्न गएको थियो । दोस्रो इन्दुजली उप सचिव भई सकेको र मेरो आफ्नो प्रत्यक्ष शाखा संवन्धित नभएकोले सरकारी कार्य टिप्पणी मार्फत लिइने निर्णय प्रकृया तहगत अधिकारीहरूको रायको महत्व र ज्ञान जसबाट म अनभिज्ञता थिए र आफ्नै शाखामा कर्मचारी र हाकिमलाई सोध्दा आफ्नो अनभिज्ञताको अवमुल्याकन होला कि भन्ने डर रहेकोले इन्दुलज्यूको सामिप्यतामा रहन पुगेको थिएँ । यस सामिप्यताबाट प्राप्त जानकारी प्रशिक्षणको रूपमा तत्पश्चातको मेरो ३५ वर्षको सरकारी पेशामा मार्ग दर्शन भएर रहन पुग्यो । तेस्रो सरकारी संरचना तहगत अधिकारीहर बीच विषयगत छलफल मतमतान्तर धारणा प्रस्तुतीमा कसरी निडरताका साथ तर्कपूर्ण प्रस्तुती हुनु पर्छ भन्ने पनि इन्दुलजीको उदाहरणले मलाई प्रभावित गरेको थियो ।

शुरूवातका यी एकाउन वर्षको चिनाजानी पश्चात २०३२ सालमा म लोकसेवा आयोगको सफल परीक्षणबाटा स्थायी सरकारी सेवामा प्रवेश गरी विभिन्न मन्त्रालयमा पदस्थापन भई कार्यरत हुन पुगे भने इन्दुलजी शिक्षा मन्त्रालयबाट घरेलु उद्योग विभाग अनि स्थानीय विकास मन्त्रालय सामान्य प्रशासन मन्त्रालयमा सरूवा हुँदै आफ्नो पेशागत जीवनलहर बढाउँदै गए ।



Scanned with CamScanner

सामान्य प्रशासन मन्त्रालयको एक महत्वपूर्ण कार्य सहायक स्तरका सरकारी कर्मचारीहरूको क्षमता वृद्धि गराउन विभिन्न तालिम कार्यक्रमहरू संचालन गर्ने रहदै आएको थियो । यस मन्त्रालयको तालिम महाशाखाको उपसचिवको रूपमा इन्दुल के.सी.जी संलग्न रहँदा सरकारी प्रयासबाट मात्र सो कार्य पर्याप्त नहुने देखि आफ्नै पहलमा अरू त्यस्तै सरकारी कार्यकारी श्री कृष्णहरी बास्कोटा, श्री श्याम सुन्दर हामी जस्ता साथीहरूको सहयोगमा व्यवस्थापन तालिम तथा अनुसन्धान केन्द्र स्थापना गर्न पुगेको थियो । अरू केन्द्रबाट संचालित विभिन्न तालिम तथा अनुसन्धान कार्यमा मलाई पनि बेला वखत संलग्न गराउन इन्दुललीजे सम्भ्कनु भएको कारणबाट उहाँसँग पुन :एक पटक नजिकिन पुगेको थिएँ । साथै सरकारी प्रशासन व्यवस्थामा व्यवस्थापनका सिद्धान्त र प्रकृया घर व्यवहारमा अवलम्वन गर्न सकेमा सरकारी कार्य प्रणाली अझ बढी प्रभावका हुन सक्छ भने हामी दुवैमा मान्यता रहन गएको थियो ।

सन् २०४६ साल र यस अगाडीका केही वर्षमा नेपालमा संरचनात्मक परिवर्तनको वातावरण सृजना भई रहेको थियो । यसै परिस्थिति सरकारी कर्मचारीहरू पनि राष्ट्रको विकासमा प्रजातान्त्रिक वातावरणबाट बढी योगदान पुऱ्याउन सकिन्छ भन्ने धारणा लिई इन्दुलजी लगायतको अग्रसरतामा नेपाली कर्मचारीतन्त्रको इतिहासमा पहिलो पटक सरकारी कर्मचारीहरू पनि आन्दोलनमा सहभागी भएको तथ्य स्मरण गराउन चाहन्छु । यही कर्मचारीहरूको आन्दोलनमा संलग्नता पश्चात आन्दोलन सफल भई राष्ट्रिय परिवर्तन प्राप्त गर्न सकिएको अभिव्यक्ति तत्कालिन अन्तरिम कालका प्रधानमन्त्री श्री कृष्ण प्रसाद भट्टराईले व्यक्त गर्नु भएको थियो ।

सन् २०४६ को आन्दोलन पश्चात राष्ट्रमा प्रजातान्तित्रक वातावरण सुनिश्चित गर्न सबै समुह तथा विविध तहका व्यक्तिहरू लागि रहेको स्थितिमा सरकारी कर्मचारीहरू पनि आफ्नो हक हित स्थापित गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउने सिद्धान्त अनुरूप कर्मचारीहरूको संगठन हुन उपयुक्त हुने देखेकाले यस्तो संगठन औपचारिक रूपमा दर्ता गर्न इन्दुल के.सी.को भुमिका रहन गएको हामी स्मरण गर्न सक्छौं ।

तर परिवर्तित संरचना अनुरूप अवस्थित नयाँ संविधानका प्रावधान अनुसार गठित सरकारले २० वर्ष भन्दा बढी सेवारत सरकारी कर्मचारीहरूलाई

अवकाश दिने निर्णयबाट इन्दुल केसी सरकारी सेवाबाट एक्कासी बाहिरिनु पुग्यो । कानूनका विद्यार्थी इन्दुल केसी सरकारको यस निर्णय प्रति चूप लागि ग्रहण गर्ने त कुरै भएन । प्रजातान्त्रिक व्यवस्थामा अधिकार र कर्त्तव्यको संतुलित कानूनी राज्यको मान्यतामा आधारित हुनु पर्ने वास्तविकता स्थापित गर्न अदालतको ढोका धक्धकाएर इन्दुलजी पुनः आफ्नो सेवामा पूनस्थापित हुन सफल हुनु भयो । यसबाट परिवर्तिन राजनैतिक परिवेश र समकालिन विश्वमा समानता र न्यायको नेपाल पनि समावेश हुन खोजिरहेको स्थितिमा सरकारको निर्णयको चूनौती दिई कुनै पनि निर्णय आधारहिन हुनु हुँदैन भन्ने वास्तविकता र विश्वलाई स्थापित गर्न इन्दुल सफल हुनु भएको सबैले महसूस हुन गयो ।

समयको चक्र सेवामा पूनस्थापित इन्दुल के.सी. कार्यरत पर्यटन तथा नागरिक उड्डयान मन्त्रालयमा पदस्थापन हुन पुग्न भयो र एक पटक फेरी एउटै मन्त्रालय अन्तर्गतसँगै कार्य गर्ने अवसर मलाई प्राप्त भयो ।

राष्ट्रको आकांक्षा अनुरूप परिवर्तित अवस्थामा नेपालको कर्मचारीतन्त्र समय सापेक्ष हुन नसक्नु कुनै नौलो कुरा होइन । एकातिर कर्मचारीतन्त्र र यसको कार्य शैलीमा सुधारको अपेक्षा राष्ट्र र जनताले गरेको अवस्था थियो भने कर्मचारी तन्त्र आन्तरिक रूपमा एक उर्जाप्रति इर्ष्या द्वेषबाट ग्रसित रही नेतृत्व वर्गलाई दिग्भ्रदित गराउने तर्फ उन्मुख देखिएको वातावरण सृजना भइरहेका थियो । कर्मचारीहरू आपसी द्वन्द कटुता सुधारो मुख हुनुको वदलामा एक अर्का प्रतिको प्रहार र नकारात्मक्ता व्याप्त हुँदै गइरहेको स्थिति थियो । यसै परिप्रेक्षमा पर्यटन तथा नागरिक उडड्यान मन्त्रालयको उपसचिवको कार्यमा संलग्न हुँदा त्रिभुवन अन्तारिय विमानस्थलको राडार जडान संबन्धी कार्यक्रमको सिलसिलामा इन्दुल के.सी.को कार्यमा अनावश्यक एवं निर्थक लान्छना लाग्न पुग्यो ।

यसरी राष्ट्रको नीति निर्माणमा महत्वपूर्ण योगदान गर्ने समूहका रूपमा रहेको कर्मचारीतन्त्रको निष्टा छवि माथि परिवर्तित राष्ट्रको परिवेशमा उपज भई रहेका अविश्वास र कर्मचारी बीच रहदै बढ्दै गएको ईर्ष्या र द्वेष वीचका संघर्षमा एक पटक पुनः इन्दुलजी च्यापिन पुग्नु भयो ।

तर राष्ट्रको राजधानी प्रशासनको केन्द्र विन्दु रहदै आएको काठमाडौं उपत्यकामा जन्मी तत्कालिन परिवर्तन, अनुशासन बफादारी र कार्यप्रति ईमान्दारीलाई जीवनको लक्ष लिने वातावरणमा हुर्किएको इन्दुलजीले आफ्नो



Scanned with CamScanner

निष्टा प्रति उठाएको लान्छना विरूद्ध संघर्षमा उत्रनु स्वाभाविकै थियो । यस संघर्षमा पनि उहाँले सफलता हासिल गरी हालको परिवेशमा राष्ट्रको व्यवस्थापनलाई आध्ययन गर्ने नैतिक वैचारिक व्यावहारिक दृष्टान्तको रूपमा इन्दुलजीको विगतलाई पाठ सिकेर संस्थागत गर्न सकेमा राष्ट्रको भविष्य आशाप्रद हुनेमा दुईमत हुन सक्तैन । अहिलेको समस्या नै राजनैतिक नेतृत्वलाई नीति निर्माण र कार्यान्वयनमा राष्ट्र र जनताको हितलाई सर्वोपरी राखी राय सुझाव दिने कर्मचारी तन्त्रको क्षमतामा आएको ह्रासलाई लिन सकिन्छ भने इन्दुलजी जस्ता कर्मचारीले विगतमा सामना गरेको उतार चढाव र निष्ठा इमान्दारी उदाहरणलाई मार्ग दर्शनको रूपमा लिन सकिन्छ ।

मलाई एउटा कुराको सम्झना आइरहेको छ। इन्दुल के.सी. कै सक्रियतामा प्राध्यापक श्री बासुदेव प्रसाद जोशीको अध्यक्षतामा गठित विद्वतवर्गहरू-हिरामणि घिमिरे, श्री परशु प्रधान, श्री चन्द्रमान प्रधान, श्री बद्रीभक्त श्रेष्ठ, श्री, लक्ष्मी नार ायण ताम्राकारसमेत रहनु भएको कार्य समितिमा म पनि संलग्न भइ नेपालको पर्यटन क्षेत्रमा केही काम हामीले गऱ्यौं । अन्तमा म इन्दुलजीको हर कार्यहरूको सफलताको कामना गर्दछु ।

■■■

# मेरो आँखामा डा. इन्दुल के.सी.



**प्रेमकृष्ण ताम्राकार**
**भजन रचयिता, गायक एवं विभिन्न किताबका लेखक**

मैले तपाईलाई भक्तपुरको एक साधारण व्यक्तिको रूपमा देखेको थिएँ । तर तपाई त्यति मात्र नभई भक्तपुरको संस्कृति सम्पदाको संरक्षणमा निरन्तर हिड्ने व्यक्ति रहेछ। मैले सुने अनुसार सरकारी सेवामा पनि उच्च ओहदासम्म, पुगी अवकाश लिनु भैसकेको रहेछ । म जस्तो साधारण व्यक्तिले तपाईको बयान के गर्न सक्छु र । तैपनि तपाईले मलाई एक पटक भक्तपुरको महाकाली स्थानमा र एक पटक श्री वाराही पीठको प्राङ्गणमा भजन कार्यक्रममा बोलाउनु भयो मैले भाग लिएको थिएँ । त्यस बेला देखि परिचित तपाई १०, १२ वर्ष वित्यो होला । अहिले मैले तपाई धेरै मेहनत र लगनशिल भएको व्यक्तिको रूपमा देखें ।

मैले पनि एकपटक लगनखेल स्थित श्री बटुक भैरव नाथको भजनमा तपाईलाई मैले बोलाएँ । तपाई आउनु भई राम्रो भजन सुनाउनु भयो । सबैले तपाईलाई तारिफ गर्नु भयो ।

त्यसपछि मैले २०७२ साल आषाद १३ गतेका दिन मेरो बुढा जंकुको निमन्त्रणा दिएँ । त्यसबेला तपाईले मलाई र मेरी श्रीमतीलाई राम नामको दोसला ओढाइ सम्मान गर्नुभयो । त्यसदिनको उपलक्ष्यमा मैले आफैले लेखेको जीवन र मतिनाया सः नामक दुईवटा पुस्तक पनि संस्कृति विद् श्री सत्यमोहन जोशीज्यूले विमोचन गर्नु भएको थियो । मैले तपाईलाई पनि दुई शब्द बोल्नको लागि मञ्चमा बोलाएँ । हाम्रो सम्बन्ध बढ्दै गयो । त्यसपछि २०७२ साल



CamScanner

श्रावन ११ गते सोमबार हरिशयनी एकादशीको पावन अवसरमा श्री वाराही पीठ भक्तपुर परिषरमा भव्यसंगीतमय कार्यक्रमको संचालनमा मेरो तर्फबाट ताम्रकार उग्रचण्डी माई जाउलाखेलको भजन र लगनखेल स्थित हनुमान सेवा केन्द्रको भजनलाई बोलाउनु भयो। दुवै भजनको संयोजक हैसियतले दुवै भजनबाट भाग लिएँ। त्यो बेला तपाई वाराही पीठको अध्यक्ष हुनुहुँदोरहेछ। हामीलाई बडो राम्रो सम्मान गर्नु भई फूलमाला लगाई भाषण गराउनु भयो। हाम्रो दुइतै भजन राम्ररी सुन्नु भयो। त्यस बेला कार्यक्रम संचालन गर्दा त्यहाँको स्पिकरको स्वर अलि कम देखेर हाम्रो हनुमान सेवा केन्द्रको भजनका सदस्य श्री जितेन्द्र नकर्मीको निजी तर्फबाट नयाँ स्पिकर खरीद गरी श्री वाराही पीठमा हस्तान्तरण गर्नु भयो। उहाँ पनि तपाईको कार्यक्रमप्रति प्रशन्न हुनु भयो।

मैले देखे अनुसार तपाई भक्तपुरका संगीत प्रेमीलाई प्रेरणा दिई बेला बखतमा कार्यक्रमको संचालन गरी भजनप्रति हौसला बढाउनु भएको रहेछ। मैले सुने अनुसार यस प्राङ्गनमा पुरानो बाजाहरूको संरक्षण गरी एक ठाउँमा जम्मा गरी बाद्य वादनको म्यूजियम खोल्ने योजना गर्नु भएको रहेछ। यसले गर्दा भक्तपुरको पर्यटकहरूलाई आकर्षन हुन सक्ने राम्रो योजना ठानेछु।

तपाईले २०६५ सालमा लेख्नु भएको **भुइँचालो** कविता संग्रह मैले अध्ययन गर्दा तपाईले देशको विसंगतिहरूप्रति प्रहार गरी वकालत गर्नुभई राष्ट्रप्रति स्वाभिमान भई बयान गर्ने प्रयास गरेको पाएँ।


आजकल तपाई फेरी श्री श्याम सुन्दर रास भजन मण्डलको घर भुकम्पले क्षति ग्रस्त भएको भजन घर जिर्णोद्वार गरिने निर्माण समिति भक्तपुर नगर पालिका ४ मंगलाछेँ टोल नासमनाका भजन मण्डलको सहयोगमा भजनघर निर्माण गर्न समितिको अध्यक्षको गरिमामय पदमा रहि पुण्य कार्यमा लगनसिल भई लागेको देखें। तपाईलाई मुरी मुरी धन्यवाद नदिई बस्न सकिन।

■■■



Scanned with CamScanner CamScanner

# मेरा सहयात्री डा. इन्दुल के.सी.



प्रेमप्रकाश फलाहारी बाबा
केन्द्रय अध्यक्ष
त्रिफला राष्ट्रिय पुस्तकालय,
झापा

मैले दुई पटक नेपालको ७५ वटैहरू पैदल भ्रमण गरिसकेको छु । डा. इन्दुलको यात्रा नेपाल, भारत मात्र होइन संयुक्त राज्य अमेरिका वेलायत फ्रान्स, जर्मनी, इटाली, स्वीजरल्यान्ड, जापान, ग्रीस, इजरायल, थाइल्याण्ड, हङ्कङ्, लगायत दर्जनौं मुलुकहरू भ्रमण अवलोकन गर्ने ज्यूँदो जाग्दो नेपाली नागरिक हुन् । समाज सेवामा शिखर चुम्दै रहेका इन्दुलले स्वास्थ्य सम्वन्धि गरेको ज्ञान मैले स्वयम् अनुभव नगरेको होइन । योगका ज्ञाता, रेकी मास्टर, प्राकृतिक उपचार केन्द्रका सञ्चालक, वालवालिका तथा महिला साथै वातावरण संरक्षण जस्ता अनगिन्ति कार्यक्रमहरूमा सक्रिय सहभागिता रहेको पाएँ ।

साहित्य लेखन, कविता वाचन, भजन गायन र वाद विवाद प्रतियोगिता अग्रपङ्क्तिमा उर्लिएको नदीको छाल झैं सललल कल्कलाइ रहेको महसुस हुन्छ । इन्दुल दयालु रहेछन्, खप्तड स्वामी रचित धर्म विज्ञान जस्ता अती दुर्लभ ग्रन्थ भाग १, २, ३, र ४ त्रिफला राष्ट्रिय पुस्तकालयको आजीवन सदस्यताको हैसियतले समर्पण गर्दा पुस्तकालयका पाठकले ठूलो राहत महसुस गरेका छन् । कृति सम्पादनमा पनि उनको ठूलो भूमिका छ । उदाहरणको लागि डा. इन्दुल प्रधान सम्पादक रहेर वि.सं. २०५६ मा प्रकाशित पूनर्यौवन पत्रिका अंक १ मा सजाइएका रचनामा नजर पर्दा स्वयम् बुझ्न सकन्छि ।

अध्ययनमा एम.ए, विएल त्रिवि, वैकल्पिक उपचारमा पिएचडि गर्दै व्यवहारिक ज्ञानमा निपुण मानिन्छन् । उनको स्वभाव ७६ वर्ष पुगे पनि १६ वर्ष युवक झै लाग्छ। उनी चञ्चले स्भावका छन् । एकपल्ट २०७२ को चैत्र अन्त्यतिर नेपालको दोलखा चरिकोटमा जेष्ठ नागरिकको चौथो महासम्मेलन हुँदा इन्दुलसँग सहयात्रा गर्दा भएका देश विदेशका वार्तालाप, उठबस, भक्तपुर, दोलखा मार्गको चमेरे ११ नं. सिटमा ७ घण्टाको सहयात्राका सन्दर्भ वर्णन अवर्णनीय रहेको छ । सेवाभाव, उपचार भाव, दयाभाव सबै यात्रुले महसुस गर्दै थिए । इन्दुल नदीझै चलायमान मानिन्छन् ।

डा. इन्दुलको छब्बिस वर्षको उमेरमा वि.सं. २०२४ साल असार २४ गते जुद्ध समसेरकी पनातिनी, मानसमसेरकी नातिनी, लक्ष्मीसमसेरकी छोरी सावित्री के.सी. राणा (विष्णु कुमारीकी सुपुत्री)सँग विवाह वन्धनमा बाधिए पछि छोरी द्वय छोरो एक जन्म भएको पाइन्छ ।

भक्तपुर- ४ को मङ्गलाछें, जन्मस्थलमा ७६ वसन्त पारगर्दै रहेका केसी ५ तले गगन चुम्वी निजी भवनमा कर्मयोगमा व्यस्त रहन्छन् । उनको कहिले झाडुयोग, कुच्चोयोग, कुटोकोदालो योग जस्ता साधनामा विहान तीन वजे देखि व्यस्त रहन्छन् । श्रीमती सावित्री पनि अव पतिदेवो भव: मा ठ्याक्कै मिल्छ ।

के.सी. शीरमा प्राय नेपाली टोपी कोट, पेन्ट सर्टमा सजिएरै हिडेको देख्न पाइन्छ । उनका योजना महत्वाकाक्षी प्राय सवैले भन्ने गर्दछन् । उनले नेपाली, नेवारी, अंग्रेजी, हिन्दी जस्ता अनेक भाषामा वोल्ने लेख्ने पढ्ने उनको आदत रहे को पाइन्छ । उनले जे चिताउँदछन् त्यो हुनु पर्दछ । अनेक कार्यक्रम वनाइ रहने सूर्य, चन्द्र तथा नदी झै इन्दुल हिड्डुल गरिरहन्छन् ।

डा. केसी वि.सं. ०५५, ०५६ तिर टि.एन पथिकको अध्यात्म मार्गमा सहयात्री भै जनचेतना जगाउने काम गरेको कुरा ओसो पथिक फाउण्डेसन सतुङ्गलको चौतर्फि कार्यक्रमहरू आरोग्य पथ, शिक्षण पथ, आनन्द पथ, योग पथ, सन्त पथ, समाधि पथ, अमृत पथजस्ता पथप्रदर्शनतिर कहिले काही र विशुद्ध दे व स्वामीको हंशदा योगाश्रम वनेपामा कहिले काही त हंशदा योगाश्रमको कार्य आदिमा इन्दुल उदाउँदै शीतलता दिन्छन् ।

वि.सं. २०७२ को अन्त्य देखि पूर्वी नेपाल झापा तिर पनि उनको तन, मन, धन र कर्म स्थल त्रिफला पुस्तकालयको काठमाडौं, भक्तपुर, ललितपुरलाई



Scanned with CamScanner

झापाको उन्नतिमा लाग्न प्रेरणा प्रदान गर्दै रहेको पाइन्छ। डा. इन्दुल के.सी.को संयोजकत्वमा सात सदस्यीय त्रिफला राष्ट्रिय पुस्तकालय भक्तपुर सम्पर्क समिति गठन भै सकेको छ। सो समितिले पुस्तक, पत्रपत्रिका संग्रह गर्ने देखि केन्द्रीय कार्यालयको विकाश निर्माण बृहत योजना बनाउन पुस्तकालयको काठमाडौं उपत्यका सम्पर्क समितिका संयोजक पूर्वक्षेत्रीय प्रशासक श्रीटीकाराम अर्याल वरिष्ठ समाजसेवी तथा समितिका महासचिव तोयानाथ फूयाँलसँग आन्तरिक बैठक वसी पुस्तकालय विकास निर्माण लागि योजना वनाउने काम अग्रगतिमा रहेको पाउदा पूर्वेली शिक्षाका मुहार मुस्कुराएका छन्। डा. इन्दुलले जहिले पनि मस्तिष्कमा समजदारी काँधमा जिम्मेवारी, हृदयमा इमान्दारीको मार्ग अवलम्वन गरी निरन्तर यात्रा गरिरहन्छन्।

२०७२ सालको श्री पञ्चमीका दिन त्रिफला राष्ट्रिय पुस्तकालय धुलावारी झापामा भएको भव्य पूजा, साहित्यिक व्यक्तिहरूको ठूलो सभा, संगितमय भजन कार्यक्रममा डा. इन्दुल के.सी.को सक्रिय सहभागिता रहेको कुरा म कहिले विर्सन सक्दिन। त्यहाँ उपस्थित धेरै व्यक्तिले तारिफ गरियो। यस पुस्तकालयको विकास, नेपाली साहित्यको विकास एवं् देश विभिन्न स्थानको भ्रमणमा हाम्रो सहयात्रा भविष्यमा पनि कायमै रहोस्। शुभ यात्राको मंगलमय कामना गर्दछु।

■■■



Scanned with CamScanner

# बहुआयामिक व्यक्तित्व: डा. इन्दुल के.सी.



**विनोद खनाल**
**महासबीच, त्रिफला राष्ट्रिय पुस्तकालय, केन्द्रिय कार्यालय, धुलाबारी, झापा**

यस संसारमा जन्मिएका हरेक मानिसहरूमा एकै किसिमको प्रतिभा, क्षमता र लगनशीलता हुदैंन । त्यसै गरी हरेक मानिसको रूचि, क्रियाशीलता र कर्मशैली पनि अलग अलग प्रकारको नै रहेको हुन्छ । केही एउटै विषयमा विशेष ज्ञान प्राप्त गरि विशेषज्ञ बन्दछन् भने कोही विविध विषयमा जानकारी राख्ने सर्वतोमुखी प्रतिभाका धनी देखिन्छन् । कसैले आफ्नो ज्ञान र क्षमतालाई निजी लाभका निमित्त प्रयोग गर्दछन् भने, कसैले आफ्नो ज्ञान, सिप र क्षमतालाई मानव हित र विश्व कल्याणका निमित्त क्रियाशील भएर निरन्तर रूपमा लगाइरहेका हुन्छन् । यस्तै व्यक्तिहरू मध्येका एक उर्जाशील र लगनशील व्यक्तिका रूपमा देखिनु हुन्छ, डा. इन्दुल के.सी. ।

डा. इन्दुल के.सी. को बारेमा छोटो लेख मार्फत परिचय दिन खोज्नु उचित नठहर्ला । उहाँका बारेमा शोध गर्ने हो भने महाभारत भन्दा पनि ठूलो शोध ग्रन्थ बन्न सक्छ । उहाँ आफैं एउटा विविध विषयहरूको पुस्तक हो । उहाँसँग के छैन ? कानुन छैन की । शिक्षाका चिन्तन, सिद्धान्त र व्यवहार छैन कि । उपचार पद्धतिको चर्चा छैन कि । योग साधनको ज्ञान छैन कि । समाज सेवाको अनुभव छैन की । निजामति प्रशासनको ज्ञान छैन कि । साहित्य सिर्जनाको अनुभव छैन कि । देश र विदेशका राजनैतिक व्यवस्था र भौगोलिक अवस्थाका बारेमा थाहा छैन कि । त्यसकारण उहाँ प्याजका पत्र जस्तै हुनुहुन्छ ।



Scanned with CamScanner

उहाँका ज्ञानका पत्रहरूलाई जति कोट्याए पनि सकिदैन् । तथापि छोटो लेखको माध्यमबाट भएपनि डा. इन्दुल के.सी.को बारेमा केही लेख्न पाउनु मेरा लागि गौरवको विषय बनेको छ । इन्दुल के.सी. हाल नेपाली साहित्य, शिक्षा, राष्ट्रसेवा, समाजसेवा, न्याय र उपचार पद्धति क्षेत्रमा उल्लेखनीय काम गरेर ख्यातिप्राप्त व्यक्तित्वका रूपमा रहेको पाइन्छ ।

**शिक्षा**

डा. इन्दुल के.सी. ले त्रिभुवन विश्व विद्यालयबाट एम.ए, बी.एल. सम्मको अध्ययन पूरा गर्नु भएको छ । शिक्षाशास्त्रमा वेलायतबाट स्नाकोत्तर तहको अध्ययन पूरा गर्नु भएका के.सी. ले भारतबाट बैकल्पिक उपचारका क्षेत्रमा विद्यावारिधि उपाधि प्राप्त गर्नु भएको देखिन्छ । उहाँले अध्ययन गरेका क्षेत्रलाई अध्ययन गर्दा उहाँ एक कानुन ज्ञाता, शिक्षा क्षेत्रका विशेषज्ञ र उपचार पद्धतिका अन्वेषकका रूपमा देखिनु हुन्छ । यसका अलवा उहाँ एक कुशल साहित्य सर्जकका रूपमा पनि देखिनु भएको छ ।

**साहित्य**

"भुइँचालो कविता संग्रह डा. इन्दुल के.सी. को वि.सं २०६५ साल भाद्रमा प्रकाशित कृति हो । यस कृतिभित्र के.सी. का एकाईसवटा विभिन्न भावभुमिमा लेखिएका कविताहरू वितृष्णा, जीवनवादी दर्शन, सामाजिक विकृतिप्रतिको व्यङ्ग्य  विद्रोह र राष्ट्रवादी भावनाको प्रस्तुती रहेको पाइन्छ । उहाँको कविता संग्रहमा रहेका एकाईस वटै कविताहरू सरस, सरल र सुवोध छन् । उदाहरणका लागि म केही कविताांशलाई यहाँ प्रस्तुत गर्दछु ।

**जय नेपाल**

**"महाकालीको पानी हेरी तिर्खा मेटाउन नपाएका नेपालीहरूको जय नेपाल ।"**

**दिवस**

**"सीमापारि कोठीहरूमा चेलीबेटी सौगात पुऱ्याउनेहरूको नेतृत्वमा**
**गून्यू, चोलो, सारी ब्लाउज र मिनि स्कर्टहरूको नारी दिवस"**

**कामरेड**

**"जहिले पनि जहाँ पनि अवसरवादी कामरेड**
**थरी थरीका कामरेड"**



Scanned with CamScanner

**लाज**

**" मलाई लाज लाग्छ,**
**आफूले आफैलाई बिर्सेकोमा**
**सरमको अनुभूति हुन्छ "**

**जाम**

**" यहाँ के कुरामा जाम छैन ?**
**योजनाहरू सबै जाम**
**राजनिति र कूटनीति जाम**
**बुद्धजिवीहरूको बुद्धि जाम "**

**दान**

**"गण्डकी, कोशी, कर्णालीकै जलदान,**
**टिष्टा, कागडा त्यागेर भूदान"**

**उपचार**

**"सिंगो नेपाल राष्ट्र नै नाङ्गिदै गएको**
**तथ्य र यथार्थको तथ्याङ्क कहाँ छ ?**

माथिका पंक्तिहरू त केही उदाहरण मात्र हुन् । उहाँका प्रत्येक कविताका हरेक हरफभित्र मनछुने उच्च भावनाहरूको अभिव्यक्ति पाइन्छ । **"भुँचालो"** कविता संग्रह भित्र भूँइचालो शीर्षकको कवितामा नेपालका नेताहरूले नेपालका निरीह र गरिब जनताका बीचमा फोस्रो आश्वासन बाँडेर भूइचालो ल्याइदिएका छन् । यी दिनैपिच्छे आउने भुँइचालोहरू पृथ्वी कमाउन बास्तविक आठ/दश रेक्टर स्केलका भुइँचालोहरू भन्दा बढी खतरनाक छन् भन्ने कुरालाई कविले कलात्मक र व्यङ्ग्यात्मक शैलीद्धारा प्रस्तुत गरेका छ । कविता संग्रहको वारेमा यत्ति नै ।

**समाजसेवा**

डा. इन्दुल के.सी. समाज सुधारका संवाहकका रूपमा पनि देखिनु हुन्छ । श्री बाराही पीठ विकास समिति बाराहीस्थान, भक्तपुरको अध्यक्ष रहेर संस्थाको विकासमा उहाँले महत्वपूर्ण भुमिका खेल्नु भएको पाइन्छ । जेलमा पर्दा समेत



Scanned with CamScanner

बन्दीहरूलाई योगाभ्यास सिकाएर शरीर र मन स्वस्थ्य पार्ने कार्यमा समेत सहयोग गर्नुभयो । यतिमात्र नभएर एक सक्रिय र कुशल सम्पादकका रूपमा समेत देखापर्नु भएको छ । **"पुनर्यौवन"** नामक स्वास्थ्य सम्बन्धी सामायिक संकलनको सम्पादन गरेर उहाँले कुशल सम्पादकको परिचय दिइसक्नु भएको छ।

यी कुराहरूलाई अध्ययन गर्दा डा. इन्दुल के.सी. वहुआयामिक प्रतिभा भएको कुरा नकार्न सक्तैन । वि.सं. २०७२ सालको बसन्तपञ्चमी (सरस्वती पूजा) का दिन त्रिफला राष्ट्रिय पुस्तकालय केन्द्रीय कार्यालयमा भएको छोटो भेटघाटको कार्यक्रमले नै म उहाँप्रति आकर्षित भएको थिएँ । त्यसपछि उहाँको कृति "भुइँचालो" कविता संग्रह पढ्ने र उहाँका वारेमा अन्य जानकारी प्राप्त गर्ने विभिन्न सामग्रीहरू जब अध्ययन गरें, तब उहाँको ज्ञानको क्षेत्र समुन्द्र झै फैलिएको पाएँ र अति गौरवान्वित महसुस गरें ।

अन्त्यमा म डा. इन्दुल के.सी.को निरन्तर सक्रियता र लगनशीलताको लागि ऊर्जा प्राप्त होस् भन्ने कामना गर्दै सुस्वास्थ्य, दीघार्यू र उत्तरोत्तर प्रगतिको कामना गर्दछु। मलाई डा. इन्दुल के.सी. को वारेमा केही लेख्न अवसर जुटाइदिनु हुने त्रिफला राष्ट्रिय पुस्तकालयका अध्यक्ष श्री प्रेम प्रकाश "फलाहरी" प्रति हार्दिक साधुवाद टक्रयाउँदै कलम यही विसाउँछु ।

■■■



Scanned with CamScanner

# दौडेर नथाक्ने इन्दुल



**बुद्धिनारायण श्रेष्ठ**
**सीमा अध्येता तथा**
**मदन पुरस्कार विजेता**

भक्तपुर नगरपालिका वडा नं ४ मंगलाछे टोलमा एकजना दुईखुट्टे प्राणी बस्छन् । उनी दैनिक यति दौडिन्छन् कि भनिसाध्य छैन तर थाक्दैनन् । विहानीको प्रखर वित्दानवित्दै आफ्नो गुँडबाट फुत्त निस्केर बेगले बत्तिन्छन् । कहाँ कहाँ पुग्छन् के के गर्छन कहिलेकाहीँ त गुँडको सहचरीलाई पनि थाहा हुदैन, आधा रातसम्म चाँचाँचुँचुँ गर्दै बिताउँछन । कति समय त उनी आफ्नो मूल गुँडबाट सम्पर्कविहिन हुन क्रियाकलापी प्राणी अरू कुनै होइनन् । यिनी उनै डा. इन्दुल के.सी. हुन्, जसले व्रम्हलोकबाट ७६ वर्षअघि भक्तपुर मंगलाछेको पृथ्वीलोकमा पदार्पण गरेका थिए ।

मैले बुझेसम्म अनि मैले जानेअनुसार इन्दुलको दौडाई बहुआयामिक प्रकारको रहेको छ । यस्तो वहुआयामिक दौडाइमा समाज सेवाको प्राधान्यता रहेको छ भने अन्य आयाममा भाषाको जगेर्ना साहित्यको उत्थान संस्कृतिको सवर्द्धन, रैथानेको विकास, कानुनको समाज, अन्यायको चिरफार, निमुखाको वकालत आदि आफ्नै बलबुतामा आफनै तहमा, आफ्नै स्तरमा, आफ्नै खुवीमा गर्दै रहेका छन् इन्दुलले ।

**इन्दुल के.सी. का पितामाता झा**

यहाँ एउटा जिज्ञासापूर्ण कुरा लेखौं । स्वर्गीय पिता केदारनाथ झा र स्वर्गीय माता शेरकुमारी झाका छोरा इन्दुल कसरी भए के.सी. ? यसको

खोजनीति, अध्ययन, अनुसंन्धान गर्ने शोधकर्ताले मलाई लाग्छ इन्दुलकै वारे विद्यावारिधि गर्न सक्छ। यद्यपि इन्दुलले आफ्नो रचनामा कतै डा. इन्दुल के.सी.' उर्फ स्वामी इन्दु नाथ झा' लेख्ने गरेका छन् । के यसबाट यिनीवारे यिनको गुदी पहिल्याएर अनि आन्द्राभुँडी खोतलेर विद्यावारिधि गर्न सकिदैन र ? यिनको 'क्लु' दिएका छन् । यिनी स्वामी, अनि इन्दु, त्यसपछि नाथ हुन् र सबभन्दा महत्वपूर्ण झा । शोधकर्ताले यसै शब्दद्वारा सोधखोजको मसला बनाउन सक्दैनन् र ? म आफूले यिनको वारे विद्यावारिधि गर्ने मनमा आयो ।

मलाई यस्सो घोत्लिन मन लाग्यो । दौडेर नथाक्ने यी इन्दुललाई मैले कहिलेदेखि चिनेको हुँ एकैछिन एकाग्र भएर बिचार गर्दा मैले उनलाई सबभन्दा पहिले २०५० सालमा Hotel Blue Star त्रिपुरेश्वरमा Management Association of Nepal ले संचानलन गरेको २ हप्ते Consulting Method and Skills तालिममा भेटेको थिएँ । तालिम २०५० मंसिरमा सञ्चालन भएको थियो । तालिमको सहभागीतामध्ये म आफू, इन्दुल के.सी. श्री केशवराज राजभण्डारी, श्री चन्द्रमान प्रधानन, श्री शम्भुशमशेर राणा आदि थियौं । तालिम समाप्तपछि तत्कालिन राष्ट्रिय सभाका अध्यक्ष बेनिवहादुर कार्कीद्वारा हामीलाई प्रमाणपत्र प्रदान गरिएको थियो । तालिम प्रदान गर्ने मुख्य प्रशिक्षक श्री मधुकशमशेर राणा थिए भने नेपाल व्यवस्थापन संघका अध्यक्ष श्री बेनिबहादुर कार्कीद्वारा हामीलाई प्रमाणपत्र प्रदान गरिएको थियो । तालिम प्रदान गर्ने मुख्य प्रशिक्षक श्री पद्मलाल श्रेष्ठ (खानी विभागका पूर्वमहानिर्देशक) ले प्रपोजल कसरी लेख्ने र प्रस्तुत गर्ने भन्ने सम्बन्धमा अभ्यासात्मक कक्षा लिएका थिए । तालिम अवस्थामा इन्दुल निकै बोलक्कड रहेको मैले अनुभव गरेको थिएँ ।

इन्दुल के.सी.को शिक्षा पनि निकै गहन भएको मैले चाल पाएको छु । मलाई लाग्छ उनले एम्.ए., बि.एल.ठोकेका छन् । वेलायतबाट शिक्षा शास्त्र विषयमा Post Graduate Diploma पार लगाएका छन् । अनि भारतबाट वैकल्पिक उपचार विषयमा विद्यावारिधि अर्थात पिएच्.डी. डिग्री हाशिल गरेका छन् । निकै पटक व्यवसायिक तालिमहरू पनि प्राप्त गरको छन् । दौडदा दौडदै



Scanned with CamScanner

यिनले अधिवक्ता को प्रमाणपत्र पनि गुटमुट्याएका छन् । कस्तो संयोग अधिवक्ता प्रमाणपत्रको नम्बर ३२१ परेछ यिनलाई । दाहिनेतिरबाट अंक गर्दा लहरै अगाडी बढेको १/२/३ 'छेपरा छन्' परेछ । देब्रेतर्फबाट गणना गर्दा ३ मा २ जोड्दा र त्यसमा पनि १ थप्दा छक्का छुटाउने ६ को जोडफल परेको रहेछ । अनि अदालतको बेन्च अगाडी वारमा उभिएर श्रीमान् सम्बोधन गर्दै वकालत गर्दा न्यायाधिशको छक्का छुटाउँदा रहेछन् यिनले । इन्दुल चुलबुले न हुन्, न्यायधीसको छक्का छुटाउने काम लामो समय गरेनन् ।

वैकल्पिक उपचारमा पिएच्.डी. गरेपछि यिनी प्राकृतिक उपचारक एवं रेकी मास्टरका रूपमा उत्रिए । योगाभ्यास गरेर अरूलाई पनि योग सिकाउने गुरूमा दरिइहाले यिनी । मैले एक पटक मेरो गर्धनको नसा थिचिएको हुनाले म मेरो मुन्टो घुमाई गर्धनलाई ठेगान लगाउने थेरापी गर्दैछु मात्र मैले यिनलाई के भनेको थिएँ, यिनले त एक घण्टा मलाई लेक्चर छाँटिहाले । मैलै यिनको धारावाहिक लेक्चरमध्ये केही बुँदा टपक्क टिपेर विहान विहानै थेरापी अभ्यास गर्दा, नभन्दै मलाई मेरो गर्धन हलुको महशुस भएको छ । धन्यवाद छ योग थेरापी मास्टर इन्दुललाई । डा. इन्दुल के.सी. ले मंगल योग तथा प्राकृतिक उपचार केन्द्र खोलेर धेरैलाई उपचार सेवा पु¥याएका छन् । जसले सेवा लिएर फाइदा पाएका छन् । तिनीहरूले विहान विहानै इन्दुललाई आफ्नै घरबाट नमन गर्छन् यस्तो सेवा पु¥याएकोमा इन्दुलाई घमण्ड छैन । तर उनी त विनित छन् र भन्छन् । तपाईलाई म अरू सेवा के गरौं ?

जति बुझ्यो उति कठिन,झन बुझयो झन् कठिन, झन् झन बुझयो झन् झन कठिन भन्ने उक्तिजस्ते इन्दुलवारे जति बुझयो उति धेरै कुरा थाहा पाइने । झन् बुझयो झन् थुप्रै कुरा चाल पाइने, अनि झन् झन् बुझयो झन् डंगुर कुरा जानिने रहेछ उनीवारे । इन्दुलले गरेको समाज सेवाका त कुरै नगरौं । उनी पच्चीसौं संस्था, संघ, समाज, समिति निकायसँग सम्बन्धित छन् । कुनै संस्थाका अध्यक्ष भएर हाँकिएरहेको छन भने कतिपय संस्थामा महासचिव/सचिवका हैसियतमा योगदान पु¥याइरहेका छन् । अन्य सामाजिक तथा सांस्कृतिक संघमा कार्यसमितिका सदस्य सञ्चालक रहेका छन् । अन्य

हर्किसकेको संस्थामा संस्थापक/सल्लाहकार/निर्देशक भएर सरसल्लाह निर्देशन गरिरहेको पाइन्छ । उदाहरणार्थ भन्ने हो भने नेवा कला संस्कृति प्रतिष्ठान ख्वपःको संस्थापक अध्यक्ष, वाराही पीठ विकास समितिको संस्थापक, नेपाल स्रष्टा समाजका कार्यकारी सदस्य, भक्तपुर पर्यटन विकास समिति सदस्य, योग तथा प्राकृतिक चिकित्सा केन्द्र भक्तपुरको सल्लाहकार आदि उल्लेख गर्न सकिन्छ ।

साहित्य सेवाको फाँटमा डा. इन्दुल गत ५५ वर्षदेखि अनवरत लागिपरे को छ । भाषा ज्ञानको क्षेत्रमा यिनी के.सी थरका भएकाले नेपाली त जान्ने नै भए । तर अंग्रेजी पनि त्यतिकै भट्याउँछन् । हामीसँग सामान्य बातचित गर्दा पनि अंग्रेजीको लाइन घुसाइहाल्छन् । अनि अंग्रेज कविका कविताका दुई चार हरपहरू बकिहाल्छन् । नेपाल भाषा (नेवारी) त भक्तपुरका खाँटी नेवारभन्दा पनि बढी शुद्ध बोल्छन् । हिन्दी भाषामा पनि यिनी चालू आदमी छन् । यसै कारणले यो मान्छेले भाषाको सेवा गर्न सकेको होला ।

इन्दुल अलिअलि भविष्यद्रष्टा पनि हुन् कि भन्ने जस्तो देखिन आएको छ । किनकि यिनले सवम् २०६५ सालमा **'भुइँचालो'** नामक कवितामूलक पुस्तक प्रकाशित गरेका थिए । नभन्दै २०७२ सालमा त प्राकृतिक भुइँचालो नै गयो । यस भुकम्पले भक्तपुर जिल्लाको ३३३ जनाका साथै नेपालभरको ९ हजार मानिसको ज्यान लियो । २१ वटा कविता भएको भुइँचालो नामाकरण गरेको पुस्तकको भुइँचालो भन्ने कवितामा यिनले भुइँचालोपछिको दृश्य चित्रण गरेका छन् । यिनी लेख्छन् 'भत्किएका घरहरूको भग्नावशेष मात्र अव सफा गर्न बाँकी रह्यो । यहाँ ठूलो रेक्टर स्केलको भुइँचालो (राजनीतिक भुइँचालो) आयो ।' यसपछि के भन्ने भने म आफू ता राजनीति साजनीति जान्दिन र तर इन्दुलले त सात वर्षअघि नै प्राकृतिक भुइँचालो आउने संकेत गरेको ठान्दछु/मान्दछु उनको यो कवितामा । किनकि हिजोआजसम्म पनि भक्तपुर नगरपालिकाको भित्र वस्तीमा वैशाखको भुकम्पले भत्काएर छाडेको अवशेष अझै सफा भइसकेको छैन । त्यसैले मिलेन त इन्दुलले ७ वर्ष अघिको भविष्य चिन्तन ?



Scanned with CamScanner

इन्दुलको पहिचान के हो ? यसको जवाफ हुनसक्छ - के हो, के होइन । विविधरूपी पहिचान बोकेको छ । मैले माथि लेखिसकेको छु । यिनी वकिल सो किल भैसकेको कुरा । यस वाहेक यिनले ३० वर्षभन्दा वढी सरकारी सेवा गरे । शाखा अधिकृतदेखि उप झन्डिएको सचिवमा समेत शिक्षा मन्त्रालय, घरेलु उद्योग, स्थानीय विकास, पर्यटन आदि निकै सरकारी निकायमा सरकारका लागि काम गरे । मैले बुझेसम्म यिनले 'सरकारको काम कहिले जाला घाम' गर्नमा चाहिँ चुके । सरकारी कुर्सीमा बस्दा जहिल्यै पनि रगटिएका छन् र घोटिने गरेक थिए । यसैले  गर्दा यिनमा सीप र ज्ञान आर्जन भयो । यिनी योजनाकार, सपनाकार, कल्पनकार छन् । यिनमा कर्मचारीको सान, वकिलको मान, कानुनको ज्ञान रहेको बुझिन्छ । यसैले इन्दुल के हुन् अनि होइनन्  भन्ने कुरा मैले अझै पुरै बुझिसकेको छैन । छरिएर रहेको ज्ञान आफ्नो खोपडीभित्र बटुल्न इन्दुल अझै दौडादौड गर्दैछन्, मानौं कि यिनी कलकत्ताको हाउडा स्टेशनबाट रेल छुटनै लागे जस्तो गर्छन ।

**इन्दुलको स्वभाव**

इन्दुल अलि सन्कि टाइपको मान्छे पनि हो । यिनी आफ्नो बिचारमा लागे पछि लागे लागे । छाड्ने भए पो । कसैले भनेर तर्साएर हो र ? यी सबै कुराबाट मलाई यहाँ लेख्न मन लाग्यो इन्दुल के गर्छन के गर्दैनन् ? यिनी के पो सोच्दैनन् ? अनि के भन्छन्, के भन्दैनन् ?

यिनी चुलबुले स्वभावका छन् । भक्तपुर जिल्लाभित्र मात्र घुमन्ते होइनन् । भक्तपुर वाहेक नेपालको धेरै जिल्ला चाहारिसकेका छन् । २०७२ भदौ ११ गते विहान के रहेछ यो चुलबुलेको हालखबर भनेर मैले उनको मोबाइलमा फोन गरेको त म त मकवानपुरको हेटौंडामा छु भन्छन् । अनि के कामले त्यहाँ पुग्नुभयो ? भनेर सोधनी गर्दा प्राकृतिक चिकित्सा सम्बन्धि कार्यक्रम छ, एक हप्ता यतै बस्छु । फुर्सद छ भने तपाई पनि हेटौडा आउनुहोस् दुई चार दिनका लागि । आफ्नो स्वास्थ्यवधर्धक अभ्यास पनि गर्न पाइन्छ संत्सग पनि हुन्छ ।

देश भित्रमात्र होइन, यिनीले विदेशका १४ भन्दा वढी विदेशमा हामफालि सकेको छन् । वेलायतमा त शिक्षा शास्त्र विषयमा पोष्ट ग्र्याजुएट गर्दा थच्चिएका



Scanned with CamScanner

थिए। त्यस छेउछाउका देशहरू जर्मनी, फ्रान्स, स्वीजरल्याण्ड, इटाली आदितिर त खुट्टा घुमाउने नै भए। तर नेपालबाट सात समुद्रपारिको अमेरिका पनि भ्याइसकेका छन् भने पहिलो सूर्य उदाउने देश जापानतर्फ नि हुँइकिसेका छन्।

यी हरफ लेख्दालेख्दै डा. इन्दुल के.सी.ले २०७२ साउन ६ गते भक्तपुरको वाराही मन्दिर परिसररमा आयोजना गरेको कार्यक्रममा मलाई साथै चन्द्रमान प्रधान, प्रचण्डमान श्रेष्ठलाई पनि निम्ता गरी हामीले त्यस कार्यक्रममा भाग लिएको कुरा सम्झें। यो कार्यक्रम हुनु निकै अगाडीदेखि मलाई फोन गरेक थियो। परिवारलाई पनि साथै ल्याउन भनेर। नभन्दै प्रधान र मैले परिवार पनि साथै लगेका थियौं।

इन्दुल वारही पीठ विकास समितिका अध्यक्ष रहेछन्। हामी वाराही पीठ पुगेपछि समिति अध्यक्षको कार्यकक्षमा लगेर आधा घन्टाजति उनको त्यस क्षेत्रको पुनःनिर्माण, नवनिर्माण र यस सम्बन्धमा जनसहभागितको गाथा सुनाए। त्यहाँ इन्दुलको अर्को आयामको पाटो पनि खुल्यो। यिनी त भक्ति गीत भजनका सर्जक पनि रहेछन्। अनि हामीलाई बोलाएर गरिएको त्यस दिनको कार्यक्रममा पनि यिनी आफैले बजाएको हार्मोनियमको संगीतमा एउटा स्वादिलो भजनको रसास्वादन हामीलाई गराएको थियो।

■■■



Scanned with CamScanner

# कला संस्कृतिका अनुभवि- डा. इन्दुल



भरतमणि जङ्गम
जङ्गम प्रतिष्ठान नेपाल
भ्रष्टाचार विरोधी
अभियानकर्ता

दिनहुँ हजारौको संख्यामा मान्छे जन्मछन् यो पृथ्वीमा । ती मान्छे भएर जन्मेकाहरू सबैले मानवोचित्त कार्य गर्छन नै भन्न सकिन्न । साधारणतया मान्छे आ-आफ्नो परिवार र आफ्नो वरपरका केही व्यक्तिहरूमा मात्र सीमित रहेर आफ्नो जीवनको महत्वपूर्ण समयलाई व्यतित गरेका हुन्छन् । तर समाजका केही यस्ता व्यक्ति पनि जन्मन्छन् जो आफू आफ्नो परिवार भन्दा वाहिर पनि सेवा पुऱ्याउनु पर्छ भन्ने भावना राख्ने हुन्छन् । जो व्यक्ति समाज हितको लागि क्रियाशील हुन्छ ।

यस क्रममा भक्तपुर निवासी डा. इन्दुल के.सी. का वारेमा केही लेख्ने जमर्को गर्दैछु । समाजमा असाधारण व्यक्ति जन्मेको हुन्छ जसले समाजको चौतर्फी उत्थानको लागि आफ्नो समय बिताइरहेको हुन्छ । हो, यस्तै व्यक्तिका धनी डा. इन्दुल के.सी. का वारेमा सोच मग्न छु । उनी एक झा व्राम्ह्ण परिवारमा जन्मेको हुँदा आफ्नै पुर्ख्यौली घर भक्तपुर नासमना टोलमा बस्छन् । उनको आफ्नो परिवार भित्र पारिवारिक प्रेम सद्भाव जिम्मेवारी पनि र घर वाहिर सामाजिक प्रतिष्ठा पनि राम्रै छ । त्यसैले पनि इन्दुल के.सी सामाजिक उत्थानमा जुट्न सकेका हुन जस्तो लागेको छ ।

भक्तपुरका राजा भुपतिन्द्र मल्लले भक्तपुर नगरलाई स्वर्णिम नगरको रूपमा निर्माण गर्ने क्रममा विक्रमको सात्रौं शताब्दीमा उत्तर विहारको मिथिला क्षेत्रबाट ४ मैथिली व्राम्हाहरूलाई झिकाएर नेपाल मण्डलको अर्थ र संस्कृति



Scanned with CamScanner

विकास शुरू गरेका थिए । ती चार मैथिली व्राम्हणमा पण्डित चतुर्भुज प्रमुखको रूपमा आएका थिए । उनै चतुर्भुज झा का सन्तान श्री केदारनाथ झा इन्दुल के.सी का पिता हुन् । आफ्नो महत्वपूर्ण समय समाज विकासको लागि लागिरहेका डा. इन्दुल के.सी का वारेमा सोच मग्न छु ।

इन्दुल के.सी. एउटा विद्यार्थी हुन्, कसैका छोरा हुन्, जागिरे थिए, कसैको पति र पिता पनि हुन् । वैकल्पिक उपचार (Alternative Medicine) विषयमा भारतको कलकत्ता स्थित Indian Board of Alternative Medicine-W.H.O बाट मान्यता प्राप्त संस्था हो । आफ्नो शोधपत्रलाई आधार मानि प्रदान गरिएको विद्यावारिधी (पी.एच.डी) उपाधी उनले प्राप्त गरेका हुन् । उसले स्वास्थ्य सम्वन्धी उपचारका विभिन्न विधिलाई प्रयोगात्मक रूपमा परिचय गराउने गरी धेरै व्यक्तिहरूलाई प्रभावकारिक उपचार सेवा प्रदान गरी रोग व्याधिले दुःख पाइरहेकाहरूलाई रोग मुक्त गरेका छन् । उनले उपचार गरी सेवा पुऱ्याईएका केही व्यक्तिहरू क्थाकार परशु प्रधान तथा संस्कृत विद् श्री तेजेश्वर वावु ग्वंग योजना विद् श्री लक्ष्मी नारायण ताम्राकार, शारदा मा.वि. का स्वर्गीय प्राधानाध्यापक श्री गजेन्द्र वहादुर वैद्य पनि हुनुहुन्थ्यो ।

इन्दुलले सरकारी सेवा निवृत्त भएपछि अध्ययन गरी स्वास्थ्यको उपचार व्यवसायको काममा लागेतापनि उसले त्यो जिवीकोपार्जनको काममा भन्दा बढी कार्य कला संस्कृतिको जगेर्नाको लागि परेको हामीले पाएका छौं । भक्तपुर नगरको संस्कृति एक देखिएपनि अनेक छन् । व्राम्हाणको नेवारको र ज्यापू जातिको संस्कृति पृथक पृथक किसिमबाट विकसित भई स्थापित भएका छन् । त्यस्तो विविध कला संस्कृतिलाई एक सूत्रमा बाध्न इन्दुल के.सी. ले कला संस्कृति भजन महागुठी नामको संस्था खोली त्यो संस्थाको संस्थापक अध्यक्ष भए । भक्तपुर नगरमा चलेका भजन मण्डलहरू रास भजन, ढल्चा भजन, दाफा भजन, जस्ता भजन मण्डलहरूलाई एक सूत्रमा बाध्न समर्थ भए । यसको विकासको लागि हालसम्म निरन्तर लागिरहे । नेवा कला संस्कृति प्रतिष्ठान, भक्त समाज नेपाल जस्ता अनेकौं संस्थाहरू खडा गरी नेवा संस्कृति भजन संस्कृतिको विकास गर्ने प्रयास गर्दैछ र यी संस्थाहरूबाट भक्तपुरमा अनेक सार्वजनिक भजन कार्यक्रमहरू सञ्चालन गरी रहेका छन् । उनी आफै पनि भजन राम्रा गायक हुन्



Scanned with CamScanner

र कला संस्कृति विकासको अगुवा हुन् । भक्तपुरको कला संस्कृति विकासमा डा. इन्दुल के.सी. को विशेष योगदान छ ।

इन्दुल कविता लेख्छन्, उनी कवि हुन् । नेपाल स्रस्ता समाजले प्रकाशित गरेको डा. इन्दुल के.सी. को कविता संग्रह **भुइँचालो** पुस्तक मैले पढेको थिएँ । उक्त पुस्तकमा संग्रहित उनका कविताले नेपाली समाजका विभिन्न विकृति एंव विसँगतिलाई उजागर गरी पाठहरूलाई नेपाली समाजका सामाजिक, राजनैतिक ईत्यादी विभिन्न विषयलाई उजागर गरी लेखिएका कविताहरूले विशेष महत्व वोकेको स्पष्ट देखिन्छ ।

म हाल काठमाडौं वानेश्वरमा वस्छु । कहिले काहीँ एका विहानै म डा. इन्दुल के.सी.सँग फोन सम्पर्क गरी भक्तपुरका विभिन्न धार्मिक, सामाजिक कार्यको वारे सरसल्लाह गर्ने गर्छु । एकदिन एका विहानै करिव ६ वजेतिर मोवाइलमा उसलाई सम्पर्क राख्दा डा. इन्दुल के.सी. भक्तपुर भोलाछें टोल स्थित महाकाली स्थान स्थित योग ध्यान केन्द्रमा योगवारे प्रवचन दिँदै रहेको पाएँ । त्यहाँ योगाभ्यास गरी रहेका धेरै मान्छेहरू हल्लल हाँसिरहेको आवाज मैले मोवाइलबाट सुने । यस्तै ऊ एकाविहानै कहिले काहीँ भक्तपुर वाराही पीठ स्थानको योग तथा प्राकृतिक चिकित्सा कार्यमा संलग्न भइरहेको पाउँथे । मैले पछि बुझैं स्वामी श्री विशुद्ध गुरूदेवको शिष्य भएर योग कक्षा संचालन गर्दै योग तथा प्राकृतिक चिकित्साको माध्यमद्वारा डा. इन्दुल के.सी. समाज सेवा गरी रहेको हुन्छ ।

विश्व प्रसिद्ध ओशो रजनीसको ध्यान प्रकृयाबाट इन्दुल प्रभावित भई आज भन्दा १५ वर्ष पहिलेनै दिशाप्राप्त गरी स्वामी इन्दुनाथ झा पनि झैसकेको रहेछन् । यसैको नाताले हाल इन्दुल ओशो पथिक ध्यान केन्द्र धौलागिरि आश्रम केन्द्र सतुंगल काठमाडौंमा ओशो पथिकज्यूसँग सहकार्य गरी त्यहाँ पनि बेलाबेलामा सेवा कार्य गरी रहने कुरा मैले हालैं थाहा पाएँ । भक्तपुरका धेरै व्यक्तिहरूलाई इन्दुलले उक्त ध्यान केन्द्रमा लगी केहीदिन त्यहिनै राखी योग ध्यान, रेकी कार्यमा संलग्न गराई सेवा कार्य गरी रहनु भएको छ ।

मैले भक्तपुर सल्लाघारीमा धन्याचल महायज्ञको एक धार्मिक कार्य सम्पन्न गरेको थिए । सो कार्यको उद्‌घाटन भारत उत्तराखण्ड जोशिमठ्का जगत गुरू १००८ श्री शंकराचार्यज्यूबाट भएको थियो । उक्त धान्यान्यल समारोहको मूल आयोजक समितिको एक सक्रिय संयोजक उनले त्यहाँ ७ दिन सम्म भजन



Scanned with CamScanner

कार्य तथा स्वास्थ्य सेवामा संयोजक भई विभिन्न डाक्टरहरू तथा स्वास्थ्य सम्बन्धि सहायकहरू समेतलाई ल्याई आफू महायज्ञमा आउनु भएका हजारौं जनालाई स्वास्थ्य सेवा डा. इन्दुल के.सी. ले गर्नुभएको सेवा कार्यलाई म बिर्सन सक्तिन । उक्त महायज्ञको जगत गुरू श्री शंकराचार्यलाई विदाई गर्न त्रिभुवन विमानस्थलमा तत्कालिन भक्तपुर जिल्लाको C.D.O र म स्वयम समेत ४ सदस्य मात्रको उपस्थितिमा श्री गुरूज्यूलाई डा. इन्दुल भक्तपुरको कटुन्जेमा १ योग तथा प्राकृतिक चिकित्सालयको विद्यालय स्थापना गर्न आफ्नो योजना प्रस्तुत गरी जगत गुरूको सहयोगको याचना गर्नु भएको मैले ध्यान पूर्वक सुनिरहेको थिएँ । खुशीको कुरा जगत गुरू श्री शंकराचार्यज्यूले इन्दुल के.सीको योजनालाई सकारात्मक रूपमा लिई सक्दो सहयोग गर्ने वचन दिनु भएको थियो ।

भक्तपुरलाई नै नेपाल मण्डलको राजधानी गरी राजकाज गर्ने मल्ल राजाहरूले नेवार जातिको संस्कृतिको विकासका लागि व्राम्हण समुदायका जङ्गम राज उपाध्याय र मैथिली झा व्राम्हणहरूको विशेष योगदानलाई स्वीकार गरेको देखिन्छ । यसै क्रममा पण्डित चतुर्भुज झाका सन्तानका रूपमा रहेका इन्दुल के.सीले वर्तमान भक्तपुरको संस्कृति विकासमा के कसरी कार्यलाई अगाडी बढाएका छन् भन्ने कुरा पनि विचार गर्नु पर्ने देखिन्छ ।

इन्दुल के.सीले स्वस्थ सम्बन्धि उपचारका अनेक विधिलाई प्रयोगात्मक रूपमा परिचय गराउने कार्य गर्दै आएका छन् । विद्यावारिधि गरेकै कारण उनको नाउको अगाडी डाक्टर भनी विश्लेषण जोडिएको हो । यो विद्यावारिधि भन्दा पनि बढी कार्य कला संस्कृतिको जगेर्नाको लागि डा. इन्दुल के.सीले काम गरिरहेको हामीले पाएका छौं । भक्तपुर नगरको संस्कृति एक देखिए पनि अनेक छन् । व्राम्हणका, नेवारको र ज्यापू जातिको संस्कृति पृथक पृथक किसिमबाट विकसित भई स्थापित भएका छन् । त्यस्तो विविध शिक्षामा स्नातक उपाधि हाशिल गरेपछि नेपाल सरकारको सेवामा प्रवेश गरी नेपालको धेरै जिल्लाहरूमा भ्रमण गरी नेपाली समाजलाई राम्ररी बुझ्ने मौका पाएका इन्दुलजीले निजामति सेवा प्रशाशनलाई राम्ररी बुझेका छन् अर्थात उनी राम्रा प्रशासक पनि हुन् ।

उनी भक्तपुर नगरमा रहेको श्री वाराही पीठ विकास समितिका अध्यक्षका रूपमा क्रियाशील रहेका छन् । वि.सं. २०७२ सालको अक्षय तृतीयाका दिन शिव पार्वती विवाह महोत्सव गर्नुपर्ने प्रस्ताव गर्ने मौका यो लेखकले पाएको थिएँ ।



Scanned with CamScanner

वि.सं. २००५ सालमा प्रथम पटक शिव पार्वती विवाह महोत्सव भक्तपुर टौमढी टोलका गोविन्द हरी जङ्गमको नायक्तवमा सम्पन्न भएको थियो। त्यसपछि भएको रहेनछ। पहिले भएको महोत्सवलाई निरन्तरता उद्देश्यका साथ इन्दुल के.सी.लाई प्रस्ताव गर्दा उनले सहर्ष स्वीकार गरी निरन्तरता दिने कार्यलाई उत्साहित गराएका थिए। डा. इन्दुल के.सी. कला र संस्कृति विकासको कार्यमा सदैव अग्रगामी भूमिका निर्वाह गर्ने एउटा असल व्यक्ति हुन् भने कुरा हामीले बुझेका छौं।

उमेरले म भन्दा ६ वर्ष जेठो छन् इन्दुल के.सी.। त्यसैले मैले इन्दुल दाइ भनेर सम्बोधन गर्दा उनी खुसी हुने गर्छन्। असाधारण प्रतिभाका धनी उनी सधै नयाँनयाँ विषयलाई समाजमा चिनारी गराउने प्रयत्न गर्नेछ। उनले गरेको कार्यहरू सफल भएको देखिएको छ। प्रस्ट वक्ता छन्। मनमा लागेका कुरा छिट्टै अभिव्यक्ति गर्ने उनको बानी छ। यो बानीले कहिले काहीं उनी विवादमा फस्छन्। हुन त प्रस्ट बोल्नु ठीक हो, तर सवै विषय प्रष्ट बोल्नु पनि हुँदैन्। यो कुराको जानकारी नभएका भने उनी होइनन्। जान्दाजान्दै बुझ्दाबुझ्दै पनि उनको छिटो अभिव्यक्ति गर्ने बानीले गर्दा विषयले गम्भीरता पाउन सक्दैन। जे होस, खुला छन्, प्रष्ट छन् र सबैका लागि उनी एउटा खुला किताबको रूपमा रहनु भएको छ।

पछिल्लो समयमा उनले भक्त समाज नेपाल भन्ने संस्था खोलेर धेरै धार्मिक व्यक्तिहरूलाई समावेश गराउन समर्थ भएका छन्। विहान ४ वजे उठेपछि योग ध्यानमा सम्मिलित हुँदै उनी योग कक्षा पनि सञ्चालन गर्छन्। सवैका प्रिय डा. इन्दुल के.सी भक्तपुर नगरको कला संस्कृतिको विकासमा जुटेका एक कर्मठ एवं योग्य व्यक्ति हुन्। उनको सुस्वास्थ्य र दीर्घ जीवनको लागि माता तलेजु भवानी र भैरवनाथसँग प्रार्थना गर्दछु।

■■■



Scanned with CamScanner

# अविश्रान्त चलिरहने एउटा घडी



**महेन्द्र गोपाल कर्माचार्य**
प्रधानध्यापक
श्री शान्ति निकेतन मा.वि तथा
विभिन्न साहित्यिक किताबका
लेखक

२०७२ सालको वैशाख १२ को विनाशकारी भूकम्पपछि मेरो भक्तपुर पनि असरल्ल भयो । भत्केका, भत्काइएका घर, मठ, मन्दिरका भग्नावशेषले मूल सड्कहरू भरिएका थिए । सानो हावाको झोक्काले पनि सहिनसक्नु धुलो उड्ने समस्याले ठूलै सकस दिइरहेको थियो । भूकम्पका कारण घर भत्केपछि धेरैजसो नगरवासीहरू पाल, टहरा जस्ता अस्थायी बासस्थानमा आश्रय लिन बाध्य थिए । मेरो सुन्दर भक्तपुर उराठ लाग्दो भयो । नचाहेर पनि वरिपरिका दृश्यहरूले भूकम्पको पीठालाई खाटा बस्न दिइरहेको थियो । त्यसमाथि समय समयमा गइरहने भूकम्पका पराकम्पहरूले जनजीवनलाई चारमहिनाको अन्तरालमा पनि झस्काइरहेकै थिए । भूँईचालोले मानौं जीवनलाई सामान्य हुन नदिन कम्मर कसिरहेझैं लाग्यो । जीवनका अनेक भोगाइमध्ये एउटा पृथक भोगाइ, सन्त्रासयुक्त भोगाइ ।

विद्यालय छुट्टीपछि घर पुग्नपाइला अघि बढाउँदै गरेको अवस्थामा मेरो घर नजिकै भक्तपुरको मुख्यबजार सुकुलढोका र गोल्मढीको सिमाना रहेको भीमसेन मन्दिरनिर डा. श्री इन्दुल के.सी.सँग भेटभयो । अभिवादन गरें । भलाकुसारी भयो । उहाँले आफ्नो कविता सङ्ग्रह **भुईंचालो** पुर्नप्रकाशनको तयारीमा रहेको सुनाउनु भयो । बिर्सन चाहेको भूँईचालो शव्द फेरि पनि मेरो



Scanned with CamScanner

अगाडी प्रकट भयो । एक मनले म फेरि पनि त्रसित बनें । प्रकटमा उहाँ सामु मैले खुशी व्यक्त गरें ।

कुराकानीकै क्रममा उहाँले एक्कासि प्रश्न गर्नु भयो - मेरी छोरीलाई केही भनी पठाएको थिएँ, सो तयारी भयो त ? प्रश्नले म अल्मलिएँ । उहाँको मेरी छोरी अर्थात् एउटै विद्यालयमा सँगै रहेर तीन दशक काम गरेका र सँगै काम गरिरहेका मेरा सहकर्मी अनन्य मित्र रजनी के.सी. । दिनभरीसँगै बस्दा विभिन्न प्रसङ्गमा कुरा हुनु अस्वाभाविक होइन तर इन्दुल सरको कुनचाँही काम ? मैले सम्झन सकिन । मेरो सोचमग्न स्थिति देखेर हुनुपर्छ उहाँले नै समाधान दिनुभयो - 'दिनभरीको व्यस्तताले भन्न बिर्सेकी हुनुपर्छ, मैले निकट भविष्यमै आफ्नो आत्मबृतान्त प्रकाशन गर्ने तयारीमा छु, भाइले पनि देखेको, जानेको, सुनेको, महसूस गरेकामेरो बारेमा २/३ पृष्ठ लेखि दिनुपऱ्यो ।' म झसङ्ग भएँ, इन्दुल सरको बारेमा मैले लेख्ने? म अल्मलिएँ । शायद मेरो मानसिक्ता बुझेर नै हुनुपर्छ उहाँले थप्नुभयो -'सकारात्मक, नकारात्मक जस्तो अनुभूति लेख्दा पनि हुन्छ । त्यसलाई म स्वीकार गर्छु भाइले अल्मलिनु पर्दैन ।' म ङिच्च हाँसे मात्र । बोली फुटेन । सामान्य शिष्टाचारपछि हामी छुट्टियौं ।

इन्दुल सरको कुराले दिमागमा शायद केही तनाव भयो । मैले सोचें के लेख्ने ? म जन्मनुभन्दा अघि नै समाजमा आफ्नो पहिचान बनाइ सकेको व्यक्तिको बारेमा मैले के लेख्ने ? मैले विद्यालय तहको कखरा पढिरहेको बेलामै शिक्षा मन्त्रालयको अधिकृत भइसकेको व्यक्तित्वको बारेमा मैले कसरी टिप्पणी गर्ने ? मानसिक द्विविधाले म ग्रस्त भएँ । इन्दुल सरसँग २०३८/०३९ सालताका चिनजान भएपछि उहाँले भन्नु भएका कामलाई मैले नकारेको छैन, उहाँले विश्वास गरी योग्य ठानेर दिनु भएको यस जिम्मेवारीलाई पनि कसरी नकार्नु ? म उहाँसँगको सम्वन्ध र स्मरणलाई लेख्ने छु । मैले अठोट गरें ।

उहाँको बारेमा लेख्ने क्रममा मेरो मानसपटलमा उहाँ बारे सुनेका, सुनाइएका, पढेका, देखेका र भोगेका विभिन्न स्मरण, घटना र सहकार्यका दृश्यहरू घुम्न थाले -

- म जन्मेकै वर्षमा स्थापना भएको विराट नेपालभाषा साहित्य सम्मेलन स्थापना गर्न महत्वपूर्ण भूमिका खेलेको र सोही वर्ष त्यस सम्मेलनमा कविता विधातर्फ प्रथम स्थान हासिल गरेकोइतिहास ।



CamScanner

- चार दशकभन्दा अगाडीनै तत्कालीन सरकारको उप सचिव तहमा कार्यरत रही शिक्षा एवम् स्थानिय विकासको प्रशासकको रूपमा देशको सेवा गरेको तथ्य ।
- समकालीन समाजका अधिकाँश विशिष्ट व्यक्तिहरूसँग सम्बन्ध भएको एउटा प्रशासक ।
- निरङ्कुश पञ्चायती व्यवस्थाका तत्कालीन सरकारका गलत क्रियाकलापलाई सप्रमाण जनसमक्ष ल्याउन खेलेको भूमिका ।
- श्री पद्म मा.वि.(हाल उमावि) सञ्चालक समितिको सदस्य तथा ज्ञानविजय निमाविको अध्यक्ष भइ बनाउनु भएको शिक्षासेवीको छवि ।
- भक्तपुर अस्पतालको पुरानो भवनमा शहीद स्मृति क्यान्सर उपचार केन्द्र (जहाँ हाल भक्तपुर क्यान्सर अस्पताल सञ्चालित छ) स्थापना गर्न खेलेको भूमिका ।
- साँस्कृतिक संरक्षणको क्षेत्रमा बाराही पीठ विकास समितिको स्थापना गर्न निर्वाह गर्नु भएको भूमिका र भजन महागुठीको नेतृत्व, नेवा: कला संस्कृति प्रतिष्ठान सस्थापक अध्यक्ष ।
- एउटा कानुनको विद्यार्थी अनि अर्कोतर्फ प्राकृतिक चिकित्सामा विद्यावारिधि प्राप्त व्यक्ति ।
- भुइँचालो कविता संग्रहका लेखक, स्रस्टा समाज, नेपालका सक्रिय सदस्य
- देशदेशावर घुमेर खारिएको एउटा व्यक्ति ।

यी भूमिकाहरू मैले थाहा पाएका मात्र हुन्, अरू थुप्रै भूमिका होलान्, छन्, हुन सक्छन् ।कुनै तालमेलयुक्त भूमिका, कुनै विपरित जस्ता लाग्ने भूमिका (कानुन व्यवशायी र प्राकृतिक चिकित्सा क्षेत्रमा विद्यावारिधि) मा । एउटा मान्छे यति धेरै भूमिकामा, पत्याउन गाह्रो छ । मैले देखे, जाने, बुझेसम्म उहाँ जुन क्षेत्रमा संलग्न हुनु भो त्यहाँ जुनसुकै पदमा रहे पनि केन्द्र विन्दुमै रहेर काम गर्नु भो, आफ्नो क्रियाशीलताका कारण अरूभन्दा अगाडी नै रहनु भयो । अगाडी नै हुनुहुन्छ पनि ।

इन्दुल सरका स्वभावजन्य कुरा सम्झँदा वा आफ्नै अनुभवका आधारमा भन्नुपर्दा उहाँ छिट्टै घुलमिल भइहाल्ने, अरूलाई सिकाउनमा रमाउने, अध्ययनशील, कठोर कुरा पनि नभनी बस्न नसक्ने हक्की, परिणामको

चिन्ता नगरी आफूलाई ठीक लागेपछि रातदिन खट्न सक्ने निडर, आफूले पाएको जिम्मेवारी क्षेत्रभित्र परिवर्तनको प्रत्याभूति ल्याउन निरन्तर खट्न सक्ने अविश्रान्त, जिम्मेवारी लिएपछि राती पनि सूर्य उडाउनु पर्छ भन्ने मान्यता राख्ने कर्मठ,अरूलाई आँखा चिम्लेर विश्वास गर्ने कोमल, कुनै संस्थामा काम गर्दा सबैको उतिक्कै सक्रियता चाहने, आफ्नो मर्यादामा बस्न नचाहने वा बस्न नजानेका, सानोदेखि ठूलो जिम्मेवारी पनि कुशलतापूर्वक निर्वाह गर्न सक्ने सक्षम व्यक्तिको रूपमा मैले चिनेको छु । सहकार्य गर्दै जाँदा पदलाई दायित्वको रूपमा ग्रहण गर्ने र पदलाई कामका रूपमा नभई शानको रूपमा बुझ्ने चरित्र बीच द्वन्द चर्किने रहेछ । यस्तो द्वन्दमा दोस्रो पक्ष हावी हुँदा रहेछन् अनि पदलाई दायित्वसँग जोड्नेहरू खेदिंदा रहेछन् वा छोड्न बाध्य हुँदा रहेछन् । मलाई लाग्छ - यस्ता व्यक्तिहरूलाई अरूले चिकित्सा क्षेत्रमा प्रयोग हुने डिस्पोजेबल सिरिन्ज जस्तै प्रयोग गर्दा हुन्, रोग निदानका लागि सूई दिन प्रयोग नगरी नहुने तर प्रयोगपछि डिस्पोज गर्ने, शायद इन्दुल सर पनि यस्ता चरित्रहरूको शिकार हुनु भएको छ, भएको हुनुपर्छ वा बनाइएको हुनुपर्छ तर मेरो मूल्यांकनमा उहाँ निरन्तर सक्रियताको प्रतिक घण्टाघर हुनुहुन्छ अविश्रान्त आफ्नै गतिमा चलिरहने, आफ्नै धुनमा बजिरहने, जस्तोसुकैसहज र असहज परिस्थितिमा पनि आफ्नो अस्तित्व कायम गर्दै ठडिरहने ।

कार्य सम्पादनका दौरान अगाडी आएका जस/अपजसलाई स्वीकार गर्दै शैक्षिक, साहित्यिक, सामाजिक, साँस्कृतिक, स्वास्थ्य लगायतका क्षेत्रको उत्थानमा कुनै न कुनै ढङ्गबाट निरन्तर बगीरहेको नदी रूपी इन्दुल सरको आत्मसंस्मरणको प्रकाशनबाट नयाँ पुस्ताले धेरै सिक्नु छ, सिक्न सक्छ र सिकाइरहने छ ।

■■■



Scanned with CamScanner

# मेरो मान्यता



राजु मृगेन्द्र जोशी
कोषाध्यक्ष
भक्तपुर उद्योग वाणिज्य सङ्घ
भक्तपुर विकास सहयोग संघ
निर्देशक
इबामोरा टिचिङ्ग हस्पिटल,
भक्तपुर

सोच आफ्नो, बिचार आफ्नो, मान्यता आफ्नो र स्वीकार्य आफ्नो हुने यस समाजमा सोच अलग, बिचार अलग, मान्यता अलग, स्वीकार्य अलग र समझदारी अलग हुनुको साथै मत मतान्तर हुनु पनि स्वभाविकै हो । तर सर्वगुण सम्पन्न यस संसारमा कोही पनि नहुने हुँदा डाक्टर इन्दुल के.सी.ज्यूका बारेमा अरूहरूको जस्तोसुकै मुल्य मान्यता र मत -मतान्तर भए तपनि मेरो नजरमा उहाँ एक निष्ठावान, निडर, दूरदृष्टि राख्ने, सक्षम, स्वाभिमानी, सच्चा समाजसेवी र भक्तपुरलाई ज्यादै माया गर्ने व्यक्ति हुनुहुन्छ । जसले सत्यमेव जयते लाई आत्मसाथ गरी अहोरात्र आफ्नो छिमेक र टोलवासीको भलाईलाई मध्यनजर गरी समाज कल्याणको कार्यमा विगत लामो समयदेखि परोपकारी भावले समर्पित हुँदै आईरहनु भएको व्यक्तिको रूपमा पाएको छु ।

अरूहरूको जीवनमा जस्तै उहाँको जीवनमा पनि धेरै उतार चढाव र आरोह-अवरोह पक्कै आएको हुनुपर्दछ । तथापि डा. के.सी. ज्यू 'सुखमा मात्तिने र दु:खमा आत्तिने' मैले पाएको छैन र यस्तो असाधारण विशेषताले गर्दा र टोल छिमेकको सुख दु:ख नै आफ्नो सुख दु:ख र टोलको विकास नै आफ्नो विकास ठान्ने महान सोचले गर्दा आज उहाँ टोलवासीको मन मस्तिष्कमा छाई अभिभावकको रूपमा स्थापित हुन सफल हुनु भएको छ । उहाँको त्याग,

तपस्या, योगदानको उच्च कदर गर्ने व्यक्तिहरू माझ उहाँ भक्तपुरकै एक सच्चा समाजसेवी र लब्ध प्रतिष्ठित व्यक्तिको रूपमा स्थापित हुनुहुन्छ ।

विन्स्टन चर्चिलका अनुसार (Winston Churchill- A Pessimist Sees the difficulty in every opportunity; on optimist sees the opportunity in every difficulty। भन्ने भनाईलाई विश्वास गर्ने डा. इन्दुल के.सी.ज्यू आफ्नो जीवनको उत्तरार्धमा पनि कठिनाईलाई अवसरको रूपमा रूपान्तरण गरी कार्य सिद्धि गरिएको धेरै उदाहरणहरू छन् । जसमा-बाराही पीठ विकास समिति भक्तपुरको विस्तार र विकास, स्वस्थकर जीवनयापन गर्न योगको माध्यमबाट महत्वपूर्ण जनचेतनामुलक विभिन्न कार्यक्रमको आयोजना, २०७२ सालको महाभुकम्प पीडितहरूलाई गरिएको निःस्वार्थ सहयोग र सहभागिता र त्यस्तै २०७२ साल वैशाख १२ गतेको महाभुकम्पबाट क्षतिग्रस्त श्याम सुन्दर रास भजन तथा मुलाखु गणेश भजन घर पुनरनिर्माण कार्यको थालनी जस्ता धेरै कार्यहरू उहाँकै सवल र सक्षम नेतृत्वमा सकारात्मक सोचको शक्तिको सार्थक हुँदै गएको सर्वविदितै छ ।

विगत लामो समयदेखि प्राकृतिक उपचार (Alternatice Medicine) को माध्यमबाट समाज स्वस्थ रहे समाजको कल्याण र विकास हुन्छ भन्ने अभिप्रायले परोपकारी भावले रात दिन सेवा प्रदान गर्दै आउनु भएका डा. के.सी. ज्यूको कार्यक्षमता र कार्यशैली उमेरको दाँजोमा धेरै नै बलवान पाउनुको साथै हामीहरूले पनि उहाँबाट धेरै सिक्न सकिन्छ ।

उहाँको म भन्दा माथि हामी र मेरो भन्दा माथि हाम्रो जस्तो सकारात्मक सोचको उच्च कदर गर्दै उहाँको होस्टेमा हामीले हैंसें गर्न सकेको खण्डमा भक्तपुर जिल्लाको आर्थिक लगायत समग्र विकास गर्न समय नलाग्नेमा म विश्वस्त छु ।

अन्त्यमा, डा. इन्दुल के.सी.ज्यूका समाज प्रतिको योगदानलाई उच्च मूल्याङ्कन गर्दै सबैमा सकारात्मक सोचको विकास होस भनी माँ श्री भवानीसँग प्रार्थना गर्दछु र हाम्रो भक्तपुर राम्रो भक्तपुर भन्दै भक्तपुरप्रति आफूलाई सर्मपित गर्दै सफलताको कामना गर्दछु ।

■■■



CamScanner

# डा. इन्दुल के.सी.बाट मेरा सिकाइहरू



**रामप्रसाद शर्मा**
**महासचिव विश्वशान्ति ध्यान केन्द्र**

**पृष्ठभूमि**

देख्दा सामान्य लाग्ने । कुरा गर्दा कहीं घमण्ड नभएको, आफ्नो ईतिहासको कुनै वास्ता नहुने अनि सदा निष्काम रूपमा कर्ममा डटिरहने अनि खटिरहन इच्छा गर्नेहरू अहिलेको समयमा विरलै पाइन्छन् । नविन सोच, नविनतामा विकाश देख्ने अनि आफ्नो सानो सहयोगले केही बन्छ भने किन नगर्ने भनेर सदा उपकार अनि परोपकारमा होमिने मानिस बास्तविक समाज सुधारक हुन् । कहिल्यै पनि चुप्प लागेर समय खेर फाल्न मन नगर्ने । अनवरत केही न केही गरिरहने स्वभाव बास्तबमा आफूले अंगिकार गर्नु पर्ने र अरूलाई सहजताका साथ अंगीकार गराउनु पर्ने बानि हुन् । आफू केही न केही गरिरहनेले अरूलाई पनि अनायासनै काममा अभिप्रेरित गरिरहने कर्मको सिद्धान्त हो यसको अनुभुति हुनको लागी जन्मैबाट अथवा केही समय यस्तै परिवेशमा जीवन व्यतित गर्दा थाहा हुँदो रहेछ ।

**परिचय**

काठमाण्डौ उपत्यका भक्तपुरका डा. इन्दुल के.सी. सँगमेरो भेट भएको एकै बर्ष पनि भएको छैन, उहाँसँगको सहचर्य देख्दा अचम्म लाग्छ । आफू भने ७६ बर्षको हुँ भन्नु हुन्छ तर जोश जाँगर भने सोह्र अठार बर्षे युवाको जस्तो छ । एक दुई दिन हो कि जस्तो पनि नलागेको होईन तर त्यस्तो अनुभुति कहिल्यै भएन बरू जति निकटता भयो उति नै अगम्य, नयाँ नयाँ पाटाहरू उजागर हुँदै



Scanned with CamScanner

जान लागे । एउटा व्यक्तित्वका यति धेरै आयामहरू, ती आयामहरूको सम्पूर्ण समिश्रण एकै ठाउँमा हुनु भनेको पनि एउटा ठुलो उपलब्धि हो । शारिरिक रूपमा ७५ वर्ष भनेको जीवनको उत्तरार्ध मानिन्छ तर त्यही समय जब स्वस्फुर्त सेवाभाबमा उत्रिन्छ त्यसको प्रभाव दीर्घकालिन हुन्छ भन्ने ज्ञान मैले उहाँबाट पाएको छु त्यही नै जीवन ऊर्जा हो भन्ने गहिरो अनुभुति हुन्छ ।

**अनुभव**

अध्यात्मिक हुँ भन्नु र त्यसलाई व्यवहारिक रूपमा बाँच्नु अत्यन्त फरक कुरा हुन् । अहिले बाटाघाटामा आफूलाई आध्यात्मबादी देखाउन पहिरन देखी बोलिचाली अनि अनौठा भावभंगिमा देखाउने धेरै अध्यात्मबादीहरूको लागी उहाँ एउटा गतिलो थप्पड हुनुहुन्छ । आफूभने खुब अध्यात्मबादी भनि टोपल्ने तर जब सेवाभाबको कुरा अगाडी आउँछ आफू सरक्क पन्छिनेहरूको लागी उहाँ जीवन्त उत्तर हुनुहुन्छ । कुनै पनि कुरालाई गहिरोसँगबुझ्नकोलागी आफ्ना ज्ञानहरूको अहँकारलाई एउटा रद्दीको टोकरीमा फाल्नु अपरिहार्य हुन्छ अनि आफूलाई बालबोधिको ठाउँमा राखेर ज्ञान ग्रहण गर्नु कुनै चानचुने कुरा होइन, त्यस मामलामा उहाँ खरो उत्रिन सक्षम हुनुहुन्छ ।

अध्यात्मको मूल भनेको आफूलाई अहंकार रहित बनाउनु हो । अहंकार विहीन भएर अहोरात्र समाजसेवामा खटिनु चानचुने कुरा होइन । उहाँलाई हेर्दा एउटा आशाको अंकुर पलाउँछ । अन्ठाउन्न बर्ष पश्चात सरकारी सेवाबाट निबृत्त भईसकेपछि पनि अब मलाई केही चाहिँदैन म बुढो भएँ भनेर आफूले आफैंलाई एकातिर निष्कृय बनाएर थन्क्याउनु एउटा पक्ष हो तर बास्तविकता अलि फरक रहेछ भन्ने कुरा उहाँबाट सिक्ने अपूर्व अवसर मिल्यो मलाई । सेवा निबृत्ति पछि झन धेरै अनुभवहरू बटुलिएको हुँदो रैछ, एउटा अदम्य आत्मविश्वासका साथ समाजलाई एउटा नविन दिशाबोध प्रदान गर्ने अवसर आउँदो रहेछ । बास्तबमा यस्ता सपूतहरू आठ दश जनामात्र एकत्रित भएर आफ्ना अनुभवका पेटाराहरूलाई प्रायोगिक तबरबाट एकत्रित गर्ने हो भने हामी नेपाली अत्यन्त धनी छौं भन्ने आभाष हुन्छ ।

जीवन पर्यन्त आफूलाई राष्ट्रसेवामा समर्पित गरिसकेपछि सेवा निवृत्त भएपछि के गर्ने ? भन्ने प्रश्न टडकारो छ तर राष्ट्रसेवामा रहँदा आफूलाई नियन्त्रण गर्ने संरचनाबाट बाहिरिएर स्वतन्त्र रूपमा समाजसेवा गर्दा के के



Scanned with CamScanner

सम्म गर्न सकिन्छ भन्ने कुराको ज्वलन्त उदाहरण मैले उहाँबाट पाएको छु । कहिलेकाही सपना पनि देख्छु साच्चै यही सत्य हो भने त अहिलेको नेपालमा अलपत्र परेका नेपाली युवाहरूलाई देश भित्रै बसेर केही गर्न सकिन्छ भन्ने बातावरण बनाउन उहाँजस्ता हरेक बुवाहरूको अत्यन्त महत्वपूर्ण भूमिका हुन्छ । जीवन पर्यन्त सम्माननिय रूपमा आर्जन गरेको अनुभव, ज्ञान अनि बिपरित परिवेशलाई पनि अनुकुल बनाउने क्षमताको कारणले गर्दा आफू भन्दा उमेर र अनुभबमा साना युवाहरूलाई समाज अनि देश विकासमा अभिप्रेरित गर्न सरल उपायहरूको खोजी गर्न सकिन्छ भन्ने अनुभूति मैले उहाँबाट गर्न सकेको छु ।

**आशा**

भन्नेहरू त भन्ने गर्छन् यो एक्काइसौं शताब्दि हो, विकाश आफ्नै चरममा छ, यी बुढाहरूले यो समय आत्मसात गर्न सक्दैनन् भनेर पन्छ्याउने स्वनामधन्यहरू पनि नभएका होइनन् तर बास्तविकता फरक छ । ज्ञान, अनुभव त्यसको प्रयोग अनि सोचाईको स्वच्छन्दता यही उमेरमा आएको हुन्छ । छोराछोरीहरूले आफ्नो आफ्नो कुटिखेलो गर्न सक्ने बनाए पछि यो उमेरमा पारिवारीक पृष्ठभूमीमा पनि स्वतन्त्रताको अनुभुति हुँदो रैछकि भन्ने अनुमान गर्न सकिन्छ । त्यसो भन्दैमा स्वास्थ्य अनि यस उमेरका आफ्नै परिवेश नहुने होईनन् । सबैको बावजुद पनि अनबरत रूपमा अहोरात्र हामी जस्ता युवाहरूलाई उहाँको मार्गदर्शन अत्यन्त आवश्यक छ भन्ने अन्तरमनमा महशूस भइरहेको छ । उहाँको कर्मप्रतिको लगाव अनि समस्यालाई समाधान गर्ने चट्टान जस्तो धैर्यताको सिको गर्न सक्नुपर्छ हामी युवाले । उहाँ लगायत उहाँ जस्ता प्रविण अग्रजहरूबाट समाजको कायापलट गर्नको लागि हामीले सिक्नु पर्ने धेरै छ ।

■■■



Scanned with CamScanner

# मेरा गुरूभाइ-डा. इन्दुल के.सी.



**महात्मा सुशील**
**पाशुपत योगका संस्थापक अध्यक्ष**

विश्वको सर्वोच्च शिखर सगरमाथाको काखमा रहेको नेपाल-हाम्रो तपो भूमि, यज्ञ भूमि र धर्मभूमि पनि हो । देवादि देव श्री पशुपतिनाथ लगायत विभिन्न देव देवीहरूको अतिकलात्मक मन्दिरक्षेत्रहरू र त्यहाँ स्थापित सुन्दरमूर्तिहरू विश्वमा नै अद्वितिय मानिन्छ । पशुपति क्षेत्र युनेस्कोले विश्व सम्पदा क्षेत्रको रूपमा लिएको पाइन्छ । भगवान शिवले धारण गरेको किरातेश्वर महादेव, श्री गुहेश्वरी माताको मन्दिर, ललितपुरको कुम्भेश्वर महादेव र श्रीकृष्ण मन्दिर, भक्तपुरको मङ्गलेश्वर केदारनाथको शिरोभाग मानिएको डोलेश्वर भक्तपुरको दरबार स्क्वारमा रहेको पशुपति मन्दिर तथा प्रशिद्ध दत्तात्रेयमा मन्दिर, काशि विश्वनाथको शिरभाग मानिएको डोलेश्वर, भक्तपुरको टौमधि टोलमा रहेको भैरवनाथको मूर्ति एवं् यसको भव्यमन्दिर, माता जानकीको जन्मभूमि जनकपुर, शान्तिका अग्रज गौतम बुद्धको जन्म स्थल लुम्बिनी लगायत पवित्र धार्मिक एव ऐतिहासिक स्थल रहेको यो देश नेपाल हो ।

परापूर्वकाल देखि नेपालमा स्वदेशका मात्र होइन विभिन्न देश विदेशका ऋषिमुनि साधुसन्तहरू आई तपस्या, योग ध्यान गर्न अति उपयुक्त स्थान भएको कुरा यहाँ आएका विशिष्ट व्यक्तिहरूले भन्ने गरिनछ कि नेपाल तपो भूमि हो । उल्लेखित अवस्था अब विभिन्न कारणले कारणले छिन्न भिन्न हुँदै गएको छ । यसलाई बचाउन सरकार, संघ संस्था र जनताले प्रयन्त र प्रयास गर्नु पर्ने



Scanned with CamScanner

भएतापनि यस प्रकारको प्रयासमा थोरै मानिसहरूले मात्र सुधार्न बचाउन प्रयास गरिहेको पाइन्छ ।

यसै क्रममा भारतबाट आउनु भएका स्वामी सचिनान्द विशुद्धदेवज्यूको नाम उल्लेखनीय रूपमा रहेको छ । म स्वयम् महात्मा सुशील, स्वामी कल्याण मित्र डा. इन्दुल लगायत नेपालका हजारौं व्यक्तिहरू उहाँको शिष्यकोरूपमा रहिआएको छौं । स्वामी विशुद्धदेवज्यूले विश्वका लागि अमूल्य उपहारको रूपमा प्रदान गर्नु भएको दिव्य आशिर्वाद-मस्तिकसमा समजदारी ! काँधमा जिम्मेवारी र हृदयमा इमान्दारी भन्ने मूल उद्घोषणलाई हृदयगम गर्नुको साथै उहाँले रचना गर्नु भएको पुस्तक चरित्र विज्ञानलाई हाम्रो मार्ग निर्देशनको रूपमा लिइ मैले पाशुपत योग नामले विभिन्न किताबहरू रचना गरी प्रस्तुत गरिरहेको छु ।

मेरो गुरू भाइ डा. इन्दुल केसी एवम स्वामी कल्याण मित्रज्यूले एउटा नयाँ संस्था विश्व शान्ति ध्यान केन्द्र खडा गर्नु भएको छ त्यस संस्थाबाट विभिन्न धार्मिक, आध्यात्मिक, शिक्षा, स्वास्थ्य, योग ध्यान कार्यक्रमहरू सञ्चालन गर्दै आउनुभएको छ । डा. इन्दुल के.सी.ज्यूको बारेमा म उहाँ र मैले प्रचार गरेको शिव योगसँग जोडेर केही कुराको चर्चा गर्न लागिरहेको छु । उहाँसँग मेरो भेटघाट भएको १ वर्षमात्र भएको छ । उहाँको बोलिबचन, निडर स्वभाव, स्पष्ट वक्तको रूपमा मैले पाएको छु । यस मृत्युमय संसारमा मानव जन्म लिन्छ । मेरो मान्यता व्यक्तिको आ-आफ्नो समाज राष्ट्र एवंम विश्वको हितको लागि सकेको योगदान गरी मानव मात्रमा आनन्दमय, शान्तिमय, बनाउन निरन्तर शान्तिमय बनाउन प्रयासरत हुनु पर्छ । डा. इन्दुल के.सी. हाम्रा धर्मग्रन्थहरू वेद, उपनिषद, कथा पुराण, गीता लगायतले मार्ग निर्देशन गरेको शिक्षालाई सकेसम्म अध्ययन र अनुशरण गर्ने आफ्नो जीवनमा लागु गर्न प्रयत्नरत रहेका एक साधुका रूपमा मैले पाएको छु । उहाँ मेरो आश्रममा बेला बेलामा आइरहनु हुन्छ । आश्रममा भेला भएका साधु सन्त विद्वान पण्डित, लेखकहरू तथा भक्तहरूसँग सत्संगत, छलफल गर्नु हुन्छ । साथै भजन किर्तन गरी उपस्थित व्यक्तिहरूलाई राम्रो प्रभाव पार्नु हुन्छ । यसरी सत्कार्यमा दत्तचित्त भई लाग्ने व्यक्तिहरू हाम्रो समाजमा कमै पाइन्छ । त्यसमध्ये म डा. इन्दुल के.सी.लाई पनि पाएको छु । भक्तपुर निवासी हाल ७६ वर्षको बुढौलीको बेलामा पनि कर्मयोगी भई योग, ध्यान, भजन, समाजसेवामा लागेर उहाँले मेरा श्रद्धेय स्वामी कल्याण मित्र अध्यक्ष रहेको



Scanned with CamScanner

विश्वशान्ति ध्यान केन्द्र नामक संस्थाको उहाँ संस्थापक उपाध्यक्ष हुनुहुन्छ ।

ब्रम्ह विद्या (ध्यान) लाई प्रदान गर्ने जगन माता श्री पार्वती महादेवी हुनुहुन्छ भन्ने मेरो रचना 'ईश्वर गीतालाई महामुनि उपमन्यूले सुन्दर कर्म गर्ने श्री कृष्णलाई पासुपत ब्रत, पासुपत-योग र पासुपत ज्ञान प्रदान गरेको -कुर्म पुराणको जानकारी पनि डा. इन्दुल के.सी.लाई छ भन्ने मेरो ठम्याइ छ । प्रत्येक सोमबार प्रातकालिन कान्तिपुर टेलिभिजन मार्फत श्रृखलारूपबद्ध रूपमा शिवयोग बारेको धारावाहिक मेरो प्रवचन सुनेर उहाँले मलाई आफ्नो प्रतिक्रिया दिइरहनु भएको छ । जुन मलाई अति राम्रो लाग्छ । हालै मेरो किताब पाशुपात योगलाई विभिन्न भाषामा अनुवाद गरी प्रकाशित गर्ने कार्यमा डा. इन्दुल के.सी. सक्रिय रूपमा लागिरहनु भएको छ । म उहाँसँग विभिन्न आध्यात्मिक-धार्मिक अनुस्ठानहरूमा सहभागि हुने, प्रवचन गर्ने, योग शिविर चलाउने, ध्यान कार्यक्रम चलाउने गरी आएको छु । अन्तमा डा.इन्दुल के.सी.लाई म विनम्र प्रणाम गर्छु ।

■■■

# डा. इन्दुल व्यक्ति एक रूप अनेक



पं. हृदयप्रसाद मिश्र
कथावाचक,
साहित्यकार तथा कलाकार

आज भन्दा पौंने एक शताव्दी अगाडी भक्तपुरको मंगलाछें टोलमा केदारनाथ झा र शेर कुमारी (अर्थात कान्छी) को गर्भवाट चतुर्थ पुत्ररत्नको रूपमा वि.सं. १९९८ साल मंसिर २७ गते बुधवारका शुभ दिनमा एक वालकको जन्म भयो । जसलाई चिने जानेका आफन्त मित्र "इन्दुल" भन्ने नामबाट पुकार्न थाले । सोही बालक नै कालान्तरमा डाक्टर इन्दुल के.सी. वाट प्रसिद्ध भए ।

अन्य साधारण बालकहरू जस्तै सो बालक पनि लड्दै पढ्दै जुध्दै हर्ष विस्मात आरोह अवरोह सुख दु:ख इत्यादिको सामना गर्दै पूर्णिमाको चन्द्र झैं हुर्कन बढ्न थाले । रोप्दै नरोपे पनि दाह्री जुँगा समेत उम्रेरेर वयश्क समेत भए । केही जानौं बुझौं सिकौं भन्ने जिज्ञासु प्रवृत्तीका थिए उनी । ज्योतिषले निकालेको ग्रह गोचर अनुसार सिंह राशि एवं सूर्य स्वामी भएकोले उनी सूर्य झैं चम्किन सफल भए भने चिन्हाको नाउँ "महेन्द्रनाथ" भएकोले राजा महेन्द्र जस्तै वुद्धिमान एवं नीति कुटनीति जान्ने भएकाले "अनाथ" भन्न कसैले साहास गर्न सक्ने पनि कदापि भएन ।

"यही सूर्य सहस्रासुं तेजो राशय् जगत्पते" भने झैं एउटै सूर्यले सम्पूर्ण व्रम्हाण्डलाई ज्योतीर्मय प्रकाशमय बनाए जस्तै एउटै इन्दुल पनि समाजका असंख्य क्षेत्रहरूमा प्रतिनिधित्व गर्न सक्ने व्यक्तिको रूपमा सफल भए । शिक्षामा एम.ए, वि.एल. का साथै वैकल्पिक उपचारमा पी.एच.डी. समेत गरेको



CamScanner

स्वदेशका प्रायः धेरै जिल्लाहरूका साथै विदेशमा अमेरिका बेलायत फ्रान्स जर्ममी इटली स्वीजरल्याण्ड जापान ग्रीस इजरायल थाईल्याण्ड र हङ्कङ्ग लगायतका देशहरूका भ्रमण गरि वस्तु स्थितिको अनुभवहरू समेत प्रसस्तै बटुल्न समर्थ भए । हुन त "IN डुल" अर्थात इन भनेको "मा" डुल भनेको घुम्नु हो । उनको नाम त्यो जमात मैं भए पनि रिमिम्श गरि इङ्गलिस र नेपालीको समिश्रण गरि राखिएको देखिन्छ । IN भनेको इङ्गलिस र "डुल" भनेको नेपाली शब्दले यही कुरो पुष्टयाइएको देखिन्छ । (संसार) मा डुल्नु भन्नाले स्वदेश विदेश भन्ने स्वतः सिद्ध हुन्छ ।

कर्मलाई पूजा मानी जीवन भर लेफराइट-लेफराइट गरि रहेका उनी कसैको आँखामा क्रान्तिकारी कसैको दृष्टिमा विद्रोही देखिएता पनि वास्तवमा उनी प्रजातन्त्र प्रेमी थिए । उनी गरम मिजाशका जस्तो देखिए पनि यथार्थतामा उनी स्पष्ट बक्ता हुन् । उनी महत्वाकाक्षी छ, हठी छ कसैसँग नझुक्ने नडस्ने Frank मिजाशीला छन् । जसले जस्तो देखेता पनि साँचै भन्ने नै हो भने माकुरोले अथक परिश्रमका साथ जाल बुनिरहने एक कुशल साधक मात्र हुन् उनी ।

२०४६ सालको जन आन्दोवलमा पंचायत व्यवस्थाको विरूद्धमा नेपाल निजामति कर्मचारी संगठन दर्ता गराउन नेतृत्वदायि भूमिका खेल्न पनि रत्तिभर पनि बीचलित नभै राष्ट्रप्रेमी योद्धाले रणक्षेत्रमा प्राण्को आहूति दिन पनि निडर भइ अघि बढ्ने झैं जागिरको कुनै पर्वाह नै नगरी निस्फिक्रीसँग अघि बढ्दा आफ्नो जागिरै समेत स्वाहा हुंदा पनि उनको अनुहारमा कुनै पछुतो खिन्नता एवं निराशपन समेत कसैले देख्न सकेन । उल्टो झन स्फुर्टसँगअघि बढदै गए अघि बढ्दै गए ।

चम्किला आखाँ, कालोकालो अनुहार र टाउकोमा हिउँजस्तै कपाल सेतो भएपनि आफूलाई भर्खरको १६ वर्षे ठिटो जस्तै संझि जोश जाँगरका साथै अदम्य साहास गरि अधिबढि रहेका इन्दुल केसीलाई बुढ्यौलीको बाघले आक्रमण गरिरहेको देखिन्छ । संसार विचित्रको छ । राजा रंक अमीर फकिर बैद्य डाक्टर जो सुकै होस प्रकृतिको नियमको अगाडी कसैको कुनै जोर चल्दैन । केही लाग्दैन । बुढ्यौलीको संकेत भनौ वा अरू के भन्ने हो थाहा भएन मलाई । एउटै कुरालाई बारम्बार दोहोऱ्याई रहनु । कुरा गर्दा गर्दै प्रंसग नै विर्सनु, अरूलाई बोल्ने मौकै



CamScanner

नदिई आफैले मात्र बोल्नु। गाडीमा झयाप्प ब्रेक लागए जस्तै गर्दै गरको कुरालाई एक्कासी ध्याक्क रोक्दै "का जिमलात लिपा खँ ल्हायेका न्हि ? (लौ मलाई भ्याएन पछि कुरा गरौं है) भनि Toilet जान हत्तार भए झैं फटाफट हिँडी हाल्ने बानीलाई बुयौलीको मुख्य प्रमाण हो भन्नु बाहेक अरू के संज्ञा दिने ?

तन वृद्ध भए पनि मन जीर्ण नभएका डा. इन्दुलको जीवनमा कहिले प्रशासकको रूपमा, कहिले योग सिकाउने गुरूको रूपमा, कहिले भजन गर्ने भजनियाँको रूपमा कहिले टोलका सम्पूर्ण दाजुभाइहरूलाई धार्मिक चेतना जगाई श्रीमद् भागवत सप्ताह गर्ने धार्मिक कार्यक्रमको अध्यक्ष भई नेतृत्व गरे। कहिले भूकम्पमा देहावसान भएका व्यक्तिहरूको चीर शान्तिको कामना गर्दै वाराही पीठ (भक्तपुर) मा "शान्ति होम" गर्ने कार्यको कर्ता बनेर। कहिले सम्पादकको रूपमा, कहिले साहित्यकारको रूपमा कहिले (वैकल्पिक उपचारको) डाक्टरको रूपमा, कहिले संयोजक, अध्यक्ष, सल्लाहकारको रूपमा जिम्मा लिई अथक सेना जस्तै राष्ट्रको सेवामा समर्पित भई लम्की रहे-लम्की रहे। गन्तव्यमा नपुगेसम्म पाइला नरोक्ने उनको अघोषित अठोटले गर्दा आज उनी शिखर चूम्न समेत सफल भए। आजसम्मै पनि अविरल बग्ने गंगा जस्तै अथक साधकको रूपमा जोश जाँगरका साथ पाइला अघि बढाई रहेका डाक्टर "इन्दुल व्यक्ति एक रूप अनेक" भन्नुमा कदापि दुईमत रहने छैन।

अन्त्यमा देश र समाजका लागि निरन्तर अघि वढि रहन सकून्, स्वास्थ्यले कुनै बाधा नगरोस्, सुस्वास्थ्यका साथै उनका अधुरा अभिलाषाहरू समेत पूरा होओस भन्ने शुभेच्छा सहित कलमलाई विश्राम दिन चाहन्छु।

■■■



Scanned with CamScanner




# अध्याय-दुई

## मेरो जीवनयात्रा र मेरा केही लेख, रचनाहरू



Scanned with CamScanner

# वंशावली तालिका




**श्रोतः उपत्यकाका मैथिल ब्राम्हणहरूको वृहत वंशावली**

साबिक फारामः २६


मूलः पैचोभय ब्रम्हपुर (पदमपुर)

गोत्रः सावर्णी

मूलघर : भक्तपुर नासमना (ब्रम्हपुर चोक)–४

# मेरो यस धरामा प्रवेश

विश्व ब्रमाण्डको एक पिण्ड पृथ्वीको एउटा अति सानो भूभाग नेपाल देश भक्तपुर नगर - ४ ब्रम्हपुरमा मेरी आमा शेरकुमारी कान्छी झा (के.सी.) को गर्भबाट वि.स. १९९८ साल मार्ग २७ गते बुधवार अष्टमीको दिनमा म यस धर्तिमा प्रवेश भएको कुराको जानकारी मैले पढ्न र लेख्नजानेपछि १० वर्षको उमेरमा मात्र मेरो जन्म कुण्डली र मेरा चिना हेरे पछि मात्र थाहा पाएँ ।




**इन्दुलको जन्म कुण्डली**
**(जन्म समय १६:११)**

उक्त कुण्डलीको आधार (ज्योतिष विद्या) अनुसार

१. सूर्य सातौं स्थानमा भएकालेले राज्यबाट पीडित रहन्छ ।

२. चन्द्रमा पाँचौं स्थान भएकोले (सिंह राशि) सदाचारी सदगुणी एवम



Scanned with CamScanner

क्षमाशील हुन्छ ।

३. मंगल बाह्रौं स्थानमा भएकाले राम्रो काम गरेतापनि अनावश्यक लांक्षाना पाउने र झूठ अफ्‌वाहबाट व्यथित रहनु पर्छ ।

४. बुद्ध सातौं स्थानमा रहेकोले कुलिन लेखक, सम्पादक, धार्मिक एवम् उदार हुन्छ ।

५. वृहस्पति दोस्रो स्थानमा रहेकोले कवि हृदय सुकार्यरत, पुण्यात्मा, दीर्घायु द्रव्य पीडित हुन्छ ।

६. शुक्र नवौं स्थानमा रहेकोले धार्मिक कार्यमा धेरै रूचि हुने, आस्तिक स्वभावको हुन्छ ।

७. शनि दोस्रो स्थानमा भएकोले सुखको खोजमा यताउता घुम्दै रहने तर मनलाई शान्ति नमिल्ने, साधु सन्यासीहरू तथा नेता लगायतको नराम्रो कामको लागि ठाडै आलोचना गर्ने ।

८. राहु पाँचौं स्थानमा भएको कारण स्त्री विमारी रहने, धन नाशक कार्यकर्ताहरू र शास्त्रप्रिय हुने ।

९. केतु एघारौं स्थानमा भएको कारण उत्तम गुणबाट युक्त, रोगबाट पीडित रहन्छ ।

मेरा बुबा स्व. श्री केदारनाथ झा ज्यूले मलाई बोलाउने नाउ इन्दुल राख्नु भयो । यसै इन्दुल नामबाट श्री पद्मम हाइस्कूल भक्तपुरका वहिदार आनन्द मिश्रले नाम दर्ता गर्दा मेरो नामको थरमा झा नलेखिकन खत्री क्षेत्री -के.सी. भनि आफैनै बिचारले मेरो थरको नामांकन गर्नुभएछ । यसै नामाबाट शिक्षाको सम्पुर्ण प्रमाण पत्रहरू तथा पछि घर जग्गाहरूको लालपूर्जाहरूमा पनि नामको पछि थरको रूपमा के.सी. पुच्छर गासिन पुगे ।

मेरी माताको गर्भमा बुबाको शुक्रकिट भौतिक रूपको प्रवेश पूर्वपनि म थिएँ वा थिएन मेरो आजको ७६ वर्ष भौतिक स्वरूपको अन्तमा मेरो आत्मा रहिरहन्छ कि रहन्न मैले अझसम्म पनि बुझ्न सकेको छैन । कोही भन्छ आत्मा भनेको कुनै कुरो होइन । कोही भन्छन् जन्म र मृत्युको जीवन चक्र ८४ लाख जुनिमा घुमि रहन्छ । यो मानव जीवनमा सतकर्म गरी ईश्वरको भक्ति, प्राणि मात्रको सक्दो सेवा जप तप ध्यान योग गरी हामीसँग रहेको आत्मालाई परमात्मामा मिलन गर्न सके मुक्ति पाइन्छ भनी धर्मशास्त्रहरू र आध्यात्मिक



Scanned with CamScanner

चिन्तक विद्वान पण्डित पादरीहरूले हामीलाई सुनाउने कुरा ध्यान पूर्वक सुन्ने र सक्दो रूपमा सोही अनुरूप मेरो जीवन यात्राको यात्री भई मैले दिन बिताइरहेको छु ।

प्रत्येक दिन, प्रत्येक छिन यस पृथ्वीमा हजारौ हजार किट पर्तग पशु, पछि जस्तै मानिसहरू पनि जन्मि रहेका छन् । अनि प्रत्येक छेन प्रत्येक पलामा यी जन्मेका मध्ये कयौ कयौ यस पृथ्वीमा आआफ्नो जीवन लिला समाप्त गरिरहेका छन् । शरीर विज्ञानको भाषामा हरघडी पुरानो कोष हरू छिन हुदै नष्टहुदै छन् र प्रत्येक छिन विभिन्न तरिकाले पुरानो कोषहरूलाई पुनःस्वस्थ बनाइ Reggnirate गराई नयाँ नयाँ कोषहरूको निम्ति हुने प्राकृतिक क्रियाकलापहरूबाट एउटा जीवत्मा छिनछिनमा मर्दै छ् र छिछिनमा जन्मिरहेको कुरा लाई बिचार गर्दै यस धारामा प्रशेव र यसै धाराबाट अलगिन्दै जानुपर्ने सास्वत यथार्थलाई मैले बुझ्ने कोशिश गर्दैछु । जन्ममा, मृत्युमा, शोकको सांसारिक प्रचलनमा अरूलाई पनि समाहित गर्दै म जीइ रहेछु  वास्तवमा हर्ष के हो ? शोक के हो ? सुख के हो ? दुख के हो ? यसको वास्तविक यथार्थ जिज्ञासु भई अलिअलि अध्ययन गर्ने अलिअलि सत्र्संग गर्ने अलिअलि आफूले सक्दो समाज सेवा गर्ने भजन कीर्तन गर्ने अरूलाई पनि गर्न गराउन उत्प्रेरित गर्ने भौतिक शरीरको आवश्यक्ताहरू परिपूर्ति गर्न पसिना चुहाउने, योग गर्ने, अरूलाई योगाभ्यास प्राकृतिक चिकित्सा सेवा गर्ने, कर्म योगमा विश्वास गरी सोही अनुरूप आफ्नो समय विताउने मेरो दिन चर्या चलिरहेको छ । मेरो हितैषीहरूले इन्दुल तिमी धेरै काम नगर आफ्नो स्वास्थ्यलाई पनि ख्याल गर भन्ने अर्ति उपदेशलाई मैले सकारात्मक रूपमा लिएतापनि आफनो बिचारले मेरो जीवनको रथलाई गुडाइ रहेको छु । यस धराबाट विदा भइजाने, मेरो मृत्युलाई सहज स्वीकार गर्दै म उद्ने छु । त्यो घडीसम्म मलाई कसैले पागल भनोस, कसैले घमण्डि भनोस् कसैले धेरै बकवक गर्ने भनोस जजस्ले आफ्ना आँखाले जसरी मलाई हेरून बुझून् जस अपजस् वर्षा गरून् शत्रुमित्रको विभिन्न कोणबाट मलाई हेरून, ती सबैलाई मैले समानरूपले हेर्न सकूँ भनी परमात्मासँग पुकार गरी यस धराबाट विदा लिइ जाने घडीको पर्खाइमा यो इन्दुल बसिरहेछ, हिडिरहेछ, बोलिरहेछ, केही गरिरहेछ भन्ने सबैले बुझून् मेरो यही इच्छा छ ।

■■■



Scanned with CamScanner

# मेरो बुबा डा. इन्दुल के.सी.



**श्रीमती रजनी के.सी.**
**शिक्षिका शान्ति निकेटन मा.वि., भक्तपुर**

आजभन्दा करिब ३०/४० वर्ष पहिले साँझपख करिब ५ बजे पछिको हाम्रो समय करिब २ घण्टा मंगलाछेँ (नासमना) टोलको भक्तपुर बंलपु अर्थात ब्रम्हपुर चोकमा भएका ३-४ घरका सबै आइमाईमान्छेहरू अर्थात मेरी हजुरआमा, ठूलीआमा, आमा, दिदीहरू र हामी बालबालिका सबै झुन्ड झुन्ड भएर आआफ्नो विभिन्न क्रियाकलापहरूमा रमाईहरेका हुन्थ्यौं । एउटा फराकिलो चोक, चोकको करीब बीच भागमा अति मनमोहक सुन्दर श्री महादेवको शिलाको मूर्ति भएको मन्दिरसँगै हनुमानजी र सरस्वतीको मन्दिर र चोकको उत्तरमा भने श्री कृष्णको भजनघर र फराकिलो पाटीचोकमा । हामी बालबालिका धेरै थरिका खेलहरू तेलकासा, आसपास, डांगदुंगु, पाँय्, गेमबल, कबर्डी, पुतली आदी धेरै खेलहरू खेल्थ्यौं । दिदीहरू एकातिर मन्दिरका पेटीहरूमा बसी गफ गरिरहनु भएको हुन्थ्यो, आमाहरू र हजुआमाहरू पाटीमा बसी आ-आफ्नो बसिवियाँलोमा रमाइरहनु हुन्थ्यो । यतिकैमा करिब सातबजेतिर चोकभित्र मेरो बुबा अफिसबाट फर्कनु हुन्थ्यो सफा र चिटिक्क परेको मयल पोस कोट र ढाकाटोपीमा सजिएका एक सरकारी कर्मचारी इन्दुल के.सी. एकछिन टक्क पेटीमा अडि सबैतिर हेर्नुहुन्थ्यो र सरासर आफ्नो घरतिर बढ्नुहुन्थ्यो । बुबाको आगमनसँगै अब म, मेरोभाइ उज्वल र मेरी आमाको चोकमा उपस्थितिमा पूर्ण विराम लाग्थ्यो । आजलाई खेल्ने समय यति नै भन्दै हामी पनि बुवासगै घरतिर लाग्थ्यौं । हातखुटा धोइवरी कोठामा गएर विद्यालयबाट

दिइएका गृहकार्य गर्न पाठहरू पढ्न तल्लीन हुन्थ्यौं । हामीले नबुझेका कुराहरू बुबाले सिकाईदिनु हुन्थ्यो । यतिकैमा बुबाका साथीहरू आउनुहुन्थ्यो जसमा सानोबुबा बलराम के.सी.को पनि सहभागिता रहन्थ्यो र विभिन्न विषयमा गफ गर्न थाल्नु हुन्थ्यो । बुबा र सानो बुबा दाजुभाइ भएतापनि साथीहरू जस्तै हुनुहुन्थ्यो । उहाँहरू दुवैका एकै खाले साथी, खाना खाने समयमा पनि दुई दाजुभाइ गफमा तल्लीन । प्रायजसो शनिवारको विहान तरकारी किन्नका लागि म र बुबा कहिले बंशगोपाल टोलतिर त कहिले टौमढी, सुकुलढोकाटोल तिर जाने गर्थ्यौं । बाटोमा अनेक थरिका मानिस भेट हुन्थ्यो । धेरै जना सँगबोल्दै कुरागर्दै, जाँदा तरकारी किनेर आउन निकै समय लाग्थ्यो । यतिबेला म सोचिरहेकी हुन्थे । कति धेरै मानिस बुबाले चिन्नु हुँदो रहेछ । सबैलाई बोल्नै पर्ने, कुरा गर्नै पर्ने, कतिबेर लगाउने कहिलेकाही झर्को पनि लाग्थ्यो । त्यतिबेलाको समयलाई अहिले सम्झदा बुबा हामीलाई अनुशासनमा बाँध्न खोज्ने कडा मिजासको भएतापनि मिलनसार सहयोगी पनि हुनुहुँदो रहेछ भन्ने अब बुझ्न थालें ।

विगत केही समय देखि बुबाको जीवन शैली सामाजिक उत्तरदायित्व पुरा गर्ने क्रममा वितिरहेको छ । वि.सं २०५६ सालमा सरकारी नोकरीबाट अवकास प्राप्त गरे पश्चात उहाँले धेरै वटा क्षेत्रमा कार्य गरिरहनु भएको छ । प्राकृतिक चिकित्सा-वैकल्पिक उपचार (Alternative Medicine) विषयमा पी. एच. डी. गर्नुभएको कारण योग र प्राकृतिक चिकित्साको उपचारमा लाग्नु भएको छ । त्यस्तै भक्तपुर एक साँस्कृतिक पहिचान बोकेको नगर, यहाँ हरेक टोलटोलमा आ-आफ्नै किसिमका भजनहरू गाइन्छन् । करिब करिब दोस्रो पुस्ताले विस्तारै छोड्दै लगेको यस्ता भजन र दाफाका प्रक्रियाहरूलाई पुनउत्थान गर्ने कार्यतिर लाग्नुभयो । कलासंस्कृति भजन महागुठीका संस्थापक अध्ययक्ष भएर संस्कृति जोगाउने अभियानमा लागि यससँग सम्बन्धित धेरै कार्यक्रमहरू संचालन गर्नु गराउनु भयो । लाग्छ यो अभियानले गर्दा टोलटोलमा रहेका भजन गुठी र मन्दिरहरूमा आ-आफ्नो प्रस्तुती र संख्यात्मक रूपमा बृद्धि गर्ने प्रतिस्पर्धाको भावना जागृत भएको छ ।

श्री वाराही पीठ विकास समितिको संस्थापक हुनुभएको समयमा पनि आफ्नो अनुभव र चिनाजानीको नाताले श्री बाराही मन्दिर परिसरको वातावरण संरक्षण र सम्बर्द्धन तथा नयाँनयाँ सत्तलहरू निमार्ण गर्नुका साथै स्थानीय



Scanned with CamScanner

टोलवासीहरूमा देवी प्रतिको आस्थामा उत्प्रेरित गर्न पटकपटक विभिन्न भजन सम्मेलन, भजन गायन, भागवत सप्ताह जस्ता कार्यक्रमहरू आयोजना गर्दै भक्तजनहरूलाई सहभागी गराई रहनु भयो । सबै काममा आफैं खटेर निर्देशन गर्ने, जुनसुकै कार्य गर्न तत्पर रहने, समयको ख्याल नगरि दिन र रात जुट्न सक्ने क्षमतामा धेरै व्यक्तिहरूले रूचाइएको व्यक्ति भएतापनि बुबाको निडर, हक्कि र जिद्दी स्वभावको कारण एकाध मानिस रिसाएका पनि देखेकी छु । धेरै प्रतिकुल समयहरू पनि उहाँले सामना गर्नुभयो । तर कहिले पनि त्यसलाई कमजोरी नबनाई शक्तिमा रूपान्तर गर्ने प्रयास गरिरहनुभयो, निस्फिक्रीसँग आफ्नो काममा लागि रहुनभयो हालसम्म पनि लागिरहनु भएको छ ।

बुबाको अर्को रूचि साहित्य विधामा कविता रचना, मलाई लाग्छ उहाँ वस्तुवादी, यर्थाथपरक र प्रगतिशील कवि हुनुहुन्छ । भक्तपुर जिल्लामा भाषिक उत्थान अभियान अन्तर्गत स्थापित विराट नेपाल भाषाको कार्यक्रमहरूमा प्रगतिवादी कविता वाचन गरेर तत्कालीन समयमा छुटै पहिचान बनाउन सफल हुनुभएको रहेछ । उहाँले समय सान्दर्भिक विषयहरूमा कविता रचना गर्दै हिड्नुहुन्थ्यो । २०६५ सालतिर बुबाका साथी वरिष्ठ साहित्यकार श्री परशु प्रधानज्यूको सल्लाह अनुसार कविता संग्रह प्रकाशन गर्ने अवसर जुट्यो र भूइँचाले कविता संग्रह प्रकाशन भव्य कार्यक्रमका साथ लोकार्पण गराउनु भयो ।

बुबाले काम गर्नुभएको धेरै सरकारी कार्यालयहरू, देश विदेश भ्रमणबाट सँगालेका अध्ययन र अनुभवबाट थुप्रै ज्ञान बटुल्नु भएको छ । परिवार प्रतिको जिम्मेदारी जागिर प्रतिको निष्ठा, राज्यप्रतिको कर्तव्य, समाजप्रतिको उत्तरदायित्व निभाउन आज सम्म ७६ वर्षको उमेरमा पनि निरन्तर खटिरहनु भएको मेरा बुबा डा. इन्दुल के.सी. हुनुहुन्छ ।

२०७२ सालको महाभुकम्प पश्चात जीर्ण भएको आफ्नै चोकको श्री श्याम सुन्दर भजन घर निर्माण गर्न टोलबासीहरूसँग मिलेर आर्थिक र भौतिक स्रोत साधन जुटाउन खटिरहनु भएको छ । त्यसैगरी भक्तपुर जिल्लालाई यही २०७३ आश्विन १० गते सोमवार एकादशीका दिन पारि भक्तपुर योग जिल्ला घोषणा गराउने अभियानमा जिल्ला भित्र संचालित अन्य योगका संघसंस्थाहरू सँगको सहकार्यमा लाग्नु भयो र सो कार्यमा मलाई पनि संलग्न गराउनु भयो ।



CamScanner

यसरी हाम्रो बुबा (डा.इन्दुल के.सी.) को जीवनका अनगिन्ती उतार चढाव र भोगाईहरूलाई पुस्तकको रूपमा एकिकृत गर्न बुबाका धेरै अनन्य मित्रहरूले पनि आ-आफ्नो तरिकाबाट आ-आफ्ना भावनाहरू व्यक्त गरि सहयोग पुऱ्याइदिनु भएको छ । म उहाँको जेठी छोरीको नाताले सम्पूर्णमा महानुभावहरूमा हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । यो किताब प्रकाशन मेरी ममतामयी आमा सावित्रीज्यूको प्रयासमा म, मेरो भाइ उज्ज्वल र बहिनी सजनीले सक्दो सहयोग गर्न पाएकोमा हामीलाई ज्यादै खुशी लागेको छ ।

जीवनको ७६ औं वर्षमा प्रवेश गरिसक्नु भएको छ बुबाले यतिवेला सम्म आफ्नो परिवारजन प्रतिको मायामोह, सद्भाव लगायत साथीभाई ईष्टमित्र, दिनदु:खी असहाय तथा बृद्धलाई सहयोग गर्न कहिले पछि हट्नु भएन । यसरी नै उहाँको जीवनकालको पूर्ण सफलताको कामना गर्दै भगवानसँग उहाँको सु-स्वास्थ्य, दीर्घायू र क्रियाशिल शक्ति प्रदान गरून भन्ने अपेक्षा संधैं गरिरहने छु । ईश्वरले उहाँलाई त्यो शक्ति र सामर्थ्य दिई संरक्षण गरिरहुन् ।

■■■



Scanned with CamScanner

# संङ्गीतमय आध्यात्मिक भक्ति संसार

**-डा. इन्दुल के.सी.-**

ईश्वरप्रति आस्था राख्ने हामी सम्पूर्ण भक्तजनहरू मूर्ति, तस्वीर, शीला र लीला अनुसार आ-आफ्ना आराध्य देव देवीहरूको नाम गुणहरूको बखान गरी भक्तिगीत, भजन कीर्तन गर्छौं । भजन गर्ने एकलो व्यक्ति होस् या सामूहिक रूपमा होस सस्वर अर्थात मुखारविन्दबाट देवताको भजन गर्ने गर्दछन् । विना आवाज मनैमनले भजन गरिएता पनि हृदयको धडकन भित्र भित्रै सँगीत बजिरहेको हुन्छ । आस्तिक ईश्वरको भजन गर्छन् । नास्तिक व्यक्ति तथा भक्तहरू पनि कुनै न कुनै व्यक्तिको चाकडी गरी आफ्नो मालिकलाई खुसी पार्न प्रशंसा युक्त नाना शब्दहरू प्रयोग गरी संगितको सहारा लिइ भजन नै गर्छन् ।

भक्तहरू भजन गर्दा विभिन्न प्रकारका बाद्य साधनहरू प्रयोग गर्छन् । ती वाद्य साधनहरूबाट भक्तिभावपूर्ण आवाजहरू र मीठामिठा कर्णप्रिय स्वरहरू निस्कन्छन् । कोही तार बाद्यनका तानपुरा सितार, गीतार सारङ्गि प्रयोग गर्छन् । कोही ताल वादनका मृदङ्ग, ढोलक, नगडा, डमरू लालाखिं ई.बाट निस्केका आवाजहरूको साथ भजन गर्छन् । कोही करताल, कोही घुम्गारूयुक्त चिम्टा बजाँउ छन् । कोही कुनै साज साधन विना आफ्नो दुईहातका हतकेलाहरू प्रयोग गरि विभिन्न तालहरूमा तालि थपडी बजाएर भक्तिभाव प्रकट गर्छन् ।

भक्तहरू मात्र होइन स्वयं देव देवीहरू पनि संगितमा नै रमाइ रहेका र तिनीहरू पनि आ-आफ्ना आराध्य देवको भक्तभै तपस्या वा साधना गरिरेहेका, नाचिरहेका, गायक भई गीत संगित प्रयोग गरी रहेको कुरा हाम्रा धर्म शास्त्रका ग्रन्थहरू, कथा पुराणमा वर्णन गरिएका उदाहरणहरू पाइन्छन् । सगुण साकार स्वरूप ईश्वरका मूर्तिहरू, चित्रहरूमा प्राय सबै देवताहरूले कुनै न कुनै संङ्गीतसँगसम्वन्धि वाद्यय साधनहरू युक्त भई आनन्दित भइरहेका देखिन्छन् । शिवजीले डमरू बजाएको, नारायणले शंख फुकेको, देवीहरूले घण्टा बजाएको,



Scanned with CamScanner

सरस्वतीले विणा बजाएको, श्री कृष्णले बाँसुरी बजाएको, नारद ऋषिले पनि विणा नै बोकेर गान बजान गरिरहेको चित्र देखिन्छ ।

यसैगरी हामीहरू पनि आफूले प्रयोग गर्न जानेका वाद्य साधनहरू हार्मोनियम, तबला किवोर्ड, ड्रम लगायतका नाना प्रकारका साधन प्रयोग गरी भक्ति भावपूर्वक सङ्गीतमय भजन गर्छौं । भक्त पनि आफ्नो ईश्वरको अगाडी संतीतमै रमाउँछन् ।

हाम्रा प्राचीन धर्म ग्रन्थ सामवेदमा ऋषिहरूले गरिने चार किसिमका गान मन्त्र रचना भएको मानिन्छन् । सामवेद नै गीत-संगितको आधार हो । संगितका सात स्वरहरू सा रे ग म प ध नि बैदिक कालमै विकसित भैसकेका थिए । ग्राम, मूर्छना, तान, धारा, राग स्थायी, अन्तरा आदि सबैको उद्गम स्थल आधार ग्रन्थ सामवेद नै हो भन्न सकिन्छ । गीत संगितले मानवीय संवेदनालाई झङ्कृत गराउँछ । शब्दले व्यक्त गर्न नसकेको अनुभूतिलाई संगितको भाषाले व्यक्त गर्दछ । बाद्य यन्त्रको ताल स्वरमा सर्प नचाइन्छन् । संगितको प्रभावले ढुङ्गा टुसाएको, पग्लिएको, चकमन्न सफा आकाशमा तत्काल वादल छाएर पानी वर्षेको दीप प्रज्वलन भएको जस्ता अनेकौं आश्चर्यपूर्ण कुराहरू पनि हामीले सुन्दै आएका छौं । पशुपंछि बनस्पति जगतमा समेत संगितले उत्पादन बृद्धि भएको समाचारहरू पनि आइरहेका छन् ।

मानिसहरूलाई विभिन्न प्रकारका शारीरिक मानसिक रोगहरू लाग्छन् । रोग लागेपछि रोगबाट हुने पीडा दुःखबाट छुटकारा पाउन अनेकौं उपायहरू गर्छन् । कविराज बैद्यहरूले आयुर्वेदको आधारमा काष्टादी, रसादी औषधीहरू प्रयोग गरी उपचार गरिन्छ भने आधुनिक समयमा मेडिकल साइन्सको आधारमा विभिन्न यन्त्रहरू प्रयोग गरी चीरफार-अपरेशन रासायनिक औषधिहरू प्रयोग गरी उपचार गरिन्छ । तर हस्पिटल, प्राइभेट मेडिकल क्लिनिक, नर्सिङ्ग होममा विशेषज्ञ डाक्टरहरूको चर्को फिस र महंगा औषधीहरूको मूल्य तिरेर उपचार गर्न गरिब आम जनताको लागि सहज छैन । त्यस्ता व्यक्तिहरूको लागि संगीत उपचार एउटा ठूलो उपयोगी साधन हुन सक्छ ।

भक्ति र भक्ति संगीतको उपयोगितको वर्णन क्रममा एउटा अर्को पक्ष विभिन्न रोग निवारणको लागि संगीत उपचार पनि एउटा सरल र सुलभ उपचारको रूपमा देखा परेको छ । हाम्रो देश नेपालमा संगीत शास्त्रमा संगितद्धारा



Scanned with CamScanner

उपचार पद्धति वर्णन गरिएको भएता पनि संगीत उपचार खासै शुरु भइसकेको छैन । तर युरोप अमेरिका लगायत पश्चिमी मुलुकमा चीन, जापान जस्ता विकसित देशमा पनि यसले आफ्नो महत्वपूर्ण स्थान लिइ सकेको छ । धेरै परिश्रम गरी थकाइ लागेकाहरू, विभिन्न कारणले तनाव ले सताएका विरामीहरूलाई मधुर संगितको धुनले धेरै फाइदा गर्छ । ऋतु, समय र रोगहरूको पहिचान गरी विभिन्न रोग रागिनीहरू प्रयोग गरी उपचार समेत भएका उदाहरणहरू प्रकाशमा आएको छ । यस सम्बन्धमा आवश्यक परेका व्यक्तिहरूले यस लेखकलाई सम्पर्क राखि संगित उपचारहरूबाट फाइदा लिन सकिन्छ । यूरोप, अमेरिका लगायतका विकसित देशहरूमा संगित उपचार व्यापक हुँदै गएको छ ।

अन्तमा, यसरी संगित भक्तको भक्ति मार्गमा सहायक, भगवानहरूले पनि संगित गाएका वाद्यवादक थिए, संगितको प्रभाव वनस्पति जगतमा, परेको संगीत तनाव आदि रोगको उपचारको लागि प्रयोग हुने भएकोले संगितलाई संसार भरिनै विश्व भाषाको रूपमा मानिएको छ ।

■■■



Scanned with CamScanner

# मेरो जीवनको एक दिन

**-डा. इन्दुल के.सी.-**

आजभन्दा बाउन्न वर्ष पहिले २०२६ सालमा एकदिन मेरो परिवारमा घटित घटना आज २०७४ मा याद आयो । उक्त घटना बारे आज सम्झनामा जे आयो त्यो एक यथार्थ हो । यसमा कुनै काल्पनिक या आधारहीन कुनै कुरा छैन ।

भक्तपुर नगरपालिका ४ मङ्गलाछें टोल जहाँ म जन्मे हुर्के जुन घरैबाट २०२४ साल आषाढ महिनामा टोलका छरछिमेकी दाजुभाइ इष्टमित्र सबैलाई वरियातीको रूपमा लगी ललितपुर मानभवनका बृगेडियर जनरल श्री लक्ष्मी शमशेर जङ्गबहादुर राणाकी छोरी सुश्री सावित्री राणालाई हिन्दु संस्कार अनुसार कन्यादान मागी विवाह गरी श्रीमतीको रूपमा मेरो घरमा प्रवेश गराएकी थिएँ । तिनैको कोखबाट मेरी पहिली पुत्री रजनी के.सी. जन्मेकी थिइन् । जुन त्यतिवेला दुईवर्षे सानी केटी थिइन् र एक वर्षको मेरो छोरो उज्वल के.सी. एकहत्तर वर्षकी मेरी आमा शेरकुमारी तथा मेरो सहोदर भाइ बलराम के.सी. समेत जम्मा ६ जनाको निम्न आर्थिक अवस्थाको मेरो परिवार थियो ।

एकदिन एकाविहान सबेरै मेरी श्रीमती सावित्रीलाई अति रक्तस्रावका कारणले फुस्रो नीलो र बोल्नलाई पनि कठिन स्थितिमा आया आया भनेर छटपटाइरहेको मैले पाएँ । घर वरिपरीका छिमेकी दिदी भाउजुहरूलाई सहयोगको याचना गर्दै घटनको विवरण सुनाउन पुगेँ । तत्काल मेरो घरमा भेला हुन आउनु भएका तीनचार जना महिलाको सल्लाह अनुसार मेरी श्रीमतीलाई अस्पताल लैजानु पर्ने अन्यथा ज्यानको जोखिम हुने जानकारी पाएँ । आमाले 'बाबु तुरून्तै तिम्रो दुलहीलाई अस्पताल लैजाऊ' भन्ने आज्ञा पाएँ । भिसमिसे अलिअति उज्यालो मात्र भएको त्यो समय म दौडेर भक्तपुर इताछें टोलको देव दाइ बाटी जसको चिया पसलको व्यवसायको साथै आफ्नो सानो ट्याक्सी गाडी पनि आफै हाक्नु हुन्थ्यो । मैले तत्काल गाडीबाट मेरी श्रीमतीलाई अस्पताल पुऱ्याइ



CamScanner

दिन आग्रह गरें । उहाँले आफ्नो मुखसम्म पनि नधोइ आफ्नो गाडी मेरो चोक छेउसम्म ल्याउनु भयो । अचेत अवस्थामा रहेकी मेरी श्रीमतीलाई त्यहा भेला भएका तीनचार जना महिला र म स्वयमले बोकेर गाडीसम्म पुऱ्याएँ । देब दाइले तुरन्तै गाडी भक्तपुर अस्पतालमा पुऱ्याउनु भयो । इमर्जेन्सी अवस्थामा रहेकी विरामीलाई तत्कालीन मेडिकल डाक्टर त्रिभुवनानन्द वैद्यले जाँच्नुभयो र एउटा ग्लुकोज सलाईन दिनुभयो र मैले नजानेका केही औषधी पनि अस्पतालकै तर्फबाट पिलाउनु भयो ।

विरामीको अवस्था केही सुधार भएको आभाष मिल्यो । उक्त डाक्टरले मलाई भन्नुभयो 'इन्दुल तिम्रो श्रीमतीलाई रगत दिनुपर्ने आवश्यक्ता छ तर यस अस्पतालमा रगत दिने व्यवस्था नभएको हुँदा तत्काल बीर अस्पतालमा लैजानू' भन्ने सल्लाह दिनु भयो । साथै विरामी बीर अस्पताल रेफरको पत्र पनि थमाउनु भयो । त्यो बेला रगत दिने भनेको के हो ? रगत पाइने स्रोत के हो ? सो सम्वन्धी जानकारी मसँग थिएन । त्यसैले मैले डाक्टरसँग रगत कहाँबाट प्राप्त गर्ने ? पैसा लाग्ने नलाग्ने, लागे कति लाग्ने भनेर मैले सोधेँ । उहाँले मलाई बताउनु भयो -'यो मैले लेखेको रेफर पत्र लिएर त्यहाँको इमर्जेन्सी वार्डमा पुऱ्याउनु । तत्काल विरामीको रगत समूह जाँचिने छ र सो समूहको रगत प्रति पिन्ट एकसय बीस रूपैयाँमा किन्नु पर्ने छ । ' मैले आफ्नो खल्ती छामे, मसँग त्यतिवेला केवल साठी रूपैयाँमात्र थियो । त्यति रूपैयाले न त मैले विरामीलाई काठमाडौँमै पुऱ्याउन सक्थे न त रगत किन्नलाई नै त्यो रकम पर्याप्त थियो ।

मैले लाजै नमानिकन डाक्टर त्रिभुवनानन्द बैद्यलाई भने - 'डाक्टर साहेब अहिले मसँग साठी रूपैयाँ मात्र छ । विरामीको अवस्था गम्भीर छ घरमा पुगी छरछिमेकीसँग सापटी लिने अवस्था पनि छैन । त्यसैले के तपाई नै मलाई केही रकम सापटी दिन सक्नुहुन्छ ?' तत्काल डाक्टर साहेबले मलाई रू. तीनसय सापट दिनुभयो र भन्नुभयो-'ढिलो नगर्नू विरामीलाई सकभर छिटो बीरअस्पताल पुऱ्याउनू' त्यो बेला भक्तपुर अस्पतालमा एम्बुलेन्सको व्यवस्था पनि थिएन । मैले श्रीमतीलाई अस्पताल लगेको देब दाइ र उहाँको गाडी स्टायण्डबाई नै थियो । देबदाइलाई मैले अनुरोध गरे । मेरी श्रीमतीलाई छिट्टै बीर अस्पताल पुऱ्याइ दिनुस् । उहाँले कुनै आनाकानि गर्नु भएन । मेरी श्रीमती र मलाई हुइक्याएर देवदाइले आधाघण्टमा बीर अस्पतालको इमर्जेन्सी वार्डमा पुऱ्याउनु भयो ।



Scanned with CamScanner

इमर्जेन्सी वार्डमा खबर गरे पछि त्यहाँका कर्मचारीहरूले इस्टेचरमा राखेर मेरी श्रीमतीलाई भित्र पुऱ्याए। ड्युटीमा रहनु भएका डाक्टर र केही नर्सहरूले के के जाँच्नुभयो ? के गर्नु भयो ? मलाई केही थाहा थिएन। त्यहाँ पनि अर्को सलाइन दिन थाल्नुभयो र 'तपाईंकी श्रीमतीको रगत ओ पोजेटिभ हो, त्यो समूहको रगत दुईपिन्ट तुरून्त किनेर ल्याउनुस्।' मलाई थाहा थिएन रगत पसल कहाँ छ ? मेरो प्रश्नको जवाफमा ती नर्स बहिनीहरूले मलाई बताइन् - 'त्यहाँ बाहिर जानुस् यो कागत देखाएर ओ पोजेटिभको रगत चाहियो भन्नुस्। ओ पोजेटिभ रगत भएको व्यक्तिलाई भित्र लिएर आउनुस्।' नर्सको सल्लाह अनुसार म बाहिर गएँ र भने 'यहाँ ओ पोजिटिभ रगत भएको को हुनुहुन्छ ?' 'म छु, म छु' भन्दै तीनचार जना मेरा अगाडी दौडदै आइपुगे। त्यसमध्येका दुईजनालाई भित्र लगे र मेरी श्रीमती रहेको बेडको छेउमा उभिएका डाक्टरको अगाडी पुऱ्याएँ।

डाक्टरले नर्सहरूलाई 'उहाँहरू दुईजनाको रगत जाँचेर् मिलेछ भने एक एक पिन्ट भिक्नु भनेर अऱ्हाउनु भयो। संयोगवस दुबैको रगत मेरो श्रीमतीको रगतसँग मिल्दो रहेछ। दुबैलाई शुल्क बुझाएँ। नर्सले दुबैको रगत भिक्यो। तत्काल त्यो रगत मेरी श्रीमतीको शरीरमा एक एक पिन्ट गरी चढाइयो। फेरि मलाई डाक्टरले भोल र तात्तातो दाल लिएर आउनुस् भनी अऱ्हाउनु भयो। उहाँको निर्देशन अनुसार मैले किनेर लगेको दाल नर्सहरूले चम्चाले श्रीमतीको मुखमा हाल्दै पिलाउनु भयो। समय यतिन्जेलसम्ममा विहानको साढे नौ बजिसकेको थियो। डाक्टरले भन्नुभयो - 'तपाईंकी श्रीमतीलाई अब यहाँ भर्ना गर्नुपर्छ। उहाँ खतरामुक्त भइसक्नु भयो। अब दिउँसोसम्ममा अरू दुई पिन्ट रगत आवश्यक पर्न सक्नेछ।' त्यतिन्जेलसम्ममा डाक्टरले लेखि दिएका केही औषधी पनि मैले खरिद गरिसकेको थिएँ। मेरो खल्तीमा अब रू. बीसमात्र बाँकी थियो। ती नर्सहरूले मलाई भन्नुभयो - 'तपाईसँग विरामी कुर्ने अर्को मान्छे को छ ?' मैले जवाफ दिएँ - 'हाल मसँग कोही छैन। म एक्लै आएको, आवश्यक परे भक्तपुर गएर कुरूवा बोलाएर ल्याउने छु।'

नर्सहरूले भन्नुभयो - 'तपाई पीर नगर्नुस्, तपाईले मुख पनि धुनु भएको रहेनछ। अब हामी हेर्छौं। गएर चियासिया खानुस् र गएर कुरूवा लिएर आउनुस्।' त्यतिखेर घरमा खवर गर्न फोनको व्यवस्था पनि थिएन त्यसैले मैले मेरो भाइ बलरामलाई कुनै खवर गर्न पाइएन। नर्स बहिनीहरूलाई मेरी

श्रीमतीलाई म नफर्कुन्जेल स्याहार गर्न आग्रह गरें र सहयोगका लागि धन्यवाद दिएँ । नर्स बहिनीहरूले 'तपाई धन्दा नमान्नुस्, निश्चिन्त भएर जानूस्, तपाई नफर्कनु भएसम्म हामी हेरिदिन्छौं ।'

म बीर अस्पतालबाट बाहिर निस्कें । अस्पतालको बाहिर पेटीमा मेरा मित्र तत्कालीन शाखा अधिकृत श्री विदुर के.सी. सिंहदरवार कार्यालय जानका लागि हिड्दै आइरहनु भएको भेटैं । विदुरजीले मलाई सोध्नुभयो - 'यतिबेलासम्म कार्यालय नगइ यहाँ किन इन्दुल ?' मैले विहानदेखीको घटनाक्रमलाई संक्षिप्तमा सुनाएँ । 'श्रीमती अस्पतालमा भर्ना गरिएको छ तर मेरो खल्तीमा अब बीस रूपैया मात्र छ के तपाई केही रकम सापटी दिन सक्नुहुन्छ ?' उहाँले मलाई आफ्नो गोजी छामछुम गरी रू. एकसय दिनुभयो । विदुरजीलाई धन्यबाद दिंदै म रत्नपार्क नजिकको भक्तपुर बसपार्कमा आएँ । बस चढी भक्तपुरका लागि गुडें । मलाई याद छ त्यतिबेला घरमा पनि मसँग अरू कुनै रकम जगेडा छैन । सरासर टोलमा पुगी कपडा पसल चलाइरहेका मेरा मित्र शम्भुराम श्रेष्ठलाई सारा कथा सुनाएँ । तत्काल उहाँले मलाई सापटी स्वरूप रू एक हजार दिनुभयो । घरमा गएर मैले आमा र भाइलाई सम्पूर्ण घटनाको विवरण सुनाएँ । मुख धोई एक गाँस भात खाएँ । तत्काल मेरा भाउजु नाताका एकजना महिलालाई लिएर इताछेँमा गइ देब बाटीजीलाई गाडीको भाडा बुझाउन गएँ । उहाँले किन आजै दिनु पर्‍यो ? भोलिपर्सी दिंदा पनि त हुन्छ' भन्नुभयो । त्यसपछि भक्तपुर अस्पताल पुगी डाक्टर त्रिभुवनानन्द बैद्यको रू तीनसय पनि बुझाउन गएँ । उहाँले पनि ' आजै किन भोलिपर्सी दिए पनि त हुन्थ्यो इन्दुल भन्नुभयाो र विरामीको हालचाल सोध्नुभयो । सबै कुरो बताएँ । मेरी भाउजू र म तत्काल भक्तपुर बस पार्कबाट बस चढी बीर अस्पताल पुगें । इमजेन्सी वार्डमा पुगी हेर्दा मैले मेरी श्रीमतीलाई देखिन । म अलिकति आँतिएँ । विहानका नर्सहरू पनि देखा परेनन् । उहाँहरू आफ्नो ड्युटी सिध्याएर गइसक्नु भएको रहेछ । मैले ड्युटीमा रहेका नर्सहरूसँग विहानदेखिको बेलीविस्तार लगाएर सोधें । उहाँहरूले मेरी श्रीमती अब जनरल वार्डमा सिफ्ट भइसकेको जानकारी पाएँ ।

तत्काल मेरी भाउजू र म मेरी श्रीमती रहेको वार्डमा पुगें । श्रीमतीलाई देखें । श्रीमतीको अवस्था विहानको भन्दा निकै सुधारिएको केही बोल्न सक्ने

अवस्थामा पाएँ । अस्पतालकै विहानको खाना खाइसकेकी रहिछन् । त्यहाँका नर्सहरूले मलाई पुन अर्को चिट दिनुभयो। अर्को दुई पिन्ट रगत तुरून्तै ल्याउने र विरामीलाई तागतिला जुसहरू जे खुवाए पनि हुन्छ भन्नु भयो र मैले विहानकै तरिकाबाट दुईपिन्ट रगत र केही जुस नर्सलाई उपलब्ध गराएँ। मेरी भाउजु र मैले विरामी कुरूवाका रूपमा त्यस रात बीर अस्पतालमै बिताएँ। त्यस वार्डभित्र पुरूष बस्न नमिल्ने भएकोले त्यस रात मेरो बीरअस्पतालको बाटोमा राखिएको बेञ्चमा बित्यो ।

■■■



Scanned with CamScanner

# महाभुकम्पको अनुभव

**-डा. इन्दुल के.सी.-**

२०७२ वैशाख १२ गते काठमाण्डौको खुलामञ्चमा रामदेव बाबाको योग शिविर चलिरहेको थियो। त्यहाँ देश-विदेशबाट हजारौंको सङ्ख्यामा मानिसहरूको सहभागिता थियो। त्यस खुल्ला सभामा म त्यति नजिकै रहेको मान्छे नजान्ने भन्ने त कुरै थिएन, किनकि रामदेवको योग शिविरसँग मिल्दोजुल्दो मेरो पनि योग उपचार पद्धति थियो। त्यही भएर पनि म रामदेवको उक्त खुल्ला शिविरमा बिहान सहभागी हुन गएको थिएँ। खुल्ला शिविरमा बिहान सहभागी भएपछि दिउँसो म स्वयम्भूको पश्चिमतर्फ स्थिति मेरी धर्मपुत्री चम्पा लामाको डेरामा पुगेको थिएँ।

धर्मबुवाको हैसियतले म भनेपछि उनमा माया र श्रद्धा पनि त्यत्तिकै थियो। उनलाई टाउको दुःख्ने गरेको (माइग्रेन) छ। त्यसले तिनलाई उपचार गर्ने सिलसिलामा म त्यहाँ पुगेको थिएँ। त्यस घरमा चम्पालगायत थुप्रै मान्छेहरू डेरा गरी बस्दथे। किनकि त्यो घर नै ठूलो थियो। उनले म पुगेपछि एकछिन गफगाफ हुँदाहुँदै मलाई चिया खुवाउन ग्याँस स्टोभमा किट्ली बसालिन्। चिया बसालेर चिया के उम्लन मात्र लागेको थियो ठूलो भूकम्प आउन थाल्यो। कोही 'गुहार गुहार' भनिरहेका थिए भने कोही-कोही 'ऐया! ऐया!' भन्दै चिच्याइरहेका थिए। चम्पा छोरी डराएर बलिरहेको ग्याँस निभाउनसमेत सकिनन्। त्यहाँ कोठामा भएका दराज, टिभि र अन्य लड्ने कुराहरू लडेर गुड्दै कोठा समेत कहालीलाग्दो हुन गयो। उनको डेराकोठा एकतलामाथि थियो। त्यसपछि उनलाई मैले कोठाको ढोका मुनिसम्म पुऱ्याउन सफल भएँ। उनी डरले मलाई बुबा भन्दै च्यापिन आइन्। त्यहाँ उनको सहारा भनेको केवल म मात्रै थिएँ।

त्यसपछि त्यही घरमा डेरा गरी बस्ने एक अर्की महिला पनि उनकी एक सानी छोरी काखी च्याप्दै सहायताका लागि मलाई नै समात्न आइपुगिन्। करिब



Scanned with CamScanner

१० मिनेटजति म त्यही नै बसेँ । त्यसपश्चात मैले चम्पालाई धकलेर जबरजस्ती ग्याँसको स्टोभ निभाउन लगाएँ । त्यसबीचमा भूकम्पका पराकम्पहरू त कति आए-आए, थाहा नै भएन । त्यसपछि बल्लतल्ल त्यहाँबाट तल ओर्लिए ।

चम्पाले त आफ्नो बुबा (मेरो) को प्रसंशा नगर्ने कुरै भएन, त्यहाँ जम्मा भएका अन्य मानिसहरूले समेत मेरो खुब प्रसंशा गरे । त्यहाँ हेर्दाहेर्दै नजिकैको एउटा चर्चमा कति मान्छे मरे, थाहै भएन, तर पछि त्यस चर्चमा ४७ जनाको ज्यान गएको भनियो ।

ती भयानक दृश्यहरू देखेपछि त झन् मलाई अब मेरो घर (भक्तपुर) जान आतुर भएँ । किनभने मेरो घरपरिवारमा के भयो होला ? अनि मेरो घर के भयो होला ? मलाई अत्यन्तै छटपटी भयो । त्यहाँ चारैतिर धेरै घरहरू ढलिसकेपछि झन् मेरो हंसले ठाउँ नै छोड्यो । म भक्तपुर जान मूल सडक चक्रपथमा निस्किएँ । मूल सडकबाट हेर्दा पनि वरिपरिका धेरै घरहरू ढलिसकेका रहेछन् । यातायातका साधन पब्लिक गाडीहरू सबै जसो बन्द भइसकेका थिए । सम्पर्कका माध्यम मोवाइलहरू पनि बन्द भइसकेका थिए । १-२ वटा निजी गाडीहरू मात्र चलिरहेका थिए । ३-४ वटा गाडीहरूमा लिफ्ट माग्न रोक्दा पनि तिनीहरूले नरोकेपछि बल्ल-बल्ल एउटा स्थानीय महानुभावले मेरो हालत देखेर सहयोगका लागि गुडिरहेको गाडीलाई जबरजस्ती रोक्न लगाई मलाई कलङ्कीसम्म जान सहयोग गरिदिए । त्यो गाडी थानकोट जाने रहेछ ।

अब कलङ्कीबाट भक्तपुर आउनका लागि कैयन् सवारी साधनहरूलाई रोक्दा कसैले पनि रोकेनन् । बल्ल-बल्ल एउटा मोटरसाईकललाई रोकेर लिफ्ट लिएँ । उनी आफ्नो घरको रेखदेख गरी आफ्नो सुन्धाराको अफिस के भयो भनेर अफिस हेर्न हिँडेका रहेछन् । उनीसँग आउँदा आउँदै त्रिपुरेश्वरमा आइपुगेपछि फेरी भूकम्प आयो । उनले आफ्नो सुन्धाराको अफिस जाने कुरालाई त्यागेर तत्काल आफ्ना दाजु-भाउजूको घर भक्तपुर गट्ठाघर जान खोजेको तर नपुग्दै बीचमा पुग्दा त्यहाँको बाटो पूरै गाडी नै चलाउन अवरोध हुने गरी सडक भाँसिएको देखियो । उनको दाजुको घरमा भाउजूले भूकम्प अगाडी पकाएको चिया दिइन् । चिया खाइसकेपछि हामी दुई जना नै त्यहाँबाट निस्कियौं । तर त्यहाँ अरू गाडीहरू चलेको नदेखेपछि मैले उनलाई आफ्नो घरसम्म पुऱ्याउन अनुरोध गरेँ । मलाई उनले मेरै घरसम्म पुऱ्याइदिए । म घर पुग्दा मेरो श्रीमती



Scanned with CamScanner

तथा टोलभरिका अन्य सवै व्यक्तिहरू सुरक्षित स्थानमा बसिसकेका रहेछन् । मलाई देखेर खुसी भए किनभने त्यतिबेलासम्म म 'कहाँ गयो होला, के भयो होला ?' भन्ने कुराले सबैलाई सताएको रहेछ । मलाई घरसम्म पुऱ्याउने महानुभावलाई उनको रोगसँग सम्बन्धित सरल प्राकृतिक उपचार विधि र अपनाउनुपर्ने तरिका सबै सिकाइदिएपछि उनले मलाई धन्यवाद दिए र मैले पनि धन्यवाद दिएँ । उनी विदा भए ।

२०७२ साल बैशाख २९ गतेको भूकम्पमा म मकवानपुर जिल्लाको हेटौडा बुद्धचोकस्थित श्री तुलसी गिरीको सञ्जिवनी क्लिनिकमा थिएँ । त्यो क्लिनिकमा २५-३० जना मान्छेहरू उपचारका लागि आइरहेका थिए । त्यतिबेला नै भूकम्प आएपछि सो क्लिनिकमा रहेका सवै मानिसहरू र त्यो घरमा बस्ने अरू मानिसहरू पनि आँत्तिदै आ-आफ्नै सुरक्षार्थ एकले अर्काको परवाह नगरी सो घरको सानो भऱ्याङको बाटो भएर लछारपछार गरी बाहिर निस्किरहेका थिए । म आफू त्यस्तो त्रासदीपूर्ण दृश्य देख्दादेख्दै पनि आफ्नो मनोबललाई उच्च राखी सबै निस्केपछि मात्र जाने निधो गरेँ । त्यहीबेला पहिलेको भयावह दृश्यभन्दा पनि अर्को दर्दनाक दृश्य मेरो सामु आइपुग्यो । एउटी हिँड्न पनि नसक्ने जेष्ठ महिलालाई उनकी आफन्त एक युवतीले टाउको भऱ्याङको सिडीहरूमा बजार्दै ओराल्दै रहेछन् । वृद्ध महिलाको टाउको सिँढीमा बजारेकाले 'ऐया ऐया' भनी चिच्याउँदै थिइन् । उक्त युवतीलाई त्यसो गर्नबाट मैले रोकेँ । आफूले ती बृद्धको एकातिरको पाखुरामा समाई अर्को पाखुरामा उक्त युवतीलाई समाउन लगाई सकिनसकी भऱ्याङबाट ओरालेर सुरक्षित स्थानमा पुऱ्याएँ ।

*साभारः शारदा पत्रिकाबाट*

■■■



CamScanner

# श्री वाराही पीठ विकास समिति भक्तपुरको संक्षिप्त इतिहास

**-डा. इन्दुल के.सी.-**

भक्तपुरका विभिन्न स्थानमा रहेका आठ ओटा शक्ति पीठहरू मध्ये यात्ती अजिमा- श्री वाराही पीठ, भक्तपुर नगरको दक्षिणी भेगमा अवस्थित छ । यस पवित्र पीठमा प्रत्येक दिन सयौं भक्तजनहरू श्रद्धापूर्वक देवीको दर्शन, पूजाआजाको लागि घुइचो लाग्ने गर्दछन् । यहाँ वाराही मन्दिरको उत्तरतर्फ कलात्मक ढुगेधारा, तथा बेकोफल्चा र सडकको पूर्वी भागमा अति कलात्मक बखुंझ्या सहितको जोन्छे सत्तल र वरिपरि पत्येक दिन विहान ख्यो दाफा भजन, मन्दिरको दक्षिण भागमा श्री वाराही पीठ ढल्चा भजन र पूर्वउत्तरमा जोन्छे सतलको पाटीमा श्री वाराही पीठ रास भजन मण्डलद्वारा नित्य बिहान भक्तजनहरूले बाजागाजाका साथ भजन गर्ने गर्दछन् ।

वाराही पीठ विकास समितिको स्थापना गर्नुपर्ने आवश्यक्ताको मूल कारण उल्लेखित जोन्छे सतल मर्मत संम्भार हुन नसकी जीर्ण भई वर्षातमा पानी चुहीन थाल्यो । उक्त रास भजनमा प्रयोग हुने वाद्य साधनहरू हार्मोनियम, तबला, भजनका किताबहरू) समेत नोक्सान हुन गयो । तसर्थ त्यस सतल जीर्णोद्धारको लागि सम्बन्धित दाताहरूले वेवास्ता गरिएकोले स्थानिय भक्तजनहरूको प्रयासमा उक्त सतल जीर्णोधार गर्ने र यस वाराही पीठ क्षेत्रमा रहेका अन्य मठ-मन्दिर, पाटी पौवाहरूको मर्मत गर्ने साथै यस क्षेत्रमा विविध धार्मिक, शिक्षा, स्वास्थ्य लगायतका सेवा प्रदान गर्न एउटा संस्था खडा हुन जरूरत परेको कुरा मैले सम्बन्धित क्षेत्रका महानुभावहरूलाई भन्दा मलाई नै यो संस्थाको लागि आवश्यक विधान मसौदा तयार गर्ने जिम्मेवारी दिइयो । म एक कानुन विषयका विद्यार्थी एवं अधिवक्ता समेत भएको कारणले मलार्य विधानको मसौदा तयार गर्ने कार्य सम्पिएको हुनुपर्छ । मलाई सुम्पिएको उक्त कार्य सम्पन्न गर्न मैले धेरै मेहतन गर्नु परेको थियो । उक्त विधानमा आवश्यक प्रस्तावनाका साथै ८ वटा परिक्षद



Scanned with CamScanner

एवं ५५ वटा विभिन्न धाराहरूको मस्यौदा मैले तयार गरिदिएँ । सोही विधानको मस्यौदालाई तत्कालीन वाराही पीठ विकास समितको तदर्थ कार्यसमितिले स्वीकृत गरिएको र सामाजिक संस्था ऐन मुताबिक स्थानीय जिल्ला प्रशासनमा दर्ता भयो । सोही विधान हालसम्म यथावत लागू भएरहेको छ । २०५५ सालमा निर्मित विधानमा वर्तमान समयमा केही संशोधन गर्नुपर्ने आवश्यक्ता हुन आएको छ ।

सो विधानमा यस समितको उद्देश्यहरू निम्नअनुसार रहेका छन्:

क) श्री वाराही पीठ क्षेत्र संरक्षण र संवर्धन गर्ने ।

ख) यस क्षेत्रका परम्परा देखि चलि आएको पूजा आजा विभिन्न पर्व, जात्रा, भजनहरूलाई अक्षुन राख्ने ।

ग) श्री वाराही पीठ क्षेत्र भित्रको मन्दिर, पाटी, पौवा, सत्तल, टहरो, फूलवारी, धारा, बत्तीको सुरक्षा गर्ने ।

घ) विभिन्न दाताहबाट प्रदान भै रहेको एवं प्रदान हुने जिन्सी, नगदी, चल अचल सम्पति सुरक्षा गर्ने ।

ङ) मन्दिर क्षेत्र सरसफाई एवं सुरक्षाको व्यवस्था मिलाउने ।

उक्त वाराही पीठ विकास समिति स्थापना कालदेखि वि. सं. २०६१ सालसम्म यस समितिका सदस्य सचिवको हैसियतले लगातार ७ वर्षसम्म मैले कार्य गर्ने मौका पाएँ । समितिका प्रथम अध्यक्ष श्री रत्न गोपाल सैंजू हुनुहुन्थ्यो । माथि उल्लेखित जोन्छे सत्तल जिर्णोद्वारको लागि तत्कालिन भक्तपुर नगर पालिकाबाट नक्सा ईष्टिमेट गर्दा रू. १६ लाख लागत लाग्ने भयो । साथै उक्त कार्यको लागि भ.न.पा.बाट रू.१० लाख अनुदान सहयोग भएको र समितिको अध्यक्षमा तत्कालीन न. पा का मेयर नै यस समितिको अध्यक्ष हुनुपर्ने न. पा को सुझाव अनुसार श्री रत्न गोपाल सैंजुज्यूलाई अध्यक्ष पदबाट हटाई उपाध्यक्ष बनाइयो । तत्कालिन मेयर स्व. ज्ञानबहादुर न्याईच्याईज्यूलाई अध्यक्ष बनाइयो ।

मेलै २०६१ सालमा आफ्नो सदस्य सचिवको पदबाट राजीनामा दिएँ । तत् पश्चात २०७१ सालसम्म मलाई समितिले सल्लाहकारको रूपमा चयन गरिए तापनि मैले कुनै बैठकमा उपस्थित भइन । यसरी २०७१ साल मंसिर २५ गतेसम्म यहाँ के कति कार्यहरू सम्पन्न भयो वा भएन सो कुरा पनि सम्पूर्ण



Scanned with CamScanner

टोलबासीहरूलाई जानकारी नै हुनुपर्छ । १० वर्ष पछि यस बाराही पीठका धेरै मानिसहरूको आग्रहलाई स्वीकार गरी सातौं महाधिवेशन भन्दा केही समय अघि विधान अनुरूप समितिको अध्यक्ष पदमा म निर्वाचित भएँ । आज यो आठौं साधारण सभामा सदस्य सचिव श्री विक्रम देउबन्जारज्यूले प्रस्तुत गर्नु भएको सचिवको प्रतिवेदन, कोषाध्यक्ष श्री अनन्त प्रसाद धौभडेलज्यूले प्रस्तुत गर्नु भइको आर्थिक प्रतिवेदन, लेखा परीक्षक श्री श्याम प्रसाद मुनकर्मीज्यूले प्रस्तुत गर्नु भएको अडिट रिपोर्टले यो साढे एक वर्ष भित्र मैले के कति कार्य सम्पन्न गर्न सफल भएँ उल्लेखित प्रतिवेदनहरूबाट नै स्पष्ट हुनेछ ।

श्री बाराही पीठको विकासको लागि गुरू योजना (मास्टर प्लान) तर्जुमा गर्ने सन्दर्भमा मैले उक्त गुरू योजनाको अवधारणा पत्र तयार गर्ने सो साधारण सभामा प्रस्तुत गरेको छु । यहाँ हालै सम्पन्न भएको विद्वान, पुरातत्वविद्, योजनाविद्, अर्थविद् आदि लगायतको सभामा मैले गुरू यो जनाको कार्य पत्रको रूपमा प्रस्तुत गरेको र सोही कार्यपत्रको आधारणमा भएको छलफल पश्चात गुरू योजनाको अवधारण पत्र तयार गर्ने निर्णय अनुरूप तयार गर्न म स्वयम्‌को अध्यक्षतामा गठित कमिटिका सदस्यहरू संयोजक श्री उत्तम नारायण मल्लज्यू, श्री लक्ष्मी नारायण ताम्राकारज्यू, ईन्जिनियर श्री तुल्सीलाल बासुकलाज्यु, सदस्य सचिव श्री विक्रम देउबन्जारज्यू समेतको संलग्नतामा तयार भएको रू. १३ करोड खर्चमा विभिन्न कार्य गरिने अवधारण पत्र समेत तयार भईसकेको छ । जसको पूर्ण विवरण निकट भविष्यमा प्रकाशित हुनेबाराही पीठ विकास समितिको स्मारिकामा समावेश हुनेछ ।

उक्त कन्सेप्ट पेपर अनुसार भावी कार्यक्रमको रूपरेखा, योजना, कार्यक्रम समेत तयार भई यस बाराही पीठ विकास समितिको कार्य समितिले स्वीकृत पनि गरिसकेको छ ।

२०७२ सालमा यसै बाराही पीठमा हालै निर्माण भएको वाद्य वादन संग्रालय- भवनको समुद्‌घाटन प्राध्यापक श्री श्रीराम आचार्यज्यूबाट सुसम्पन्न भइसकेको छ । लोप हुन लागेको हाम्रा विभिन्न बाजाहरू संरक्षण, सम्वर्द्धन एवम् विदेशीहरूको लागि विभिन्न प्रकारको वाद्य बादनको प्रयोग गरी विश्वमा समेत हाम्रा परम्परागत बाजागाजाको प्रचार प्रसार गर्ने, यसैको माध्यमबाट पनि बाराही पीठमा स्वदेशी एवम् विदेशी पर्यटकहरूको गन्तव्य स्थलका रूपमा



Scanned with CamScanner

विकास गर्ने उद्देश्यले यस वाद्यवादन संग्रालयमा विभिन्न दाताहरूबाट नौबाजा, दाफाभजन, ढल्चा भजन, रास भजन लगायतका भजनहरूमा प्रयोग गरिने विभिन्न वाद्य साधनहरू विभिन्न दाताहरूबाट सहयोग स्वरूप प्राप्त हुन आएको छ। यो क्रम भविष्यमा पनि जारी हुने छ भन्ने कुरामा म विश्वस्त छु।

२०७२ सालमा गएको महाभूकम्पले देहावशन भएका मृत आत्माहरूको चिरशान्तिको लागि यहाँ होम, पाठ, पूजा, तथा भजन किर्तन सम्मेलन आदि धार्मिक अनुस्ठानहरू भव्यताका साथ यहाँ सम्पन्न भइसकेको छ।

यहाँ श्री सीताराम साँगामी, श्री पूर्णभक्त अवाल, न्हेयसत्वाका जेष्ठ नागरिक द्वय, टोलका दुई जना बृद्ध नागरिकहरू, भक्तपुर विकास सहयोग संघका अध्यक्ष श्री कृष्णलाला प्रधान (उभाङ् थाछेंज्यू) र यसै न्हयेसत्वा भित्र निवास गर्ने श्री राम प्रसाद प्रजापतिज्यू समेतलाई यहाँ भव्य समाहरोमा दोसल्ला ओढाई सम्मान पत्र समेत प्रदान गरी सम्मान कार्यक्रम सम्मपन्न गरिसकेको छ।

यहाँ साँझमा संचालन गरिने नयाँ भजनको स्थापना, धार्मिक पुस्तकालय संचालनको शुरूवात आदिको यहाँहरूका माझ जानकारी दिन पाउँदा मलाई अति हर्ष लागेको छ। यी कार्यक्रमहरूको सफलताको लागि सरकारी, गैरसरकारी, स्थानीय व्यक्तिहरू, दाताहरू सबैको सहयोगमा उक्त कन्सेप्ट पेपर अनुसारको कार्य यथाशिघ्र पूरा होस् भन्ने  म श्री वाराही मातासँग प्रार्थना गर्दछु।

अन्तमा वर्तमान मेरो कार्यकालमा जे जति कार्य भयो, यसको लागि सहयोग गर्ने सम्पूर्ण सम्बन्धित महानुभावहरूलार्य म हृदयदेखि आभार व्यक्त गर्दछु। विश्वप्रख्यात भक्तपुरको विस्केट जात्रा शान्तिपूर्ण तरिकाले सु-सम्पन्न होस् भन्ने कामना पनि गर्दछु।

तत्कालिन समितिका पदाधिकारी अध्यक्ष एवं सदस्यहरूले वाराही पीठमा खेलिएको फोहोरी राजनीतिको कारण मैले सो बेला आफुनो पदबाट राजिनामा गरेको थिएँ। वि. सं. २०६१ सालदेखि २०७१ सालसम्म म यस समितिमा नरहँदा यस समितिबाट के कति कार्य गरियो मलाई जानकारी भएन।

*(साभार: श्री यात्ती अजिमा स्मारिका २०७३)*

■■■



Scanned with CamScanner

# योगका विविध आयाम

**-डा. इन्दुल के.सी.-**

योग तथा प्राकृतिक उपचार सम्पूर्ण मानव जातिहरूलाई स्वास्थ एवं सुखी जीवनयापनको माध्यम हो । योग शास्त्रको ग्रन्थ शिवसंहितामा सम्पूर्ण प्राणी मात्रको हितको लागि भगवान शीवजीले माता पार्वतीको जिज्ञासालाई मेटाउन ब्रम्हज्ञान र हठयोग साथै राजयोगका क्रियाहरूको चर्चा गर्नुभयो । यस संहिताको अध्ययन तथा मनन् गरी संसार सागरको दु:खबाट छुटकारा पाउने रहस्य यसमा पाईन्छ। यसै संहितामा योग साधना एवं अभ्यासगर्दा आईपर्ने अनेक विघ्नवाधाहरूलाई कसरी हटाउने र मोक्ष प्राप्त गर्न भोग नै एउटा प्रमुख बन्धन हो भन्ने कुराको सन्देश यस सहिताले दिएको पाइन्छ । उचित आसनमा बसेर अन्तरशुद्धिको लागि धौली क्रिया गर्नु, नाडी सञ्चालनको ज्ञान प्राप्त गर्नु, वायु प्रत्याहारको निरोध गर्नु, कुण्डलिनी ज्ञान प्राप्त गर्नु, आहारको आचार, बिचारका नियम पालन गर्नुपर्ने कुराको मार्गनिर्देशन यसै संहिताले दिएको छ । मन्त्रयोग, हठयोग, लययोग र राजयोगहरू एउटा योग्य गुरूद्वारा यसको सैद्धान्तिक र व्यवहारिक ज्ञान हासिल गर्नु योगाभ्यासीहरूका लागि अति आवश्यक मानिन्छ।

योगको सन्दर्भमा स्वामी विशुद्धदेवज्यूले रच्नु भएको चरित्र विज्ञान Charatarlogy) ग्रन्थमा योगको शास्त्रीय दर्शन र आधुनिक विज्ञानलाई समन्वय गरी 'मष्टिस्कमा समझदारी, काँधमा जिम्मेवारी, हृदयमा इमान्दरी' भन्ने मूल नाराका साथ सम्पूर्ण मानवलाई चरित्रवान बनाउन चरित्र निर्माण संघ नै स्थापना गरी नेपालमा आन भन्दा झण्डै ३० वर्ष अगाडीदेखि योगाभ्यासको प्रचारप्रसार गर्नुभएको कुरा यहाँ उल्लेख गर्नु सान्दर्भिक देखिन्छ ।

**अष्टाङ्ग योग:** तत्वज्ञान प्राप्त नभएसम्म मानिसहरूमा रहेको चित्तको विकारहरू समाप्त हुँदैन । यसैले योग दर्शनमा चित्तलाई स्थिर राख्न जोड दिएको पाईन्छ। 'योगस्थित चित्तवृत्ति निरोध' को व्याख्या महर्षि पतंजलिले गर्नुभएको छ।



CamScanner

वास्तवमा चित्तवृति निरोध भनेकै योग हो । योग मार्गका ८ वटा खुड्किलाहरू एउटा शुत्रबद्ध रूपमा निम्न अनुसार प्रस्तुत गरेको पाइन्छ ।

यम, नियम, आशन, प्राणायाम, प्रत्याहार, धारणा, ध्यान, समाधि यिनै आठवटा योगका अंगहरूलाई अष्टाङ्ग योग भनिन्छ । योग दर्शनलाई विभिन्न नामहरूले विषद् रूपमा चर्चा गरेको कुरा हाम्रा संस्कृत वाङमय वेद, उपवेद, उपनिषद्हरू पुराणहरू, गीता आदिमा योगकै बारेमा चर्चा गरिएको पाईन्छ । यसै क्रममा खप्तड स्वामीले धर्म विज्ञान नामक पुस्तकमा, ओशो रजनीशका अनेकौं प्रवचनहरूमा, बुद्धले दिनुभएको उपदेश ग्रन्थ त्रिपिटकमा, इसामसिहले दिनुभएको शिक्षा, इसाई धर्मग्रन्थ बाईबलमा, प्रजापिता ब्रम्हाकुमारी ईश्वरीय विद्यालयबाट प्रकाशित विभिन्न पुस्तकहरूमा, स्वामी रामदेवले योग बारेमा लेखेका अनेकौं पुस्तकहरूमा प्रत्यक्ष वा परोक्ष रूपमा योग विज्ञानको प्रकाश भएको पाईन्छ ।

Julie Friede Berger ले आफ्नो पुस्तक Office Yoga मा लेख्नुहुन्छ- Tackling tension with simple tecnic, you can do at you desk । अर्थात अति व्यस्त जीवनयापन गरिहेका व्यक्तिहरू आफ्नो कार्यालयको कुर्सीमा बसी केही छिन आफ्नो शरीरका अंगहरूलाई तन्काएर पनि शारिरीक तनाव कम गर्न सकिन्छ ।

**वैज्ञानिक योग**

जीवन सकारात्मक पक्षमा बदलन चाहनेहरूका लागि वैज्ञानिक योग नामक पुस्तकका लेखक डा. चेतनाथ अधिकारीले भोजन, सूक्ष्म व्यायाम, सूर्य नमस्कार, विभिन्न आसनहरू, षत्कर्म प्राणायमबारे चर्चा गरी वैज्ञानिक योगको नाम दिएका छन् ।

**योग गीता**

श्रीकृष्ण र अर्जुनको बीच कुरूक्षेत्रको रणभूमिमा भएको सम्वादमा ७०० वटा श्लोकहरू छन् । यी श्लोकहरूलाई १८ अध्यायहरूमा विभिन्न नामले विभक्त गरिएका छन् । जस्तै विषाद्योग, साङ्ख्य योग, कर्मयोग, ज्ञानयोग, कर्मसन्यास, योग, आत्मसंयम योग, ज्ञान-विज्ञान योग, अक्षर ब्रम्हयोग, राजविद्या राजयोग, गुह्य योग, विभूति योग, विश्व योग, गुणतन्त्र विभाग योग, पुरूषोत्तम योग, दैवासुर सम्पत विभाग योग, श्रद्धात्राय विभाग योग र मोक्ष सन्यास योग दिइएको छ । यसरी गीतामा विभिन्न नाम दिएर चर्चा गरिएका १८ वटै अध्यायहरूको



Scanned with CamScanner

महत्व वर्णतित छन् । विशेषगरी कर्म योग, ज्ञानयोग, भक्तियोग, मोक्ष सन्यास योग, योगाभ्यासीहरूले अध्ययन गर्नु उपयुक्त देखिन्छ ।

**कुचो योग**

